# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ३६, पूर्णाङ्क १३१ | २०७४ फागुन ९ गते बुधबार | Wednesday, 21 Feb 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## बन्दले परीक्षा स्थगित

■ रातो खबर संवाददाता/काठमाडौं

सरकारले नेकपाका राजनैतिक कार्यक्रममा हस्तक्षेप गरेपछि त्यसको प्रतिरोधमा सो पार्टीले मंगलवार नेपालबन्द आह्वान गर्दा त्यसको प्रभाव देशैभरि पऱ्यो। खासगरी पूर्वी नेपालका विभिन्न जिल्लाहरु एकाबिहानै रणभूमिमा परिणत भए। दिनभरिनै सवारी साधन तोडाफोड प्रदर्शन झडप र पक्राउका घटना भए। मोरङमा आज हुने भनिएको कक्षा दशको विज्ञान विषयको परिक्षा समेत स्थगित भएको छ। बन्दको दिन बिहानै खुलेका विद्यालयहरु केहीबेरमै धमाधम बन्द भएका थिए। यसैबिच जिल्ला अदालत ओखलढुंगाको बा १ झ ८१३८ नम्वरको गाडी काठमाडौंको बानेश्वरमा बन्दकर्ताहरुले आगजनी गरेका छन्।

## एमाले–माके एकता एक भद्दा प्रहसन

■ रातो खबर संवाददाता/काठमाडौं



गए राती अबेर गरेर नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का बीचमा पार्टी एकता गर्ने ७ बुँदेमा हस्ताक्षर भएको छ। उक्त सहमतिमा एमालेका तर्फबाट केपी ओली, झलनाथ खनाल, माधव नेपाल, वामदेव गौतम र ईश्वर पोखेल तथा माओवादी केन्द्रका तर्फबाट पुष्पकमल दाहाल उर्फ प्रचण्ड, नारायणकाजी र रामबहादुर थापाले हस्ताक्षर गरेका थिए। उनीहरूले पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी र मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद राख्ने निर्णय गरेका छन्।

विगतमा क्रान्तिकारी छवि बोकेका, एकले अर्कालाई उग्रवाम र दक्षिपन्थीको आरोप लगाउँदै आएका यी दुई पार्टीहरू आफ्नो सैद्धान्तिक धरातललाई छाडेर पार्टी एकता गर्ने ठाउँमा उभिएका छन्। ... बाँकी पृष्ठ ७ मा

# प्रतिरोधात्मक बन्द सफल नयाँ कार्यक्रमको घोषणा

■ रातो खबर संवाददाता/काठमाडौं

आफूलाई वाम भन्ने केपी ओली र प्रचण्डको सरकारले आफैले बनाएको संविधानले दिएको अधिकारलाई खिल्ली उडाउँदै नेपालका क्रान्तिकारीहरुमाथि दमन गरेर आफ्नो फासिस्ट चरित्र देखाएको छ। गत फागुन ६ गतेका दिन तत्कालीन राष्ट्रिय युवा जनस्वयं सेवक, नेपालले विराटनगरमा राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो। उक्त कार्यक्रमलाई सम्वोधन गर्नका लागि नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली, पोलिट ब्युरो सदस्य पदम राई लगायतका नेता कार्यकर्ता गाडीमा जाँदै गर्दा पुलिसले गिरफ्तार गर्नुका साथै शान्तिपूर्णरूपमा आयोजना गर्न लागिएको उद्घाटन सत्रमा बलात आक्रमण गरेको छ। आफ्नो नेता/कार्यकर्ताको गिरफ्तारी र शान्तिपूर्ण रूपमा आयोजना गरिएको कार्यक्रममाथि ओली सरकारको आक्रमणलाई लिएर नेपाल कम्युनिस्ट पार्टीले फागुन ८ गते नेपाल बन्दको आयोजना गरेको थियो। उक्त नेपाल बन्दलाई विभिन्न कम्युनिस्ट घटक, माओवादी केन्द्रमा रहेका क्रान्तिकारी माओवादी नेताहरुले समर्थन गर्नु भएको थियो।



**सङ्घर्षका कार्यक्रम**

- ९ गते कोण सभा
- १० अन्तरक्रिया
- ११ गते केपी ओलीको पुत्ला जलाउने
- १२ गते प्रदर्शन
- १३ गते देश व्यापी ठूलो कार्यक्रम

नेपाल बन्द शानदाररूपमा सफल भएको भन्दै नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवले ८ गते साँझ एक वक्तव्य निकाली बन्दलाई सहयोग, समर्थन गर्ने सबैलाई हार्दिक धन्यवाद दिनु भएको छ।

वक्तव्यमा उहाँले भन्नु भएको छ-"राज्य आतंक र ओली सरकारको दमन विरुद्ध आयोजित आजको नेपाल बन्द आम जनता, मित्र राजनैतिक शक्तिहरु र नेता कार्यकर्ताको समर्थन र सक्रियतामा शानदार ढङ्गले सफल भएको छ। बन्दलाई सफल पार्ने, साथ सहयोग गर्ने राजनैतिक पार्टी र आम जनतालाई हार्दिक आभारसहित धन्यवाद दिन चाहान्छौं।" उहाँले अगाडि भन्नुभएको छ-" बन्द सङ्घर्षमा सहभागी नेता कार्यकर्ताहरुलाई सयौंको संख्यामा गिरफ्तार गर्ने कार्य गरिएको छ। हामी ओली सरकारलाई पुनः चेतावनी दिन चाहान्छौं कि शान्तिपूर्ण कार्यक्रममा सहभागी स्थायी समिति सदस्य कमरेड सुदर्शन, पीबीएम कमरेड पदम राईलगायत बन्दका क्रममा गिरफ्तार पर्नुभएका सम्पूर्ण कमरेडहरुलाई यथाशिघ्र मुक्त गरियोस्। अन्यथा अझ सशक्त कार्यक्रमको घोषणासहित प्रतिरोध गरिने छ। सङ्घर्षबाट पैदा हुने परिस्थितिको जिम्मेवार ओली सरकार नै हुनुपर्ने छ।" कमरेड विप्लवले तत्कालका लागि नयाँ सङ्घर्षको कार्यक्रम पनि घोषणा गर्ने भएको छ। अहिले हालका लागि यही फागुन ९ गते देशव्यापी कोणसभा, १० गते अन्तरक्रिया, ११ गते केपी ओलीको पुत्ला जलाउने, १२ प्रदर्शन रहेको छ। यदि गिरफ्तार गरिएका आफ्ना नेता/कार्यकर्तालाई रिहा गरिएन भने थप सङ्घर्षका सशक्त कार्यक्रम घोषणा गरिने उक्त वक्तव्यमा जनाइएको छ।

## नेकपाका नेता पक्राउ र प्रहरी हस्तक्षेपको चौतर्फी विरोध

■ अम्बिका चन्द/काठमाडौं


नेकपा निकट राष्ट्रिय जनस्वयंसेवकको सम्मेलनमा प्रहरीले गरेको हस्तक्षेप र नेकपाका नेताकार्यकर्ताहरुलाई पक्राउ गरेको विषयलाई लिएर चौतर्फी विरोध भइरहेको छ। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले खुल्ला जनसभामा सरकारद्वारा गरिएको व्यापक धरपकडको निन्दा तथा भर्त्सना गर्दै पक्राउ परेका नेता हेमन्तप्रकाश ओली 'सुदर्शन', पोलिटब्युरो सदस्य पदमबहादुर राई 'विकास' लाई विनाशर्त र अविलम्ब रिहाइको माग गरेका छन्। सोमबार एक प्रेस वक्तव्य जारी गरी महासचिव किरणले सरकारको व्यवहारलाई फासीवादी हस्तक्षेपको संज्ञा दिँदै सरकारको कदमले वर्तमान संविधानले तोकेको मौलिक अधिकारको समेत हनन् भएको बताएका छन्।



मोहन वैद्य किरण,
महासचिव
नेकपा (क्रा.माओवादी)



सन्तोष बुढा,
संयोजक
केन्द्रीय जनपरिषद नेपाल



गोपाल किराती,
संयोजक
नेकपा (माके) महाधिवेशन आयोजक समिति



एकराज भण्डारी, वरिष्ठ अधिवक्ता
तथा संयोजक
जनअधिकार अभियान नेपाल

यस्तै केन्द्रीय जनपरिषद नेपालले नेकपाका नेताहरुलाई पक्राउ गरेको विषयलाई लिएर घोर भर्त्सना एवं आपत्ति जनाएको छ। जनपरिषद नेपालका संयोजक सन्तोष बुढामगरले सोमबार साँझ एक प्रेस विज्ञप्ति जारी गर्दै सामान्य लोकतान्त्रिक मूल्य मान्यताको धज्जी उडाउँदै पूर्वघोषित तथा शान्तिपूर्ण कार्यक्रममाथि प्रशासनले दमन र पक्राउ गर्नु घोर निन्दनीय कार्य भएको बताएका छन्।

नेकपा (माओवादी केन्द्र)का महाधिवेशन आयोजक समितिका संयोजक गोपाल किरातीले पनि सोमबार नै एक प्रेस विज्ञप्ती जारी गर्दै सरकारले विनाकारण पक्राउ गरिएका नेकपाका नेता कार्यकर्ताहरुलाई विनाशर्त रिहाईको माग गरेका छन्। किरातीले गणतन्त्रको रक्षाको लागि खड्क ओलीलाई दिएको समर्थन ... बाँकी पृष्ठ ७ मा

## युवाहरूद्वारा राष्ट्रघाती सम्झौता खारेजीको माग




■ रातो खबर संवाददाता/काठमाडौं

नेकपा निकट राष्ट्रिय युवा जनस्यम्सेवकको तेस्रो राष्ट्रिय सम्मेलन आइतबार सुनसरीको इटहरीमा सम्पन्न भएको छ। सम्मेलनको उद्घाटन गर्दै नेकपाका पूर्वी कमान्ड इन्चार्ज विरहीले राष्ट्रियता रक्षा गर्न क्रान्तिकारी युवाहरू अघि बढ्नुपर्ने बताए। सम्मेलनले पूर्वजनमुक्ति सेनाका कमान्डर तथा सङ्गठनका निवर्तमान महासचिव बाबुराम राईको अध्यक्षतामा ४५ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ। यस्तै सङ्गठनको उपाध्यक्षमा मीना चलाउने, महासचिवमा दीपराज शेर्पाली, सचिवमा देव गुरुङ र कोषाध्यक्षमा प्रेम विक चयन भएका छन्।

सम्मेलनबाट सङ्गठनको ... बाँकी पृष्ठ ७ मा

## नेकपाले गरेको बन्दको प्रभाव देशभरि

### बन्दकर्ताद्वारा दजनौं सवारीसाधनमा तोडफोड

■ रातोखबर संवाददाता/काठमाडौं

पार्टीका शिर्ष नेताहरुलाई पक्राउ गरेको विरोधमा नेकपाले गरेको नेपाल बन्दको प्रभाव देश भरी नै परेको छ। उपत्यका र पश्चिमको तुलनामा पूर्वी नेपालमा बन्दको प्रभाव अत्याधिक देखिएको छ। बन्दको कारण मोरङको विराटनगर, झापाको झापावजार, दमक, सुनसरीको धरान इटहरी लगायतका ठूलाबजारहरु पूर्णरुपमा ठप्प रहेका छन्। यस्तै धनकुटाको धनकुटा बजार, झापाको विर्तामोड, उर्लाबारी काँकडभित्ताबजार बन्द रहे। त्यसक्षेत्रमा उद्योगधन्दा कलकारखाना समेत ठप्प रहे। यस्तै मकवानपुरको हेटौंडा, चितवनको भरतपुर कास्कीको पोखरा रुपन्देहीको बुटवल दाङ कैलाली कन्चनपुर लगायतका साना ठूला शहरहरुमाा बन्दको प्रभाव परयो। नेकपाले आफनो पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', पोलिटब्यूरो सदस्य पदमराई'विकास'लगायतका नेता कार्यकर्ताकहरुलाई पक्राउ गरेको र फागुन ६ गते विराटनगरमा आयोजना गरिएको राष्ट्रिय युवा जनस्वयंसेवकको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको विरोधमा एक दिने बन्दको आह्वान गरेको थियो।

बन्दको दिन पुर्वी नेपालको झापामा एकाविहानै दुई वटा मालबाहक ट्रकमा बन्द कर्ताहरुले आगजनी गरेका छन्। यस्तै बन्दको अबज्ञा गरेको भन्दै बन्दकर्ताहरुले देशका विभिन्न ठाउँहरुमा दर्जनौं गाडिहरुमा तोडफोड गर्नुका साथै आगजनी समेत गरेका छन्। बन्दको प्रभाव देशै भरी परेको छ भने तराईका विभिन्न जिल्लाहरुमा विहान खोलिएका विद्यालयहरु धमाधम बन्द गरिएका छन्। बन्दकर्ताले बन्दको अबज्ञा गरेको भन्दै मोरङ, सुनसरी झापाको विभिन्न स्थानमा करिब दुई दर्जन बढि सवारी साधनमा तोडफोड र आगजनी गरेका छन्। झापाको सुरुङ्गा, विर्तामोड, केर्खा, चारपाने, मेचीनगर, काकँडभित्ता, झापा बजारलगायतका ठाउँमा बन्दकर्ताहरुले आफ्ना ... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीको विस्थापन, राष्ट्रिय पुँजीको स्थापन

देश/परिवेश

■ धर्मेन्द्र बास्तोला



नेपाल कम्युनिस्ट पार्टीको आह्वानमा देशका विभिन्न स्थानमा दलाल र राष्ट्रघाती पुँजीमाथि आक्रमण गरिएका छन्। कुनै पनि मूल्यमा खारेज गर्नुपर्ने राष्ट्रघाती माथिल्लो कर्णाली र अरुण तीन परियोजनामाथि महान् जनयुद्धको २३ औं वर्षदिवसको अवसर पारी आक्रमण गरिए। राज्यलाई ६२ अर्बभन्दा बढी रकम कर नतिर्ने, बरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका सम्बद्ध अधिकारीहरूलाई केही करोड रूपैयाँमा खरिद गरी अकूत लुट मच्चाउने दलाल पुँजीका रूपमा काम गर्ने एनसेलमाथि देशव्यापी रूपमा कारबाहीहरू भए। यी कारबाहीले देशमा एउटा तरङ्ग पैदा गरेको छ र यसरी कारबाही गर्नु ठीक हो कि बेठीक भन्ने बहस देशभर नै चलेको छ। एकाधिकारवादी पुँजीपतिका नेपाली दलालहरू जसले एनसेल, माथिल्लो कर्णाली, अरुण तीनलगायतका तमाम विदेशी कम्पनीहरूबाट कमिसन खाएका छन् उनीहरूले 'लुटको स्वर्ग भत्कने भयो' भन्ने बहस गरिरहेका छन्। उनीहरूको दृष्टिमा यसरी आक्रमण गर्नु बेठीक भएको प्रतिक्रिया आइरहेको छ। यसप्रकारको लुटबाट आजित भएका तर सरकारले कारबाही गर्न नसकेको निष्कर्षमा पुगेका जनताको बीचमा बहस चलेको छ- यसप्रकारका कम्पनीहरूको अन्त्य गर्ने पार्टीको आह्वानप्रति समर्थन गर्नुपर्छ र त्यसलाई सफल बनाउनुपर्छ। कमिसनको बलमा सबै काम गर्ने केही मानिसहरूको तर्क पनि सुनिया- कम्युनिस्ट पार्टीले चन्दा नपाएको कारण आक्रमण गरेको हो। चन्दाको तर्क गर्ने मानिसहरूको मनसाय आन्दोलनलाई बदनाम गर्ने उद्देश्यबाट प्रेरित भएको स्पष्ट हुन्छ। यसप्रकारका बहसहरूका बारेमा केही प्रकाश पार्न आवश्यक देखिएको छ।

**राष्ट्रघाती परियोजना खारेज गरौं, राष्ट्रहितमा निर्माण गरौं**

देखावटी रूपमा केही प्रतिशतको प्रलोभनबाहेक सम्पूर्ण रूपले भारतको नियन्त्रणमा हुने माथिल्लो कर्णाली र अरुण तीन राष्ट्रघाती परियोजनाहरू हुन् र यी परियोजनाहरू खारेज गरी नेपालको राष्ट्रिय पुँजीको मेरुदण्डका रूपमा विकास गर्नुपर्छ भन्ने जागरण नेपालमा यी सम्झौताहरू भएदेखि नै उठ्दै आएका थिए। नेपालका बुद्धिजीवीहरू, विज्ञहरू, राजनीतिज्ञहरू, देशभक्त-जनवादी सबै जनताले विदेशी कम्पनी, विदेशी बजार र विदेशी ऋणमा निर्माण गरिने अरुण तीन र माथिल्लो कर्णाली खारेज गर्नुपर्छ र यी परियोजनाहरूलाई स्वदेशी बजार, स्वदेशी लगानी र क्रमशः पृष्ठ ५ मा

## सम्पादकीय

# ओली शासनको निन्दनीय हर्कत

केपी वली प्रधानमन्त्री नियुक्त हुनासाथ कथित वाम गठबन्धन भनिएको वली नेतृत्वको सरकारले नेकपाको सहायक सङ्गठन युवा जनस्वयम्सेवकको तेस्रो खुला राष्ट्रिय सम्मेलनबाट नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश वली 'सुदर्शन', पोलिटब्युरो सदस्य पदम राईलगायत नेता र तीन सयभन्दा बढी युवा कार्यकर्तालाई गिरफ्तार गरी आफ्नो फासिवादी चरित्र देखाएको छ । खुला सङ्गठन गर्न पाउने, आफ्नो मत व्यक्त गर्न पाउने, सभा, जुलुस गर्न पाउने सामान्य लोकतान्त्रिक हकअधिकारसमेतको धज्जी उडाउँदै वली सरकारले गरेको गिरफ्तारी, धरपकड, यातना र अलोकतान्त्रिक गतिविधिको हामी कडा शब्दमा निन्दा गर्दछौँ र नेकपाका नेता तथा कार्यकर्ताको तत्काल रिहाइका साथ गलत काम गरेकोमा वली सरकारले सार्वजनिक रूपमा आत्मालोचना गर्नुपर्ने माग गर्दछौँ ।

नेकपाले यो व्यवस्थालाई दलाल संसद्वादी व्यवस्था भनेको छ र यो व्यवस्थाका मतियारहरूलाई, विशेषगरी एमाले-माके गठबन्धनलाई सामाजिक दलाल पुँजीवादी रहेको निष्कर्ष निकालेको छ । झट्ट हेर्दा नाममा कम्युनिस्टको लोगो झुन्ड्याएको, वाम गठबन्धनका नाममा एमाले र माकेको एकता घोषणा गरिएको र जनतालाई झुक्याएर दलाल संसदीय व्यवस्थाको संसद्मा झन्डै दुई तिहाइ मत पनि हासिल गरेको हुनाले यो गठबन्धन र सरकारले आफूलाई कथित कम्युनिस्ट र कथित वाम गठबन्धनको सरकार दाबी गर्दै आएको छ । माकेको एमालेमा विलय वा पतनको सँघारमै वली सरकारले नेकपाका शीर्ष नेताहरूलाई गिरफ्तार गरेर एउटा खुला सङ्गठनको राष्ट्रिय सम्मेलन भाँड्नुका पछाडि वली सरकारको आगामी नीति, कार्यक्रम र उद्देश्य प्रस्ट भएको छ । वली सरकारले आफ्नो नाउँको अगाडि जेजे पगरी गुथे पनि विचार, चरित्र र नीतिका हिसाबले यो विगतकै देउवा सरकारको निरन्तरता हो भन्ने कुरामा कुनै दुईमत हुन सक्तैन । विचारसँग विचारले लड्ने हो । यतिबेला नेकपाले मुलुकमा भ्रष्टाचार र भ्रष्टाचारीविरुद्ध आन्दोलन छेडेको छ । व्यापक जनताको सहभागिता र समर्थनमा नेकपाको आह्वानमा भ्रष्ट चूडामणि शर्माहरूमाथि कारबाही आरम्भ गरिएको छ भने मुलुकको आधा खर्ब राजस्वमारा एनसेलमाथि कारबाही आरम्भ भएको छ । नेकपाले भारतीय शासकवर्गले नेपालका भारतपरस्त नेताहरूलाई किनेर नेपालका प्राकृतिक सम्पदा दोहन गर्ने, जलस्रोत लुटेर आफ्नो भूमि सिँचाइ गर्ने, सिमाना मिच्ने, सिमानामा बाँध बनाई नेपालको भूमि जलमग्न पारेर जनताको उठीबास लगाउने गलत कामको विरुद्ध सङ्घर्ष पनि सञ्चालन गर्दै आएको छ । युवा जनस्वयम्सेवक (परिवर्तित नाम योङ रेड फोर्स) नेकपाको सहायक युवा सङ्गठन हो । तर यतिबेलासम्म नेकपा र युवा सङ्गठनले वैधानिक सङ्घर्ष सञ्चालित गरिरहेका छन् । भ्रष्टाचारविरोधी आन्दोलन, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आन्दोलन, जनजागरण अभियान सञ्चालन गर्दै आएका युवाको सम्मेलनमा हस्तक्षेप गर्नु र सम्मेलनको प्रमुख अतिथिसमेत रहेका नेकपाका शीर्ष नेताहरूलाई आपराधिक शैलीमा गिरफ्तार गरेर झूट्टा मुद्दा लगाउने प्रपञ्च रच्नु पञ्च, शाही वा अन्य स्वेच्छाचारी शासनभन्दा कुनै पृथक कदम होइन । यो जति निन्दा र भर्त्सना गरे पनि कम हुने विषय हो । हामी यतिबेला यति मात्र भन्न सक्छौँ- वली सरकारलाई यो हर्कतको परिणाम धेरै महँगो पर्न सक्छ ।

मार्क्सवाद-लेनिनवाद छोडिसकेर पनि आफूलाई मार्क्सवादी-लेनिनवादी भनाएर वामपन्थी जनमत झुक्याइरहेको एमाले र प्रतिक्रियावादी सत्तासँग जनयुद्धका उपलब्धिहरू साटेर एमालेमा विलय हुँदै गरेको हिजोसम्मको माके समूह आफूलाई कथित लोकतान्त्रिक गठबन्धनको वैकल्पिक शक्ति कथित वाम गठबन्धन भन्दै आएका पृथक पृष्ठभूमिका दलाल, अवसरवादी र संशोधनवादी समूहहरू हुन् । यी दुवै समूहले इतिहासका खासखास क्षणमा वर्गसङ्घर्षलाई गम्भीर धोका दिँदै वर्गघात गरेका छन् र प्रतिक्रियावादी सत्तासामु लम्पसार परेर क्रमशः प्रतिक्रियावादी चरित्र ग्रहण गर्दै गएका छन् । तर पनि नेपाली जनतालाई यी समूहहरूले झुक्याइरहेका छन् । नेकपाले यी समूहलाई राजनीतिक रूपमा आदर्श र निष्ठाबाट पतीत भएको सामाजिक दलाल पुँजीवादी समूहका रूपमा संश्लेषण गरेको छ । आफ्नो वास्तविक चरित्र दुनियाँ र नेपाली जनतासामु छर्लङ्ग भएकोमा यिनीहरू क्रान्तिकारी शक्तिसँग चिढिएका छन् । झनै सोमबार एमाले र माके समूहबीच भएको सहमतिमा मुखौरोका रूपमा मान्दै आएको माओवादसमेत परित्याग गरेर माके समूहले एमाले समूहमा विलय हुने घोषणा गरेपछि त यिनीहरूको जनतालाई देखाउने गरेको वैचारिक रूप पनि अन्त्य भएको छ । एमालेमा विलय भएको माके गुट पनि केही दिनमै यही दलाल संसद्वादी सत्तामा लम्पसार पर्दैछ । यस्तो अवस्थामा वली गुटले नेकपामाथि हात हालेर गम्भीर गल्ती गरेको छ । नेकपाका दृष्टिमा काङ्ग्रेसलगायत प्रतिक्रियावादी समूह घोषित रूपमै दलाल संसद्वादका अनुयायी हो भने एमाले र माके (अब फेरि नयाँ एमाले) वाम खोलभित्र लुकेको सामाजिक दलाल पुँजीवादी शक्ति हो । अर्थात् यी दुवै नेपाल र नेपाली जनता, नेपाली क्रान्ति, आमूल परिवर्तन र मुक्तिका बाधक प्रतिक्रियावादी दलाल संसद्वादी शक्ति हुन् । त्यसैले नेपाली जनताको अन्तरविरोध वा सङ्घर्ष यिनै घोषित र अघोषित दलाल संसद्वादीहरू, यिनीहरूले जोगाउन प्रयत्न गरिरहेको मरणोन्मुख दलाल संसदीय व्यवस्था र यिनीहरूले संरक्षण गरिराखेका दलाल र भ्रष्टाचारीहरू हुन् । हिजो सीताराम प्रसाईंजस्ता भ्रष्टाचारीहरूमाथि कारबाही हुँदा गिरिजाप्रसाद कोइरालाको रक्तनलीहरू सुकेका थिए र ज्वरो आएर उनी बर्बराएका थिए । आज चूडामणि शर्मा र एनसेलहरूमाथि जनताले कारबाही गर्दा फेरि वली, प्रचण्ड र देउवाहरूको श्वासप्रश्वास बढेको छ । यसको अन्तर्य भनेको दलाल शासकहरूको भ्रष्टाचारको स्रोत भनेका यिनै भ्रष्टाचारी प्रशासकहरू नै हुन् । त्यसैले दलाल र भ्रष्टहरूमाथि जनताले कारबाही गरेको यिनीहरू सहन सक्तैनन् । सारमा दलाल संसद्वादीहरू भष्टाचारका स्रोत हुन् र जनताको आन्दोलनको निशानामा यिनीहरू नै पर्ने निश्चित छ ।

महान् उक्ति छ- प्रतिक्रियावादी शक्तिहरू आफू नसकिउन्जेल गल्ती दोहोर्‍याइरहन्छन् । वली सरकारले पनि नेकपाका नेताहरूलाई बिनाकारण गिरफ्तार गरेर अरिङ्गालको गोलोमा हात हालेको छ । मङ्गलबार नेकपाले आह्वान गरेको नेपाल बन्दमा ऐतिहासिक रूपमा साथ दिएर नेपाली जनताले वली सरकार र दलाल संसद्वादलाई चुनौती दिइसकेका छन् । सर्पले निल्न आँटेको भ्यागुतोले आफूअघिल्तिरबाट उड्दै गरेको पुतलीलाई सासले तानेझैँ वली सरकारको पनि दिनगन्ती सुरु भइसकेको छ । अब नेपाली जनताले दिने धक्कापूर्ण आन्दोलनबाट यो दलाल संसदीय व्यवस्था भग्नावशेषमा परिणत हुनेछ र त्यसैको जगमा एकीकृत जनक्रान्तिको माध्यमबाट नेपालमा वैज्ञानिक समाजवादी सत्ता स्थापना हुनेछ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# भण्डाफोर तथा जागरण अभियानबारे थप सन्दर्भ



अनिल शर्मा

दलाल पुँजीवादको नयाँ कारिन्दाका रूपमा एमाले-माकेरूपी सामाजिक दलाल पुँजीवाद अगाडि आएको छ। जसका विरुद्ध हाम्रो अभियानले गति बढाउँदै छ । माके पार्टीको अवस्थाको बारेमा नेकपाका केन्द्रीय सदस्य क. शितल भन्छन् "चैतमा झर्दै गरेको सालको पातजस्ता पहेंला, छिद्र परेका, भेट्नो गलेका कार्यकर्ता छन् ।" खानतलासी, जङ्गल अपरेशन, गिरफ्तारी, थुनछेक जनयुद्ध बिर्साउने खाले घटनाहरु चुनाव खारेज अभियानमा भएको क. अटलको अनुभूति छ। विप्लवको पार्टी सकियो, केही प्रभाव छैन भन्नेले यत्रो नाटक किन गर्नुपर्‍यो ? उनी प्रश्न गर्छन् । नागरिकलाई गृहयुद्ध हो कि चुनाव हो ? भ्रमित किन गर्नुपर्‍यो त ? अटल र चन्द्रबहादुर बुढाको हत्या गर्ने षड्यन्त्रमा जनार्दन लागेको सूचना माकेवृत्तबाटै आउनु सामान्य विषय भएन ।

नेपाल कम्युनिस्ट पार्टीले हालै सम्पन्न केन्द्रीय समितिको बैठकपछि विचारधारात्मक कामलाई विशेष जोड दिएको छ । उसले स्कुलिङलाई थप जोडका साथ देशभरि चलाउनेछ । दौडधुप, अध्ययन र लेखन कामलाई थप प्रेरित गर्नेछ । बैठक लगत्तै नेता-कार्यकर्ता प्रगतशील पुस्तक खरिद गर्न प्रेरित भएका छन् । आन्दोलनमा सतीसालझैं उभिन पार्टी संगठनमा बसेर मात्र हुँदैन, विचारधारात्मक रूपले पनि संगठित हुनुपर्छ । माओ त्सेतुङले सांस्कृतिक क्रान्तिको समय (१९६६-१९७७) मा सो विषयमा विशेष जोड दिनुभएको थियो । साम्राज्यवादले नागरिकलाई नियन्त्रित सूचना दिने तर ज्ञान नदिने गरिरहेको छ । त्यसो गरेर उसले आम नागरिकलाई भुत्ते उपभोक्ता बनाउन चाहन्छ । पशुचेतमा कैद गर्न चाहन्छ । कम्युनिस्टहरु पठन-अध्ययन संस्कृति समृद्ध गर्न चाहन्छन् । अध्ययन गर्नु भनेको भौतिक विज्ञान र समाज विज्ञानको गति दिशा र प्रवृत्ति बुझ्नु हो । बुझ्नुको उपादेयता बदल्नुमा रहेको छ ।

रुस्, चीनसहित कार्यदिशाका अनुभवहरुमा आजको नेपाली आयाम थपेर हामीले 'एकीकृत जनक्रान्ति' भनेका छौं । यो लेनिन र माओ कै निरन्तरता र उत्कर्षतिर लग्ने हाम्रो उद्देश्य हो । चीनमा सन् १९३७ मा मात्र कार्यदिशालाई दीर्घकालीन जनयुद्धको रूपमा संश्लेषण गरिएको थियो । वर्गसंघर्षको अनुभव र शिक्षासहित हामी कार्यदिशामा आवश्यक आयाम थप्दै जानेछौं ।

आजको सामाजिक चेतना र विद्रोहात्मक परिस्थितिका कारण प्रचण्ड नेतृत्वको सामाजिक दलाल पुँजीवादले एमालेले जसरी लामो समयसम्म भ्रम बेचिरहन सक्दैन । यो नकारात्मकभित्रको सकारात्मक पक्ष हो । एमालेले दुई दशक, ज्योती बसु नामको सामाजिक दलाल पुँजीवादले तीन दशक भ्रम बेचे । माकेले त्यो अवसर पाउने छैन ।

पैसा र बन्दुक राज्यसत्ताका प्रमुख औजार हुन् । अर्थात् अर्थतन्त्र र सेना नै सत्ता हो । चुनावमा निर्णायक प्रभाव दिन पनि संघर्षका अन्य रूपजस्तै सत्ताको प्रश्नमा स्पष्ट नीति हुनुपर्छ । कांग्रेस, एमाले, माकेलगायतले पुरानो विचार र सत्ताको आडमा चुनावमा गए । हामी प्रारम्भिक र भ्रुण अर्थमै सही नयाँ सत्तामा अडिएर खारेज अभियान चलायौं । हामी ब्रम्हज्ञानी भएर एकस्तरको सफलता प्राप्त भएको होइन । सत्ताको प्रश्नलाई ठीक ढंगले बुझ्दा निस्केको परिणाम हो । पुरानो सत्ता उपयोग गर्न पनि नसक्ने, नयाँ सत्ताको निर्माण नगर्ने, सिद्धान्तहीन शक्तिको आफ्नो भन्ने केही हुँदैन । तिनीहरुको विघटन अनिवार्य हुन्छ । ५० वर्षदेखिको कोरिया-अमेरिका द्वन्द्व हाइड्रोजन बमले नियन्त्रण गरिरहेको छ। कोरिया अमेरिकामाथि हाबी बन्दै गएको छ। यो परिस्थितिको शिक्षा बुझ्न सक्नुपर्छ । माओले 'संगठनको मुख्य रूप फौज, संघर्षको मुख्य रूप युद्ध' त्यत्तिकै संश्लेषण गर्नुभएको होइन ।

टोपबहादुर रायमाझीले अनौपचारिक छलफलमा 'पुँजी पढ्दा त यत्तिको किताब म पनि लेख्छु जस्तो लाग्छ तर लेख्न खोज्यो सकिन्न' भनेका थिए । त्यसैले वैचारिक काम सजिलो काम पक्कै होइन । पार्टी भनेको मूलतः विचार हो । क. किरणले शान्तिप्रक्रिया पछिको पार्टी हेरेर 'यो पार्टी के पार्टी, बाहुनको दाने गाईजस्तो' भन्नुभएको थियो । दाने गाईजस्तो विकेन्द्रित पार्टीले युगको दायित्व बहन गर्न सक्दैन ।

भारतीय हस्तक्षेप र घुसपैठका कारण तराईमा थुप्रै चुनौति छन् तर नेपाल स्पेन वा कास्मिर होइन । "सीमा क्षेत्रका जनतामा नै म नेपाली हुँ भन्ने भावना बढ्दै गएको कारण राष्ट्रिय एकता सबल छ" भन्ने सोचाइमा छन् नेकपाका केन्द्रीय सदस्य देवनारायण साह । मधेसी मूलका कर्मचारी पहाडी मूलका भन्दा झन् बढी घुस्याहा र पीडक भएकोले सरकारी कर्मचारी पहाडी मूलकै भए हुन्थ्यो भन्ने सोचमा मधेसका जनता रहेको दाबी गर्छन् नेता साह ।

आवश्यकता र क्षमता बीचको अन्तरविरोध सामाधान गर्नु समग्र पार्टीको चुनौति छ । हाम्रो ज्ञान सिद्धान्त इन्द्रियग्राह्य ज्ञानबाट बुद्धिसंगत ज्ञानतर्फ अगाडि बढ्दछ । यदि त्यसलाई मान्ने हो भने एकीकृत जनक्रान्तिको कार्यदिशा कार्ल मार्क्सले लेख्ने कुरा भएन । माओ र लेनिन भन्दा बाठो हुने ! एकथरि बुज्रुक भन्छन् । अर्कोथरि कठमुल्लावादीहरु माओ र लेनिनका कृतिमा नेपाली कार्यदिशा नभएकोले हामीलाई मार्क्सवाद विरोधी ठान्छन् । उनीहरुको दिनचर्या अरुलाई सराप्नु मै सिमित हुन्छ । नेकपा केन्द्रीय सल्लाहकार समितिका सचिव क. चित्र बहादुर आले 'हामीलाई पद र प्रतिष्ठाको लागि पार्टी फुटाएको आरोप लगाउनेहरुको शिर झुकेको' ठान्नुहुन्छ ।

संघर्षका कार्यक्रमको निशाना पुरानो सत्तामा वैचारिक र व्यवहारिक रूपले शून्यता पैदा गर्नु र सो स्थानमा क्रान्तिकारी सत्ता (नयाँ सत्ता) कसरी निर्माण गर्ने भन्ने केन्द्रीय प्रश्न हो । चुनाव रोकिएको भए के हुन्थ्यो त ? त्यस्तो अवस्थामा सेना आउने, संसदवादी नेता र सेनाको बीचमा द्वन्द्व बढ्ने हुन्थ्यो । अझ यसो भनौं हाम्रो कारणले उनीहरु जेल जानुपर्थ्यो होला । चुनाव खारेज अभियान राजनीतिक दलालहरु गाउँगाउँमा छरिएको बेला कारबाही गर्ने नीति थियो । दलाल तत्वहरुले अकल्पनीय रूपले देश लुटेका छन् र जनतालाई हेपेका छन् । हेर्नुस् त एकातिर क्रममा आन्तरिक रूपमा दलाल पुँजीवाद र बाहिरबाट हुनसक्ने साम्राज्यवादी उत्पीडनको विरुद्ध पनि जनमत निर्माण गर्न आवश्यक छ। हामीले हजार पटक समाजवाद र राष्ट्रिय स्वतन्त्रताको कुरा गरिरहनु पर्छ । "जनयुद्ध गलत भयो भन्ने लाग्दा, नेतृत्व बिग्रँदा पनि बोल्ने वातावरण भएन । तर प्रचण्डको नवसंशोधनवादलाई हाम्रो स्कुलिङले टिक्न दिएन । त्यसैले विज्ञानको आविष्कार गर्ने आशयसहित आफ्ना धारणा खुलस्त राख्नुपर्छ" नेकपाका स्थायी समिति सदस्य क. कञ्चनको धारणा छ । "हेरौं न हेरौं न भन्दा भन्दै धेरै बिग्रियो । प्रश्नको जवाफ दिइएन र पार्टी जनवाद भएन । जनवाद भनेको असन्तुष्टिको अभिव्यक्ति नभएर अनुसन्धान हो" उहाँ अझ अगाडि भन्नुहुन्छ ।

हालै सम्पन्न केन्द्रीय समितिको छैठौं पूर्ण बैठक चुनावको समीक्षामा बढी केन्द्रित थियो । चुनाव स्थगित भएको भए कम्युनिस्ट र देशभक्त शक्तिको ठूलो ध्रुविकरण हुन्थ्यो । संसदवाद फेरि एकपटक असफल प्रमाणित हुन्थ्यो । त्यो स्तरमा हामी पुग्न सकेनौं तर संसदवादको विकल्प छ, संसदवाद निर्विकल्प छैन र शान्ति प्रक्रिया पूरा भएको छैन भन्ने प्रमाणिक भयो । देशमा देशभक्त शक्तिको अलग संगठन छैन । त्यो विचार, मनोविज्ञान र वैयक्तिक रूपमा सबै दल, संस्था, सुरक्षा निकाय र कर्मचारीतन्त्रमा छ । त्यो देशभक्त प्रवृत्ति र क्रान्तिकारी कम्युनिस्टका बीचमा असंगठित र अनौपचारिक कार्यगत एकता हुँदै आएको छ । सोभियत संघमा हिटलर वा चीनमा जापानले हमला गरेको अथवा स्पेनमा सैन्यसत्ता कायम भएको जस्तो अवस्थामा देशभक्त शक्ति नेपालमा पनि संगठित रूपमा आउन सम्भव छ । सचेत प्रयत्न गर्नुपर्दछ ।

इन्टरनेश्नल क्राइसिस ग्रुप नामक गैरसरकारी संस्थाले दुई वर्ष अगाडि नै 'असन्तुष्ट समूह' लाई जनतासँग जोडिन दिइयो भने शान्ति प्रक्रिया भाँडिने र विद्रोह हुनसक्ने चेतावनी दिएको थियो । उनीहरु क्रान्तिकारी शक्तिलाई घेराबन्दीमा पारेर एक्ल्याउन चाहन्थे । त्यसका कारण हरदम प्रतिरोध योजना चाहिन्छ । आन्तरिक रूपले जनविद्रोह

**समाजवादको कुरा गर्ने, साम्राज्यवादसँग साँठगाँठ गर्ने नयाँखाले प्रवृत्ति भएका कार्ल काउत्स्कीलाई लेनिनले 'सामाजिक साम्राज्यवादी' भन्नुभएको थियो । माओले त्यसैखाले भूमिकामा प्रकट भएको ख्रुस्चोभलाई (रुसलाई) सामाजिक साम्राज्यवाद भन्नुभयो । हामीले काउत्स्की र ख्रुस्चोभको नेपाली अवतार वली-दाहालमण्डलीलाई सामाजिक दलाल पुँजीवादी भनेका छौँ ।**

३ वर्ष पुग्न लाग्दा पनि भूकम्पपीडित जनता पालमुनि छन् । तर एनसेल नामक लुटेरालाई दलालहरुको लंगौटीरूपी अदालतले कर तिर्नु नपर्ने, आम्दानी देश बाहिर लान सक्नेगरी कानुनी उन्मुक्ति दिएको छ । यस्ता देशद्रोही न्यायधीसहरुलाई दण्डित नगर्ने त ? दुईसय रूपैंया कर तिर्दै आएका जनतालाई २० हजार पुर्‍याइएको छ । सुविधा र उत्पादन छैन, विकास र लोकतन्त्रको नाममा करको आतंक थोपरिएको छ । के हामी यी सबै ज्यादती बुढो गोरु झैं चुपचाप सहेर बस्ने त ? भन्छन् 'विष नभएको सर्प र इख नभएको मान्छेको मूल्य हुँदैन' हाम्रो अभियानको अर्थ यहाँ खुल्छ ।

नेपाल-भारत सम्बन्धमा विश्व परिस्थिति नेपाली समाजको आमसामाजिक चेतना र जनयुद्धले नयाँ परिस्थितिको संकेत गरेको छ। एक, दिल्लीको दबाब, प्रलोभन र षड्यन्त्रमा प्रचण्ड-बाबुरामले आत्मसमर्पण गरेपछि पनि नयाँ क्रान्तिकारी धारा उठ्दै गएको छ । भारतले नाकाबन्दी लगाउँदा २०४६ सालमा जसरी जनता र मुख्य दलहरु सरकारसँग भन्दा भारतका विरुद्ध खनिए । तेस्रो, दार्जीलिङमाथि भएको दमनको विरुद्ध मौन बस्दै आएका सिक्किम, उत्तराञ्चल लगायतका नेपाली मूलका भारतीय नागरिक दार्जिलिङको स्वतन्त्रताको पक्षमा उभिए । त्यसबाट दिल्ली भयभित छ। सिक्किम, उत्तराञ्चल, दार्जिलिङ (पश्चिम बंगालको नेपाली भाषी सबै भूभाग) र नेपालको मनोवैज्ञानिक संयुक्त मोर्चा प्रकट भएको छ । भारत त्यसलाई कमजोर पार्न चाहन्छ । अहिले नेपाली शासक होइन दिल्ली नै सन् १९५० को सन्धी खारेज गर्ने मानसिकतामा पुगेको छ । सो सन्धि खारेज गरेर सन् १९५० भन्दापछि भारत पसेका वा त्यसपछि नागरिक भएका नेपाली मूलका भारतीयलाई लखेट्ने षड्यन्त्रमा दिल्ली अग्रसर भएको धारणा छ नेकपाका केन्द्रीय सदस्य डिडि पाण्डेको । भारतको नेपालप्रतिको विगत हेर्दा नेपालमा बढ्दो भारतीय उत्पीडन विरोधी जनमत र चीनको बढ्दो प्रभावका कारण भारतले त्यस्तो कदम चाल्दैन भन्न सकिन्न । हामीले अभियानको भनेर चुनावमा लग्ने बादल प्रवृत्ति र जनयुद्ध भनेर छापामार दलमा कैद गराउने किरण प्रवृत्तिसँग पनि हामी संघर्ष गर्दै आएका थियौं ।

अभाव, अज्ञानता र अपमान भएको ठाउँमा धर्मको नाममा मूलतः क्रिश्चियन धर्मको नाममा पश्चिमी पुँजीवाद पुगेको छ । चेपाङ, दलित बस्तीमा ठूलो चर्च हुन्छ । झाँक्री मान्छन् । पढेका छैनन् तर 'प्रे गर्ने' भन्छन् । चेपाङ, थारु, पितृपुजक, प्रकृतिपुजक समुदाय हो । क्रान्तिलाई टार्न, रोक्न साम्राज्यवादले चर्च-संस्कृतिको विस्तार गरेको छ र पैसा बाँडेको छ । साम्राज्यवादले जनतालाई बनहात्तीलाई सदाएझैं दास बनाएपछि गोरुलाई झैं जोत्न थाल्छ ।

राज्य र जनता टाट पल्टाउने आफूले चुनावमा जनता किन्न प्रचण्डले एक्लै १ अरब खर्च गरेका छन् । तर ९ लाख मात्र खर्च गरेको बताउँछन् । भारतीय नोट र बाहन बाँडिन्छ । नक्कली नोट बाँडिएको छ । व्यापारीसँग कालोबजारी र मूल्यवृद्धि गर्ने शर्तमा करोडौं उठाइएको छ । यी तत्वहरु देशद्रोही हुन् कि होइनन् ?

प्रचण्डलाई हेग अदालतमा लग्नुपर्छ भन्ने भीम रावल, डुंडेभ्कारी हत्याकाण्डको अपराधी भीम रावल अहिले प्रचण्डलाई प्रधानमन्त्री वा पार्टी अध्यक्षमध्ये एउटा दिनुपर्ने तर्क गर्दैछन् । त्यसको पछाडि माधवकुमार नेपाल र दिल्लीको भूमिका देखिन्छ । केपीको नक्कली राष्ट्रवादलाई समाप्त गर्न र जनयुद्धको धारालाई सम्पूर्ण रूपले नामेट पार्न एमाले-माके एकता भएको विश्लेषण गरिदैछ । पर्दा पछाडि माधव नेपाल र दिल्ली बसेर ओली र प्रचण्ड दुवै नामेट पार्ने खेल भइरहेको छ ।

सामाजिक दलाल पुँजीवाद नेपालमा ज्योती वशुको नेपाली अवतारका रूपमा उदय भएको छ । पार्टी वा दल होइन, दलालका विरुद्ध हाम्रो प्रतिरोध आवश्यक भएको छ । हाम्रो शुरुवात, बुझाई, कार्यदिशा नयाँ छ । त्यसकै आधारमा पार्टी एकता प्रयास गर्नुपर्छ । जसलाई हामीले ध्रुवीकरण भनेका छौं । दुवै पक्षको विचार र संगठनको सोलोडोलो गठजोड अथवा मिलनलाई एकता भनेर बुझिन्छ । हामी निश्चित विचार र कार्यदिशाको आधारमा डोलायमान गर्न-गराउन-हुन चाहन्नौं । कार्यदिशा र नेतृत्वको विषयमा अनन्त बहस र पश्चगामी सम्झौता हाम्रो उद्देश्य होइन । नेकपा (ऋषि कट्टेल नेतृत्व) र क्रान्तिकारी माओवादी (किरण नेतृत्व) सँग हाम्रो औपचारिक छलफल चलिरहेको यथार्थ हो । सम्भव भएसम्म ध्रुविकरण नभए कार्यगत एकता गर्ने उद्देश्यले छलफल भइरहेको छ । हामी ध्रुविकरणको पक्षमा छौं तर काम धन्दा नै त्यत्ति मात्र ठानेर, गरेर बस्ने गल्ती गर्दैनौं ।

समाजवादको कुरा गर्ने साम्राज्यवादसँग साँठगाँठ गर्ने नयाँखाले प्रवृत्ति भएका कार्ल काउत्स्कीलाई लेनिनले 'सामाजिक साम्राज्यवादी' भन्नुभएको थियो । माओले त्यसैखाले भूमिकामा प्रकट भएको ख्रुश्चोभलाई (रुसलाई) सामाजिक साम्राज्यवाद भन्नुभयो । हामीले काउत्स्की र ख्रुश्चोवको नेपाली अवतार ओली-दाहाल मण्डलीलाई सामाजिक दलाल पुँजीवादी भनेका छौं । कस्तो खाले दलाल ? किन दलाल ? प्रष्ट पार्नुपर्ने भएपछि सारतत्व अनुसारको रूप निर्धारण गरिएको हो । परिस्थितिको व्याख्या गर्दै नेकपाका महासचिव विप्लव भन्नुहुन्छ, "हामी वाङमिङको कार्यदिशा असफल भएपछि चिङकाङसाङतिर माओ त्सेतुङहरु 'भागेको' समयजस्तो अवस्थामा छौं" नेपालमा कार्यदिशा असफल भएर होइन, नेतृत्वले आत्मसमर्पण गरेकोले समस्या आएको हो । "म त प्रचण्डतिरै लागेँ । तपाईहरुले शुरु गर्नुभयो भने एक वर्ष टिकाउनु, त्यति भयो भने अगाडि बढ्छ" जीवनको उत्तरार्धमा कामरेड पोष्टबहादुर बोगटी 'दिवाकर' ले भनेको कुरा उहाँ स्मरण गर्नुहुन्छ । दलाल सत्ताले क्रान्तिकारी शक्तिलाई कसरी सिध्याउँछ त ? शान्ति प्रक्रियामा आउनासाथ काठमाडौंमा भारतीय लगानीको तीनतारे वैशाली होटेलमा २ वटा तला नै प्रचण्ड-बाबुरामलाई निःशुल्क दिइयो । केको निःशुल्क हुन्थ्यो 'रअ' ले भुक्तानी गर्दोरहेछ । गैरसरकारी संस्थाले रात्रीभोज, विदेशभ्रमण, गोष्ठी-भत्ता मार्फत् गरे । अधिकारको नाममा जातिवाद हुर्किँदै गयो र वर्ग दृष्टिकोण हराउँदै गयो । एकपटक कांग्रेसका कार्यकर्ताले देउवालाई माओवादीले १ सयभन्दा बढी सवारी साधन तस्करी गरेको उजुरी गरेछन् । देउवाले 'नआत्तिनु त्यो संख्या हजार पुग्न दिनुपर्छ' भनेका रहेछन् । विप्लव भन्नुहुन्छ, "हामी आफ्नो बारेमा मात्र सोच्ने जंगली जनावरजस्ता बलिया तर अबुझ भयौं । उनीहरु गैरसरकारी संस्था खटाउने, बुद्धिजीवी र सञ्चार जोड्ने, लुछ्ने, सोच्ने जनता र क्रान्तिकारीलाई अलगथलग गर्ने गर्छन् ।" गैरसरकारी संस्था र बुद्धिजीवीले सरकारको आलोचना गर्दै सारतः त्यसैलाई बलियो बनाउने गरेका छन् । कम्युनिस्टको विरोधमा काम गरेका छन् । साम्राज्यवादले गैरसरकारी संस्थालाई अग्रटोली (एसल्ट ग्रुप) बनाएर लडेका छन् । उनीहरु एकीकृत भएर समग्र लडाईं लड्छन् । बैंकको आलोचना गर्दा नेता आउँछ, तस्कर हान्दा मन्त्री आउँछ ।

नेपाली जनता आज दलाल पुँजीवादसँगको लडाईमा क्षति व्यहोर्न बाध्य छ । तर यो अस्थायी हार हो । यो फेरि उठ्दै शक्तिशाली बन्दैछ । हाम्रो विचार गलत भएर होइन, अन्तरघात भएर शक्ति सन्तुलन विग्रिएको हो । माओ त्सेतुङ भन्नुहुन्छ, "विचार गलत भएर होइन, बरु संघर्षमा सामेल शक्ति सन्तुलनका कारणले अर्थात् समयक्रममा प्रतिक्रियावादी शक्ति जत्तिकै शक्तिशाली नभएकोले सामाजिक संघर्षमा कहिलेकाँही अग्रगामी वर्गको प्रतिनिधित्व गर्ने शक्तिले पराजय बेहोर्नु पर्छ । त्यतिबेला उनीहरु अस्थायी रूपले पराजित हुन्छन् तर तिनीहरु ढिलो वा चाँडो बिजयी हुनेछन्" (दार्शनिक रचनाहरु, पृष्ठ २०६, अनुवाद हेमन्तप्रकाश ओली, जागरण बुक हाउस) । यतिबेला कम्युनिस्ट क्रान्तिकारीहरुका बीचमा ध्रुविकरण गर्नुपर्ने युगीन दायित्व छ । त्यसका लागि क.किरणले मसाल, नेकपा र नेकपालाई पत्राचार गरेको अवस्था छ । क्रान्तिकारी माओवादीले क.किरणकै नेतृत्वमा वार्तादोलीसमेत बनाएको छ । नेकपासँग दुई चरणमा गम्भीरतापूर्वक नेतृत्व तहमा वार्तासमेत भैसकेको छ। क.किरणले आफ्नो उमेर समेतले प्रदान गरेको ऐतिहासिक दायित्व निर्वाह गर्न खोज्नु सकारात्मक पक्ष हो । नेकपा सकेसम्म ध्रुविकरण अन्यथा सहकार्यको दिशामा छ । नेकपाको मुख्य ध्यान आठौं महाधिवेशनद्वारा पारित कार्यदिशा लागू गर्नुमा केन्द्रित भएको छ । भण्डाफोर तथा जनजागरण अभियानलाई त्यही कार्यनीतिको अंगको रूपमा बुझ्नुपर्छ ।

# प्रचण्डको पतन र सामाजिक दलाल पुँजीवाद



भरत बम

नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासँगै शासक वर्गले युगीन परिवर्तन भएको दाबी गरेको छ भने जनता र राष्ट्रको जीवनले त्यो शासकीय धारणामा प्रश्न उठाइरहेको छ । साथै क्रान्तिकारीहरूले त्यसलाई खारेज गरिदिएका छन् । समग्रमा नेपाली राजनीतिक परिवर्तनको उतारचढावसहितको शृङ्खला र प्रचण्डको उदय अनि पतनलाई ठीक ढङ्गले समयमा नै बुझ्न आवश्यक छ । अन्यथा शासकले युगीन परिवर्तनको दाबी गरिरहने, जनताले त्यसमाथि प्रश्न उठाइरहने अनि हाम्रो देश विदेशी शक्तिकेन्द्रको क्रीडास्थल बनिरहने स्थिति हुनेछ । त्यसैले दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवाद के हो ? योसँग प्रचण्डको उदय र पतनको सम्बन्ध के छ ? र यसका विरुद्ध सङ्घर्ष किन आवश्यक छ ? यसबारे सङ्क्षिप्त चर्चा गर्न खोजिएको छ ।

### एक वर्ग अधिनायकत्व र दुई कार्यरूप

अहिलेको मानव समाज वर्गमा विभाजित छ । यो विभाजन तथा वर्गअन्तर्विरोध पहिलो र दोस्रो विश्वयुद्धताकाकै अन्तर्विरोधको स्तरमा रहेको चर्चित अर्थशास्त्री थोमस पिकेट्टीले पुष्टि गरेका छन् भने विश्वको तेस्रो धनी व्यक्ति वारेन वफेटले आफू धनी वर्गमा पर्ने र आफ्नो वर्गले जितिरहेको सगर्व घोषणा गरेका छन् । त्यस्तै पुँजीवादीहरू कति अधिनायकवादी हुन्छन् भन्ने तथ्यलाई पछिल्लो स्पेनको क्याथोलानियाको घटना, अमेरिकाले इजरायलको राजधानी जेरुसेलम तोकेको घटना र विकसित भनिएका देशहरूमा कम्युनिस्ट पार्टी खोल्न र त्यसको प्रचार गर्न नदिने नीतिले राम्रोसँग पुष्टि गरेका छन् । त्यसैले राज्यसत्ता वर्गीय अधिनायकत्वको साधन हो । पुँजीवादीहरू यो बुझ्दछन् र नभनीकन नै लागू गर्छन् भने कम्युनिस्टहरू भनेर लागू गर्छन् । जस्तो कि- पुँजीवादीहरू बन्दुकको महत्व कम्युनिस्टहरूजत्तिकै बुझ्दछन् परिणामस्वरूप आणविक अस्त्र, सैनिकीकरण र रक्षा बजेटमा जोड दिन्छन् तर यो सब शान्तिका नाममा गर्छन् भने कम्युनिस्टहरू भन्छन्- राज्य बन्दुकको नालमा टिकेकाले राज्यसत्ताको जन्म बन्दुकको नालबाटै हुन्छ । यही फरक छ पुँजीवादी र कम्युनिस्टहरूमा । पुँजीवादीहरू जे गर्छन् त्यो भन्दैनन् । कम्युनिस्टहरू जे गर्ने हो त्यो भन्छन् । जे भए पनि राजनीतिमा पुँजीवादीहरूका जाली कुराबाट जनताहरू ठगिएका छन् । हामीलाई शासित संस्कारले कति जब्बर रूपमा पछ्याउँछ भने अहिले पनि हाम्रो समाजमा छट्टु युवकको पासोमा बैँसालु युवतीहरू परेभैँ जनताले पनि यही नियति भोगिरहेका छन् । राज्यसत्ता वर्गीय हुन्छ भन्नेबारेको यति चर्चापछि हामी विषयको केन्द्रीय भागमा प्रवेश गरौँ ।

नेपालमा महान् जनयुद्ध र जनआन्दोलनको बलमा सामन्ती राजतन्त्रको अन्त्य भएर पुँजीवादी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । पक्कै पनि सामन्तवादभन्दा पुँजीवाद अग्रगामी, प्रगतिशील व्यवस्था हो यसर्थ यो युगीन परिवर्तन हो तर यो पुँजीवाद प्रगतिशील, राष्ट्रिय औद्योगिक पुँजीवाद हैन । यो त दलाल पुँजीवाद हो किनभने एकातिर अहिलेको उत्तरसाम्राज्यवादी विश्वमा भूमण्डलीकृत निगम पुँजीले सामान्यतया तेस्रो विश्वको हाम्रोजस्ता देशमा स्वतन्त्र राष्ट्रिय औद्योगिक पुँजीको अस्तित्व प्रायः असम्भव बनाइदिएको छ भने अर्कोतिर देशभित्र सुगौली सन्धिबाट सुरु भएको राष्ट्रिय आत्मसमर्पणवादी धारा २००७ को दिल्ली सम्झौतापछि १२ बुँदे समझदारी हुँदै विद्यमान संविधानसम्ममा आउँदा उत्कर्षमा पुगेको छ । यसरी उत्तरसाम्राज्यवाद र राष्ट्रिय आत्मसमर्पणवादको मिलनको परिणामस्वरूप नेपालमा प्रगतिशील राष्ट्रिय पुँजीवादी गणतन्त्रको सट्टा दलाल पुँजीवादी गणतन्त्र स्थापना हुन पुग्यो । त्यसैले वर्तमान नेपाली राज्यसत्ता दलाल पुँजीपति वर्गको अधिनायकत्व हो । हाम्रो पार्टीको विश्लेषणमा यो दलाल पुँजीपति एक वर्गीय अधिनायकत्वका कार्यान्वयनका दुई रूप छन् : कथित लोकतान्त्रिक र वाम गठबन्धन । तर अहिले अगाडि आएको कथित वाम गठबन्धन हो र यसलाई हाम्रो पार्टीले सामाजिक दलाल पुँजीवाद भनेको छ किनभने पहिलोले संसदीय लोकतन्त्रका नाममा र दोस्रोले वाम, कम्युनिस्ट र समाजवादका नाममा जनतामाथि दलाल पुँजीपति वर्गको अधिनायकत्व लाद्ने काम गर्छन् । सामाजिक दलाल पुँजीवादको विशेषता के हो भने सुरुमा निजी पुँजीको उन्मूलनको सिद्धान्तअन्तर्गत धेरै-थोरै निजी पुँजी समाजको नाममा गरेर वा गर्ने भ्रम दिएर जनताको विश्वास जित्न क्रियाशील हुने अनि पछि गएर पुँजीको मालिकत्व हत्याएर सामाजिक पुँजीलाई निजीकरण गर्ने वा बिनास्रोत आर्जन गरिएको पुँजीको रक्षा गर्ने साम्राज्यवादी शक्तिको दलाली गर्ने रहेको छ । त्यसैले लोकतान्त्रिक र वाम गठबन्धन भनेका दलाल पुँजीवादी र सामाजिक दलाल पुँजीवादी गठबन्धन हुन् । यसलाई उनीहरू संसदीय लोकतन्त्रको दुई पार्टी प्रणाली पनि भन्ने गर्दछन् । तर यो दलाल पुँजीपति वर्गको अधिनायकत्व हो । यो दलाल पुँजीवादमा जहाँ भ्रष्टाचार संस्थागत हुन्छ, बेरोजगारी बढ्छ, कमिसनका लागि देश र जनताको क्रमशः व्यापार गरिन्छ र अन्ततः राष्ट्रको अस्तित्व मेट्ने खत्तरा हुन्छ । राष्ट्रिय प्राकृतिक साधनस्रोतहरूको बहुराष्ट्रिय कम्पनीद्वारा गरिने दोहन र चुनावमा नेताहरूद्वारा गरिने अत्यधिक खर्चले यही तथ्यको उजागर गर्दछन् । जहाँ बिदेसिन बाध्य युवाहरूको रेमिट्यान्स, विदेशी अनुदान ऋण र आईएनजीओ/एनजीओबाट देश चल्छ । त्यहाँ कसरी राष्ट्र र जनताको विकास र समृद्धि होला ? त्यसैले यसमा जनताको असन्तुष्टियुक्त प्रश्न उठ्नु अनिवार्य छ । यहाँ स्पष्ट हुनुपर्ने के पनि छ भने यो दलाल पुँजीपति वर्गको अधिनायकत्व कार्यान्वयनको तेस्रो रूप धर्म र राष्ट्रवादका नाममा आउने सम्भावनाप्रति पनि सतर्क बनिरहनुपर्छ । वस्तुतः वर्तमान दलाल पुँजीवादी अधिनायकवादको अन्त्य गर्न एकीकृत जनक्रान्तिमार्फत नेपाली अधुरो क्रान्ति पूरा गरेर वैज्ञानिक समाजवादको स्थापना नै समस्याको सही समाधान हो र हुनेछ ।

> *जब २०६३ मङ्सिर ५ गतेको कथित 'शान्ति सम्झौता' मा जनयुद्धको अन्त्य गरियो तब प्रचण्डको देखिने गरी पतनको सुरुआत भयो । भाइचारा पार्टीले आलोचना गरे । जनमुक्ति सेनाका योद्धाहरूले नुहाएर पाप पखालेको व्यङ्ग्य गरे तर प्रचण्डले नयाँ तरिकाले क्रान्ति गर्ने र हुने दाबी गरिरहे । अहिले पनि त्यो ढिपी र ढोङ जारी छ । यद्यपि प्रचण्डको पतनको सुरुआत २०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनबाट संविधानसभाको नारासँगै प्रवेश भई एक्काईसौँ शताब्दीको जनवाद हुँदै दोस्रो खाराको हारपछि १२ बुँदे दिल्ली सम्झौतामा मूर्त भएको हो ।*

### प्रचण्डको उदय र पतन

प्रचण्डले जनयुद्धको पहल गर्नु एक महान् कार्य थियो । महान् जनयुद्ध एक युगान्तकारी कदम थियो र त्यो नेपाली समाजको अन्तरविरोधको उपज थियो । त्यो सुधीर शर्मा, कृष्ण पहाडीलगायत कतिपयले दाबी गरेजस्तो विदेशी स्वार्थको उपज थिएन । यद्यपि प्रचण्डको पतन र जनयुद्धको परिणामले उनीहरूको यो दाबी अगाडि आएको हो । ऐतिहासिक जनयुद्धको पहल र विकाससँगै प्रचण्डको उदय भयो । वास्तवमा जनयुद्धले नेपाल र नेपालीहरूलाई महान् क्रान्तिकारी प्रक्रियामा डोऱ्यायो । यसले सामाजिक रूपान्तरण र राजनीतिक परिवर्तनलाई तीव्रता दियो । गौतम बुद्ध, पृथ्वीनारायणको एकीकरण र सगरमाथापछि जनयुद्धले नै नेपाललाई विश्वमा चिनायो एक स्वाभिमानी क्रान्तिकारी देशका रूपमा । अद्वितीय त्याग, बलिदान र उत्सर्गको प्रक्रियाद्वारा कम्युनिस्ट विचार र जनवादी/समाजवादी आन्दोलनलाई आक्रामक रूप दियो । वस्तुतः जनयुद्ध नेपाली वर्गसङ्घर्षको उच्च र केन्द्रीकृत अभिव्यक्ति थियो जसले गणतन्त्र स्थापनाको आधार बनाइदियो । यसरी छोटो समयमा परिवर्तनप्रति जनताको आशा र विश्वासलाई केन्द्रीकरण गर्दै प्रचण्डको नेतृत्व एक शक्तिका रूपमा अगाडि आयो ।


जब २०६३ मङ्सिर ५ गतेको कथित 'शान्ति सम्झौता' मा जनयुद्धको अन्त्य गरियो तब प्रचण्डको देखिने गरी पतनको सुरुआत भयो । भाइचारा पार्टीले आलोचना गरे । जनमुक्ति सेनाका योद्धाहरूले नुहाएर पाप पखालेको व्यङ्ग्य गरे तर प्रचण्डले नयाँ तरिकाले क्रान्ति गर्ने र हुने दाबी गरिरहे । अहिले पनि त्यो ढिपी र ढोङ जारी छ । यद्यपि प्रचण्डको पतनको सुरुआत २०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनबाट संविधानसभाको नारासँगै प्रवेश भई एक्काईसौँ शताब्दीको जनवाद हुँदै दोस्रो खाराको हारपछि १२ बुँदे दिल्ली सम्झौतामा मूर्त भएको हो । यो प्रचण्ड पतनको प्रक्रिया जनमुक्ति सेनाको साँचो बुझाउँदै अस्थायी ब्यारेकमा पुरानो सेनालाई हुलेर जनमुक्ति सेनालाई कब्जा गर्दै पहिलो संविधानसभाको विघटनसँगै सम्पन्न भएको हो । यहाँ बुझ्नुपर्ने कुरा के छ भने यो प्रक्रियामा वैचारिक नेतृत्व बाबुरामले गरे । बाबुराम नेहरू डक्ट्रिनसहित उनको समाजवादद्वारा परिचालित भए । यसरी वैचारिक र साङ्गठनिक अन्तर्विरोध वा प्रचण्ड-बाबुरामको प्रतिस्पर्धामा बाबुरामलाई जित्न प्रचण्ड पतनको प्रक्रियाले तीव्रता पायो । यसरी पछिल्लो कथित लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिमा प्रचण्ड नै त्यस्ता पात्र हुन् जो नेपाल र नेपालीको स्वाभिमान, समृद्धि र क्रान्तिकारी परिवर्तनका विरुद्ध अरू सबैभन्दा सजिलै प्रयोग हुन बाध्य छन् ।

पार्टीको २०६१ को चुनबाङ बैठक जसले लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिलाई पास गरेर निरङ्कुश राजतन्त्रका विरुद्ध लोकतान्त्रिक शक्तिसँग सहकार्यको नीति अघि साऱ्यो जसको व्यावहारिक अभिव्यक्ति २०६२/०६३ को जनआन्दोलन र शान्तिप्रक्रिया हो । त्यो कार्यनीति अगाडि सार्दा स्पष्ट गरिएको छ- निरङ्कुश राजतन्त्रको अन्त्यपछि स्थापना हुने लोकतान्त्रिक गणतन्त्रलाई संसदीय पार्टीहरूले बुर्जुवा गणतन्त्र, हाम्रो सन्दर्भमा दलाल पुँजीवादी गणतन्त्रमा बदल्न सङ्घर्ष गर्नेछन् भने हाम्रो कम्युनिस्ट पार्टी तत्कालीन माओवादी पार्टीले त्यो गणतन्त्रलाई जनगणतन्त्र, हाम्रो सन्दर्भमा स्वाधीन जनगणतन्त्रमा बदल्न सङ्घर्ष गर्नेछ । तर विडम्बना ! प्रचण्डको पतनले उनी त्यो गणतन्त्रलाई दलाल पुँजीवादी गणतन्त्रमा बदल्ने संसदीय शक्तिको नाइके बन्न पुगे । यसरी प्रचण्डले क्रान्तिमा दिएको धोका र गरेको गद्दारीका कारण एकातिर क्रान्तिप्रतिको अविश्वास र आशङ्का बढ्न गयो भने अर्कोतिर देश र जनताको आवश्यकता, आशा र अपेक्षा अनि क्रान्तिकारी नेतृत्वको आत्मगत अवस्थाबीचमा ठुलो अन्तर पर्न गयो । तर कमरेड विप्लवको नेतृत्वमा क्रान्तिकारी पहलकदमी लिइएपछि यो अन्तर मेट्ने अभियानमा तीव्रता आयो ।

नेपालमा सामन्ती राजतन्त्रको अन्त्यपछि आउनुपर्ने राष्ट्रिय पुँजीवादको ठाउँमा किन दलाल पुँजीवाद आयो ? किन क्रान्ति सफल हुन सकेन ? पछिल्लो समयमा विश्वमा नै क्रान्ति किन हुन सकेको छैन ? यस्को उत्तर खोज्ने दायित्व क्रान्तिकारीको काँधमा आयो । यो दायित्व पूरा गर्ने क्रममा विशेषतः क्रान्तिको कार्यदिशा सामान्यतया मालेमाको नै विकास गर्न नसकेकाले क्रान्ति हुन नसकेको निष्कर्ष आयो । त्यसैले कमरेड विप्लवको नेतृत्वमा उक्त विकासको परिणामस्वरूप एकीकृत जनक्रान्तिको संश्लेषण भएको कुरा स्पष्ट नै छ । नयाँ कार्यदिशा कार्यान्वयनका क्रममा कुनै पार्टी र संस्थाविशेष नभई दलाल पुँजीवादी प्रवृत्ति र पात्रहरू निशानामा परिरहेका छन् र यसमा जनताहरूको उत्साहपूर्ण सहभागिता रहने गरेको छ । यो तथ्यलाई जति छिटो बुझ्न सकिन्छ त्यति छिटो क्रान्तिको समस्या सामाधान गरी देश र जनताको आवश्यकता र अपेक्षा पूरा गर्न सकिन्छ ।

अन्त्यमा, हाम्रा बाबुबाजे इन्डियामा मजदुरी गरेर फर्कने क्रममा सिमानामा डाँका लागेजसरी नेपालमा क्रान्ति सम्पन्न हुने बेला दलाल पुँजीवादी डाँका लागेका छन् र क्रान्तिका साझा उपलब्धिहरू खोस्दैछन् । विडम्बना ! ती डाँकाहरू आफ्नै फौजबाट निस्केका छन् । जसरी हिजो सामन्तवाद र पुँजीवाद अन्त्य गरेर समाजवाद ल्याउन प्रचण्ड लडे आज त्योभन्दा दोब्बर शक्तिका साथ वैज्ञानिक समाजवाद रोक्न र दलाल पुँजीवादको रक्षा गर्न लडिरहेका छन् । पछिल्लो नेपाली राजनीतिको सकारात्मक र नकारात्मक परिणामसँग प्रचण्डको उत्थान र पतन अन्तरनिहित छ । निचोडमा भन्दा दलाल पुँजीवादजत्तिकै सामाजिक दलाल पुँजीवाद पनि देश र जनताको शत्रु हो । साथै प्रचण्ड यो सामाजिक दलाल पुँजीवादका प्रमुख नाइकेमध्ये एक हुन् ।

# आगामी शिक्षक आन्दोलनबारे



लालबहादुर बीसी

नेपालका क्रान्तिकारी शिक्षकहरूको एक मात्र पेसागत संस्था अखिल नेपाल शिक्षक सङ्गठनको छैटौँ राष्ट्रिय सम्मेलन यही २०७४ साल फागुन ११ र १२ गते कैलालीमा हुँदैछ । यही सन्दर्भमा शिक्षक आन्दोलनलाई अब कसरी लिनु पर्दछ भन्ने विषयमा आलेखमार्फत प्रस्ट पार्न खोजिएको छ ।

शिक्षकको पेसागत हकहित र शैक्षिक सुधारका लागि मागहरू राखेर शिक्षक आन्दोलन हुँदै आएको छ । २०३६ सालमा भएको शिक्षक आन्दोलनले प्राप्त गरेका उपलब्धिबाहेक पछिल्लो चरणमा भएका शिक्षक आन्दोलनबाट शिक्षकहरूले केही पनि पाएका छैनन् । शिक्षकहरू पनि आस्थाका आधारमा दर्जनौँ शिक्षक सङ्गठनमा सङ्गठित भएका छन् । २०३६ सालमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले गरेको आन्दोलनबाट सञ्चयकोष, स्थायी गर्ने प्रक्रिया, ग्रेडजस्ता उपलब्धि भएका थिए । त्यसपछिको समयमा शिक्षक आन्दोलनका क्रममा सरकारसँग पटकपटक सहमति भए तर कार्यान्वयन हुन सकेनन् । शिक्षकहरूका मागहरू विशुद्ध पेसागत मात्र छैनन् । मुलुक र जनताका पक्षमा हुने शिक्षाप्रणालीको निर्माण र सुशासनसँग जोडिएका छन् । २०४२ सालको काठमाडौँ जाऔँ आन्दोलन, २०६४ जेठमा नेपाल शैक्षिक गणतान्त्रिक मञ्चले गरेको ११ दिने शैक्षिक संस्था बन्दको आन्दोलन र २०६८ पुसदेखि चैतसम्म भएको संयुक्त शैक्षिक आन्दोलन नेपालको इतिहासमा महत्वपूर्ण र स्मरणीय छन् । एकल आन्दोलन त दर्जनौँपटक भएका छन् । जबजब शिक्षक आन्दोलन उत्कर्षमा पुग्छ सरकार आन्दोलनकारी शिक्षकहरूसँग माग पूरा गर्ने सहमति गर्छ तर सहमति कार्यान्वयन कहिल्यै गर्दैन । यो विषयलाई आमशिक्षक-कर्मचारीहरूले गहिरोसँग बुझ्न जरुरी छ । शिक्षक-कर्मचारीका माग पूरा नहुने कारणहरू यसप्रकार छन्-

> **शिक्षक आन्दोलन राजनीतिक आन्दोलनसँग एकाकार गर्नुपर्दछ । शिक्षकहरूले पेसागत आन्दोलन गर्दा शिक्षामा आमूल परिवर्तन र शैक्षिक सुधारका एजेन्डालाई समेत उठाउनु पर्दछ । एकीकृत जनक्रान्तिको कार्यदिशासँग ट्रेड युनियन अधिकार र पेसागत हकहितको एजेन्डालाई जोडेर आमशिक्षक र विद्यालय कर्मचारी आन्दोलनमा सहभागी हुनुपर्छ ।**

१. शिक्षक समुदाय श्रमिक वर्ग हो । श्रमिकको माग पूरा हुन श्रमिकका पक्षमा हुने राजनीतिक व्यवस्था चाहिन्छ । अहिलेको दलाल संसदीय व्यवस्थाले शिक्षक-कर्मचारीको माग पूरा गर्दैन । संसदीय पार्टीको गलत सोचाइ र चिन्तनले गर्दा श्रमिक पक्षीय ऐननियम बन्दैन ।

२. शिक्षामा विदेशी बजेट ससर्त ल्याउने गरिएको छ । त्यसैले हाम्रो शिक्षा नीति निर्माण विदेशीको स्वार्थमा बन्ने गर्दछ । हाम्रो देशको मौलिकता र आवश्यकतामा शिक्षा नीति नबन्ने भएकाले ।

३. नेपालमा राजनीतिक व्यवस्था फेरबदल भइरहेको छ । तर सत्ताको संरचना राणाकालीन आधारमा रहेको छ । कर्मचारीतन्त्रमा पुरानो सोचाइ र चिन्तन हावी छ । कर्मचारीतन्त्रले नयाँ परिवर्तनलाई आत्मसात गर्दैन । शिक्षक-कर्मचारीको माग पूरा हुन नदिन कर्मचारीतन्त्रले अनावश्यक बखेडा गर्छ । माग पूरा हुन दिँदैन । शिक्षा नीति सत्ता र संरचनामा कर्मचारीतन्त्र हावी छ जसका कारण श्रमिकका पक्षमा काम हुँदैन ।

४. पेसागत र शैक्षिक मुद्दामा शिक्षक-कर्मचारी एकताबद्ध हुन सकेका छैनन् । शिक्षकहरूको साझा संस्था नेपाल शिक्षक महासङ्घ बनाए पनि त्यो पुरानो आग्रह र पूर्वाग्रहबाट माथि उठ्न सकेको छैन । केही शिक्षकहरूका संस्थाहरू अहिले पनि शिक्षक महासङ्घमा आबद्ध छैनन् ।

५. शिक्षक-कर्मचारीले उठाएका शैक्षिक र पेसागत मुद्दाहरू जनताका बीचमा पुऱ्याउन सकिएको छैन । शिक्षकले उठाएका मुद्दाहरू पेसागत मात्र नभएर जनताको शिक्षामा पहुँच पुऱ्याउने र शैक्षिक गुणस्तरसँग जोडिएका छन् । यी विषय अभिभावकको बीचमा पुऱ्याउन नसक्दा जनताको साथ शिक्षकले पाउन सकेका छैनौँ । शिक्षकले आफू सरकारी विद्यालयमा पढाउने, आफ्ना सन्तान निजी स्कुलमा पढाउने र निजी बोर्डिङमा लगानी गर्ने गरिएकाले जनतामा शिक्षकहरूप्रति नकारात्मक दृष्टिकोण निर्माण भएको छ । शिक्षकको कक्षाकोठाप्रति उदासीनताले गर्दा शिक्षक र अभिभावकबीच सम्बन्ध राम्रो बन्न सकिराखेको छैन ।

हाम्रो देशको शिक्षक आन्दोलन घिसेपिटे प्रकारको छ । सहमति सम्झौतामा टुङ्गिन्छ, कार्यान्वयन हुँदैन । यसैले गर्दा शिक्षकका संस्था र यसको नेतृत्वमाथि आमशिक्षक-कर्मचारीको विश्वास छैन । आगामी दिनमा शिक्षक-कर्मचारीको बीचमा एकता गरी बदलिँदो परिस्थितिमा नयाँ आधारमा शिक्षक आन्दोलन उठाउनु पर्दछ । दलाल संसदीय पार्टी स्वदेशी/विदेशी गैरसरकारी संस्थाको प्रभावबाट शिक्षक आन्दोलनलाई मुक्त गर्नुपर्दछ । अभिभावक र विद्यार्थीको सहयोग र समर्थन पाउने वातावरण निर्माण गर्नुपर्दछ । आन्दोलनलाई सम्झौतामा टुङ्ग्याउने संस्कार र संस्कृति अन्त्य गर्नुपर्दछ ।

शिक्षकको पेसागत हकहित प्राप्त गर्न शिक्षक-कर्मचारीलाई सङ्गठित गरी लक्षित उद्देश्य पूरा गर्न योजनाबद्ध ढङ्गले कार्यक्रम निर्माण गरी सम्बन्धित पक्षसँग आवाज पुऱ्याउने प्रक्रिया नै शिक्षक नेतृत्व हो । शिक्षक नेतृत्वमा सामाजिक संवाद र सौदाबाजी गर्ने सीप चाहिन्छ । पेसाप्रति जबाफदेही, उत्तरदायित्व लिनसक्ने, शैक्षिक बहस र पैरवी गर्नसक्ने र आवश्यकता अभियान सञ्चालन गर्नसक्ने क्षमता नेतृत्वमा हुनुपर्दछ । साथै शैक्षिक विचार दृष्टिकोण दिनसक्ने, उक्त विचारका आधारमा सदस्यहरूलाई सङ्गठित गर्नसक्ने क्षमता पनि नेतृत्वमा हुनुपर्दछ । शिक्षक नेतृत्वको मुख्य कार्यक्षेत्र, संवाद, सहकार्य, वृत्तिविकास, सङ्गठन निर्माण, कार्यसम्बन्ध विस्तार, मार्गचित्र निर्माण, दूरदृष्टि लक्ष्य निर्धारण, कार्यपत्र र प्रतिवेदन लेखन, सेमिनार तथा बैठक सञ्चालन र पक्षीकरण हुनुपर्दछ ।

हाम्रो देशका शिक्षकहरूको नेतृत्व शिक्षक-कर्मचारीबाट कति धेरै कटेको छ भने उनीहरूमाथि शिक्षक-कर्मचारीकै विश्वास छैन । जब आस्थाको सरकार बन्दछ, जिशिअ, विनि, आरपी र शिक्षकहरूको आर्थिक लेनदेनमा सरुवा गर्न व्यस्त हुने गर्दछ । शिक्षक नेतृत्व शैक्षिक गुणस्तरको कुरा गर्ने तर आफू विद्यालयमा कहिल्यै नजाने गर्दछ । आन्दोलनलाई सम्झौतामा टुङ्ग्याउन लाग्ने, आफू केन्द्रित माग राख्ने आत्मकेन्द्रित उत्तरआधुनिकतावादको प्रभावमा परेको छ । यस्तो चिन्तन र दृष्टिकोण भएको शिक्षकको नेतृत्व र संस्थाले शिक्षक-कर्मचारीको पेसागत सुरक्षा गर्न सक्दैन । शिक्षण नेतृत्व सही क्रान्तिकारी विचारबाट प्रशिक्षित, त्याग र बलिदान गर्ने हुनुपर्दछ । शिक्षक नेतृत्वको सक्षमता भनेकै शैक्षिक चिन्तन, दृष्टिकोण निर्माण, मानवस्रोत व्यवस्थापन क्षमता र कार्य व्यवस्थापन कला हुनुपर्दछ साथै जनताको सुख-दुःखसँग प्रत्यक्ष जोडिएको हुनुपर्दछ ।

हाम्रो देशमा भएका समाज रूपान्तरण र राजनीतिक परिवर्तनको आन्दोलनमा शिक्षक समुदायको महत्वपूर्ण योगदान रहेको छ । राजनीतिक परिवर्तनमा सक्रियतापूर्वक सहभागी शिक्षकहरू सत्ता र सरकार परिवर्तनपछि शासकहरूको उत्पीडनमा रहनु परेको छ । संसदीय पार्टीहरूले आन्दोलन र निर्वाचनको समयमा फुर्क्याएर शिक्षकहरूलाई परिचालन गर्ने, सरकारमा गएपछि शिक्षकहरूले राजनीति गर्नु हुँदैन भनेर कोकोहोलो मच्चाउने गर्दछन् । यसको प्रत्यक्ष उदाहरण शिक्षा ऐन २०२८ को आठौँ संशोधनमा शिक्षकले राजनीति गर्नु हुँदैन भन्ने कुरा संसदीय पार्टीहरूले सदनबाट पारित गरेका छन् । अहिले स्थानीय निकायका करप्टेड प्रतिनिधिहरूले शिक्षकहरूलाई सरुवाको धम्की दिइरहेका छन् । शिक्षा विभाग चुप बसेको छ । शिक्षा ऐन मात्र ७५३ वटा बन्ने भएका छन् । स्थानीय निकायका प्रतिनिधिहरूले शिक्षानीति निर्माणमा निजी स्कुलको प्रतिनिधि राखेर निजीकरणलाई प्रोत्साहन दिइरहेका छन् । श्रमऐन २०७४ लाई कार्यान्वयन गर्ने विषयमा स्थानीय निकाय मौन छ । शिक्षक व्यवस्थापनका विषयमा सरकारसँग कुनै योजना छैन ।

शिक्षक एउटा बौद्धिक श्रमिक समुदाय हो । आजको सूचनाप्रविधि र विज्ञानमा आएको परिवर्तनका कारण मजदुरको परिभाषा पनि परिवर्तन भएको छ । हस्तकृत श्रमको

... बाँकी पृष्ठ ७ मा

# केपीको सामाजिक दलाल पुँजीवाद र दुईध्रुवीय अन्तर्विरोध



चिरन पुन

**विषय प्रवेश**

'तीव्र गतिको क्रूरतामा सारा शक्ति लुकेको हुन्छ।' दोस्रो विश्वयुद्धको बेला तानाशाह हिटलरले यही नारासहित विश्व जित्न निस्केका थिए। हजार वर्षसम्म शासन गर्ने उनको कल्पना केवल २२ वर्षमै समाप्त हुन पुग्यो। आफूलाई कहिल्यै नहार्ने, कहिल्यै नझुक्ने र कहिल्यै नढल्ने कल्पना गरेका हिटलर सन् १९४५ अप्रिल ३० मा आत्महत्या गरेर मर्नुपर्ने अवस्था उत्पन्न भयो। यसले के कुरा पुष्टि गर्छ भने जहाँ अन्याय हुन्छ त्यहाँ विरोध हुन्छ। जहाँ विरोध हुन्छ त्यहाँ दमन हुन्छ। जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ। यसरी जनताको प्रतिरोधले उत्पीडनकारी शासनसत्ता फालिदिन्छ र नयाँ शासन व्यवस्थाको सुरुआत गरिदिन्छ। यही प्रक्रियाले आजसम्म संसार अघि बढ्दै यहाँसम्म आइपुगेको छ।

**केपीको प्रारम्भिक यात्रा**

अहिले एमाले नेता केपी पुरानो सत्ताको प्रधानमन्त्री बनेका छन्। प्रधानमन्त्री बनेको १ साता पनि नपुग्दै नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठनको तेस्रो राष्ट्रिय सम्मेलनका क्रममा विराटनगरमा पार्टीका स्थायी समिति सदस्य कमरेड सुदर्शन र पीबीएम कमरेड विकासलाई गिरफ्तार गरेर आफ्नो प्रारम्भिक पहिचान दिलाएका मात्र छैनन्, शान्तिपूर्ण कार्यक्रम गर्न पाउने जनताको अधिकारमाथि धावा बोलेर कथित गणतन्त्रात्मक संविधानको धज्जी पनि उडाएका छन्। केपी सरकार प्रारम्भिक चरणमै नेकपाका नेता/कार्यकर्ता, समर्थक /शुभचिन्तकलाई गिरफ्तार गर्ने, झुट्टा मुद्दामा फसाउने, जेल हाल्ने योजनामा लागिपरेको देखिन्छ। भारतीय साम्राज्यवादले दिनहुँ सीमा मिचिरहेको छ। भ्रष्टाचारले जनता आक्रान्त बनेको छ। मुलुक कालोबजारी/कमिसनखोर, तस्कर/बिचौलियाहरूको रजाइँस्थल बनेको छ। राष्ट्रघात र जनघातका कैयौँ समस्याहरू जकडिएर बसेका छन्। मूल्यवृद्धिले आकाश छोएको छ। दिनहुँ हजारौँ युवा बिदेसिने क्रम रोकिएको छैन। राजनीति ठेकेदार, व्यापारी र तस्करहरूको हातमा पुगेको छ। यी र यस्ता समस्याहरूतिर केपीको कुनै ध्यान छैन। तर नेकपाका नेता/कार्यकर्ता खोज्न, गिरफ्तार गर्न, झुट्टा मुद्दामा फसाउन टुप्पीदेखिको बल लगाएर कस्सिएका छन् केपीमण्डलीहरू।

केपीका विश्वासपात्र मानिएका कथित १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधनले त युवा सम्मेलनमा आएका सबैलाई गिरफ्तार गरेर मुद्दा लगाउनुपर्ने निर्देशन जारी गरेको कुरा बाहिरै आयो। कथित चुनावको बेला जनताले गरेको प्रतिकारबाट संयोगले जीवनदान पाएका शेरधनहरू र केपीहरूलाई सायद लागेकै होला- नेकपा गिरफ्तारीले झुक्छ ! झुट्टा मुद्दाले आत्तिन्छ ! जेल/नेल/हिरासतले तर्सिन्छ ! पुलिस/प्रशासनको रबैयाले थर्किन्छ ! यो केवल पुरानो संसद्वादी व्यवस्थाको बासी विचार/प्रवृत्ति र तरिका मात्र हो। यसले न नेपाल कम्युनिस्ट पार्टीको गौरवपूर्ण यात्रा रोकिन्छ, न त एकीकृत जनक्रान्तिको लहर जनतामा पुग्न छोड्छ। बरु क्रान्तिकारीहरूलाई ऊर्जा दिलाउनेछ, एकीकृत जनक्रान्तिलाई सान लगाउनेछ। नेता/कार्यकर्ता/समर्थक/शुभचिन्तक र आम क्रान्तिकारी जनसमुदायलाई झनै ज्वाला बनेर हुर्कन सिकाउनेछ। प्रतिबद्ध र जुझारु बनाउनेछ। चुस्तदुरुस्त बन्न भूमिका निर्वाह गर्नेछ। नेकपा बुझेरै यो दलाल संसद्वादी व्यवस्था फाल्न कस्सिएको हो। जानेरै यो दलाल व्यवस्थाको स्थानमा वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन तम्सिएको हो।

केपी गुटलाई हेक्का रहोस्, जर्मनमा एडोल्फ हिट्लर ढले, इटालीका तानाशाह बेनिटो मुसोलिनीलाई सन् १९४५ को अप्रिलमा मुक्तिसेनाको हातबाट गिरफ्तार भई मिलानको चौबाटोमा फाँसी दिइयो। फ्रान्सिस्को बहमन्डे फ्रेङ्को कम्युनिस्टविरोधी (स्पेनी तानाशाह) उनको पनि अन्त्य भयो। तत्कालीन फासिवादका विश्वासपात्र बनेका बेलायती प्रधानमन्त्री नेविल चेम्बरलेन र विन्स्टन स्पेन्सर चर्चिलजस्ताको सत्ता बेलायतमा टिकेन। अजम्मरीको बुटी खाएको पञ्चायत ढल्यो। राजा ज्ञानेन्द्रको सत्ता पल्टियो। जनताको आवाजलाई दमन गरेर, प्रहरी लगाएर, मुद्दा हालेर एकीकृत जनक्रान्तिलाई रोक्न सकिन्छ भन्ने लागेको छ भने नेकपा त्यसको प्रतिकारमा तमतयार रहेकै विषय हुने नै भयो।

**सामाजिक दलाल पुँजीवाद**

मार्क्सले पेरिस कम्युन टिक्न नसक्नुमा मुख्य यी ४ कारणहरू रहेको बताउनुभएको छ- एक : बुर्जुवाहरूमाथि सर्वहारा अधिनायकत्व लागू गर्न नसक्नु, दुई : सेना निर्माण नगर्नु, तीन : बैङ्क तथा वित्तीय संस्थाहरू कब्जा गर्न नसक्नु, चार : बुर्जुवा वर्गले दिएको झुट्टो आश्वासनप्रति बढी विश्वास गर्नु। मार्क्सको यो भनाइ निकै सान्दर्भिक छ। पेरिस कम्युनमा यी विषयहरूलाई ध्यान दिइएको भए सायद पेरिस कम्युनको आयु लम्बिन सक्थ्यो होला। रसियामा मार्च १९१७ मा जारशाहीको अन्त्य, ७ नोभेम्बर १९१७ मा अक्टोबर क्रान्ति सम्पन्न भयो। यो नै पहिलो वैज्ञानिक समाजवादी सत्ता थियो। रुसको सन्दर्भमा भन्नुपर्दा बोल्सेबिकहरू जनताको असली पात्र बन्न सफल बने र उनीहरूकै नेतृत्वमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल पनि भए तर मेन्सेबिकहरू दक्षिणपन्थी बाटो समात्दै पतनको बाटोमा लागे। यही सन्दर्भ नेपालमा पनि लागू हुने र देखिने विषय बन्यो। त्यही मेन्सेबिक र खुस्चेबी बाटोमा यहाँका केपी/प्रचण्ड गुट लागे र सामाजिक दलाल पुँजीवादको खाल्डोमा भास्सिन पुगेका छन्।

अहिले झापा विद्रोहबाट जन्मिएको एमाले/केपी तथा १० बर्से महान् जनयुद्धबाट उम्रिएका माके/प्रचण्डको नेतृत्वमा बनेको कथित वाम गठबन्धन पूरै सामाजिक दलाल पुँजीवादी गठबन्धनमा पतन भएको छ। यसको रूप पक्षलाई हेर्दा यो वाम खोलमा छ, कम्युनिस्ट झन्डामा छ। नामका अघि वा पछि कम्युनिस्ट शब्द झुन्ड्याएर पनि हिँड्ने गर्दछ। केही समृद्धि र समाजवादको कुरा पनि गर्दछ। केही

**भारतीय साम्राज्यवादले दिनहुँ सीमा मिचिरहेको छ। भ्रष्टाचारले जनता आक्रान्त बनेको छ। मुलुक कालोबजारी/कमिसनखोर, तस्कर/बिचौलियाहरूको रजाइँस्थल बनेको छ। राष्ट्रघात र जनघातका कैयौँ समस्याहरू जकडिएर बसेका छन्। मूल्यवृद्धिले आकाश छोएको छ। दिनहुँ हजारौँ युवा बिदेसिने क्रम रोकिएको छैन। राजनीति ठेकेदार, व्यापारी र तस्करहरूको हातमा पुगेको छ। यी र यस्ता समस्याहरूतिर केपीको कुनै ध्यान छैन। तर नेकपाका नेता/कार्यकर्ता खोज्न, गिरफ्तार गर्न, झुट्टा मुद्दामा फसाउन टुप्पीदेखिको बल लगाएर कस्सिएका छन् केपीमण्डलीहरू।**

विकास र समानताको नारा पनि लगाउँछ तर यसको सार पक्षलाई हेर्दा यो पूरै सामाजिक दलाल पुँजीवादमा पतन भएको छ। दर्शनमा विचलन, सिद्धान्तमा विचलन, राजनीतिमा विचलन, कम्युनिस्ट रणनीति र कार्यनीतिमा विचलन, नैतिकतामा विचलन हुँदै यो पूरै भ्रष्टीकरणमा पुगेको छ। उत्तरसाम्राज्यवादको दलाली र चाकडी यसको पर्यायवाची बनेको छ। निगम पुँजीलाई प्रोत्साहन दिने र बिचौलिया पुँजीबाट आफ्नो भुँडी भर्ने खेलोमेलो यसको दैनिकी बनेको छ। दलाल संसदीय व्यवस्थालाई अजम्मरीको बुटी मानेर संसद्वादमा चुर्लुम्मै डुबिसकेको छ। राष्ट्रघात, जनघात, जनहत्या, लुटपाट, तस्करी, कालोबजारी, ठेक्कापट्टा र कमिसनको चक्करमा देशलाई बन्धकी राख्नसमेत तयार बनेको एमाले/माके गठबन्धन सामाजिक दलाल पुँजीवादमा पूरै पतन भैसकेको छ। त्यसैले यो प्रवृत्तिसँग जनताले मित्रशक्तिको भूमिकाले हैन, पूरै दुस्मन शक्तिको व्यवहार सम्पूर्ण ढङ्गले बदलिनुपर्ने आवश्यकता बनेको छ। एकातिर क्रान्तिकारी शक्ति वा जनताको बलियो एकता, अर्कोतिर दलाल संसद्वादी सत्ता, दलाल तथा सामाजिक दलाल पुँजीवादी शक्ति र प्रवृत्तिका बीच हुने लडाइँ/द्वन्द्व वा अन्तर्विरोधले वैज्ञानिक समाजवादको जन्म दिनेछ। एकीकृत जनक्रान्तिको माध्यमबाट हामी वैज्ञानिक समाजवादी व्यवस्थाको सङ्घारमा प्रवेश गर्नेछौँ।

अक्टोबर क्रान्तिले क्रान्तिकारीका लागि महान् योगदानहरू दिएको सन्दर्भ हाम्राअगाडि जगजाहेर छ। पहिलो वैज्ञानिक समाजवादी सत्ता स्थापना, सर्वहारावर्गीय अधिनायकत्व लागू, मार्क्सवादका आधारमा पार्टी सङ्गठन निर्माण, कम्युनिस्ट पार्टीको सङ्गठनात्मक पद्धतिको विकास, तेस्रो अन्तर्राष्ट्रिय स्थापना र विकास, समाजवादलाई विश्वभर फैलाउनु, मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादमा विकास गर्नु र सोभियत मजदुर, किसान र सेनासहित स्थापना गर्नु रहेका छन्। यो वैचारिक परिवेशको बाटोमा हिँड्नुको साटो पूरै विचलन र पदभ्रष्ट हुँदै दलाल पुँजीवादी प्रवृत्तिजस्तै सामाजिक दलाल पुँजीवादी प्रवृत्ति पनि जनविरोधी तत्वमा परिणत बनेका छन्।

सोभियत सङ्घमा कमरेड स्टालिनको मृत्युपछि निकिता ख्रुस्चेबको आगमनले जसरी ५ सिद्धान्त- एक : शान्तिपूर्ण सहअस्तित्व, दुई : शान्तिपूर्ण सङ्क्रमण, तीन : शान्तिपूर्ण प्रतिस्पर्धा (आर्थिक), चार : सम्पूर्ण जनताको राज्यसत्ता, पाँच : सम्पूर्ण जनताको पार्टीका नाममा ख्रुस्चेबी संशोधनवाद लागू गऱ्यो। त्यसैगरी केपी/एमाले र प्रचण्ड/माके पनि पूरै क्रान्तिकारी भूमिकाबाट च्यूत बन्दै सामाजिक दलाल पुँजीवादमा भासिएका छन्। जनताका निम्ति दलाल पुँजीवादजस्तै खतरनाक भूमिकामा सामाजिक दलाल पुँजीवाद पनि क्रियाशील छ। यो शक्ति पूरै जनविरोधी र राष्ट्रविरोधी कित्तामा पुगिसकेको छ। दलाल संसद्वादी सत्ताको असली मतियार बनेर साम्राज्यवादको सेवामा लम्पसार परी संसद्वादको सेवामा लागेका शक्ति सामाजिक दलाल पुँजीवादीहरू हुन्। एमाले/माके गठबन्धनले लिएको सामाजिक दलाल पुँजीवादी बाटो जनहित र राष्ट्रहितविपरीत छ। त्यसैले यसका विरुद्ध सबै क्रान्तिकारीहरू गोलबन्द र एकताबद्ध हुनु आवश्यकता छ।

**आजको दुईध्रुवीय अन्तर्विरोध र हाम्रो पक्षधरता**

पुँजीवादी/साम्राज्यवादी/उत्तरसाम्राज्यवादी अन्तर्विरोध दुई ध्रुवमा वा बहुध्रुवमा केन्द्रीकरण हुँदै गैरहेको छ। विश्व अर्थतन्त्र निगम पुँजीको हातमा प्रवेश गर्दै त्यहाँ पनि बहुध्रुवीय अन्तर्विरोध खडा भएको छ। हालै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सिनेटमा रुस र चीन अमेरिकाका प्रतिद्वन्द्वी रहेको र रुस र चीनसँग रणनीतिक प्रतिस्पर्धा गर्नुपर्ने प्रस्ताव गरेर आफ्नो अलग ध्रुवको पहिचान विश्वसामु प्रस्ट्याए। अमेरिका र उत्तरकोरियाबीच बढेको तनाव, आणविक होडबाजी, तत्काल रुसले त्यसका विरुद्ध गरेको प्रतिवाद, चीनले गरेको भर्त्सना मननयोग्य बनेको छ। दक्षिणएसियामा चीन र भारतको दोक्लाममा भएको विवाददेखि गत डिसेम्बरमा भारतीय जासुसी ड्रोनलाई चीनले खसालेका सन्दर्भहरूले एसियामा समेत यो ध्रुव देखापर्दै गैरहेको छ। पाकिस्तान र भारतको निरन्तर विवाद, रणनीतिक साझेदार देश अमेरिका पाकिस्तानलाई छोडेर भारततर्फ मोडिएको छ। पाकिस्तान खुलेआम चीनसँगको गठबन्धनमा पुग्नुले दक्षिणएसियामा समेत अन्तर्विरोधले चुली चुम्दै गैरहेको अवस्था बनेको छ। कहाँसम्म भने विज्ञ र जानकारहरूले फेरि तेस्रो विश्वयुद्ध र शीतयुद्धको प्रक्रियामा प्रवेश गरेको कुरा बारम्बार बताइरहेका छन्।

यसै सन्दर्भमा नेपालको राजनीतिमा पनि दुईध्रुवीय अन्तर्विरोध देखापरेको छ। विश्वस्तरमा मुलुकहरूका बीच अन्तर्विरोध छ भने हाम्रो देशमा भिन्न प्रवृत्तिहरूमा दुईध्रुवीय द्वन्द्व उत्पन्न भएको छ- एकातिर दलाल पुँजीवादी धार, सामाजिक दलाल पुँजीवादी धार, राजावादी संसदीय पुँजीवादी धार र मधेसवादीसहितको दलाल संसदीय व्यवस्थालाई मान्ने प्रवृत्तिहरू क्रियाशील छन् भने अर्कोतिर, क्रान्तिकारी दर्शन, सिद्धान्त र राजनीतिक धारको वरिपरि किसान, मजदुर, श्रमजीवी मध्यमवर्ग, देशभक्त, राष्ट्रवादीलगायत क्रान्तिकारी शक्तिहरू क्रियाशील बनेका छन्। यी शक्तिहरूबीचको द्वन्द्व र अन्तर्विरोधले निर्णायक क्रान्तितर्फ मुलुकलाई जबर्जस्ती धकेलिरहेको परिवेश बन्दै गैरहेको छ। यसले एकातिर दलाल संसद्वादीहरूको गठजोडलाई बढाउँदै लगेको छ भने अर्कोतिर देशभक्त तथा राष्ट्रभक्त शक्तिहरूको बलियो एकता, मजदुर, किसान, मध्यमवर्ग (नयाँ श्रमिक वर्ग), युवा, विद्यार्थी, महिला, बुद्धिजीवी, शिक्षक, कर्मचारी, देशभक्त, राष्ट्रभक्तलगायत क्रान्तिकारी जनसमुदायहरूको ध्रुवीकरण र एकतालाई बलियो बनाउने दिशातर्फ केन्द्रीकरण बन्दै गएको छ। अहिलेको सन्दर्भमा देखापरेको यही अन्तर्विरोधले पुरानो दलाल संसदीय सत्तालाई अन्त्य गर्ने एकीकृत जनक्रान्तिको बीजारोपण भएको छ। वैज्ञानिक समाजवादको ढोका खोल्ने आधार सिर्जना भएको छ। नेपाल कम्युनिस्ट पार्टी यो अभियानमा लागेको छ। कमरेड विप्लवको नेतृत्वमा क्रियाशील यो पार्टी नै क्रान्तिकारी जनताको साथ र समर्थनमा एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनार्थ लामबद्ध बनेको छ। आवश्यक जेल/नेल/हिरासत, आवश्यक बलिदान र आवश्यक प्रतिवादयुक्त एकीकृत जनक्रान्तिको सुन्दर मार्गमा लागेको छ। यही पक्षधरता क्रान्तिकारीहरूको सही पक्षधरता बनेको छ। गिरफ्तार कामरेडहरू रिहा गर ! केपी/प्रचण्डको सामाजिक दलाल पुँजीवाद मुर्दावाद ! एकीकृत जनक्रान्ति– जिन्दावाद ! वैज्ञानिक समाजवाद जिन्दावाद !

---

# मालेमावाद र नेपाली क्रान्ति



डा. भगवानचन्द्र ज्ञवाली

वर्तमान युगमा विश्वमा क्रान्ति र रूपान्तरणको नेतृत्व गर्ने एकमात्र पार्टी कम्युनिस्ट पार्टी नै हो। कम्युनिस्ट पार्टीलाई विचार र व्यवहारमा मागदर्शन गर्ने विचारधारा भनेको मार्क्सवाद, लेनिनवाद र माओवाद नै हो भन्ने कुरा हामी सबैलाई थाहा छ। तथापि हामीमध्ये धेरैलाई कम्युनिस्ट विचारधारा वा मालेमावादको वास्तविक अर्थ र प्रयोग के हो र यसका अङ्ग-उपाङ्गहरू के हुन् भन्नेबारे राम्रो ज्ञान नहुनसक्छ। कतिपयलाई त मार्क्सवाद नै मार्क्सवाद लेनिनवाद माओवाद हो भन्ने समेतमा भ्रम हुनसक्छ किनभने कैयौँ कार्यकर्ताको मालेमासम्बन्धी ज्ञान अपूर्ण, अपर्याप्त र सतही रहेको पाइन्छ। मालेमावादलाई बुझ्न त्यसका भित्री तहसम्म पुग्नुपर्ने हुन्छ।

मार्क्ससँग मिलेर कम्युनिस्ट विचारधाराको प्रथमतः प्रतिपादन र विकास गरिसकेपछि सन् १८४७ मा एङ्गेल्सले द थ्योरी अव कम्युनिजम भनी एउटा लेख तयार पारे। उनले कम्युनिजमलाई बडो सरल भाषामा यसरी परिभाषित गरेका छन्- कम्युनिजम भनेको सर्वहारा वर्गको मुक्तिका लागि पूर्वावश्यकताको सिद्धान्त हो। यस सङ्क्षिप्त परिभाषामा एङ्गेल्सले के व्यक्त गरेका छन् भने कम्युनिस्ट विचारधाराको सार भनेको श्रमजीवी वर्गले अन्तिम मुक्ति प्राप्त गर्न आवश्यक सिद्धान्त हो र त्यस्तो स्वतन्त्रता वा मुक्ति साम्यवादी समाज स्थापित गरेपछि मात्र सम्भव हुन्छ। त्यसै कुरालाई स्टालिनले क्रान्तिलाई प्रकृतिसँग जोड्दै यसरी व्यक्त गरेका छन्-मार्क्सवाद भनेको प्रकृति र समाज विकासलाई अनुशासित गर्ने विधि हो। दमित र शोषित जनसमुदायको क्रान्तिको विज्ञान हो। सम्पूर्ण देशहरूमाथि समाजवादी विजय हासिल गर्ने र साम्यवादी समाज निर्माण गर्ने विज्ञान हो। यसरी स्टालिनले अझ अघि बढेर मार्क्सवादका व्यापक क्षेत्रतिरसमेत सङ्केत गरेको प्रस्ट हुन्छ।

प्रथमतः यो विज्ञान हो जसले समाज सम्बद्ध मात्र हैन प्रकृति सम्बद्ध प्रश्नको पनि उत्तर दिन्छ। त्यसैले मार्क्सवादलाई सर्वव्यापक विज्ञान हो भन्न सकिन्छ। दोस्रो कुरा यो क्रान्तिको विज्ञान हो। यस्तो क्रान्ति विगतमा धनी बुर्जुवाहरूले गरेको पुँजीवादी क्रान्ति जस्तो नभएर यो गरिब श्रमजीवी जनसमुदायले गर्ने क्रान्ति हो। तेस्रो कुरा यो समाजवादी र साम्यवादी समाज निर्माण गर्ने विज्ञान हो। त्यसै विज्ञानलाई हामी यसको स्थापना र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कार्ल मार्क्स, भ्लादिमिर इल्यिच लेनिन र माओत्सेतुङको नामसँग जोडेर मार्क्सवाद, लेनिनवावाद र माओवाद वा मालेमावादका नामले चिन्दछौँ। यसलाई स्थापित र व्याख्या गर्नमा थप योगदान दिने अरू दुईजना महान् गुरुहरू एङ्गेल्स र स्टालिनलाई पनि हामी उनीहरूसँगै नाम लिन्छौँ। एङ्गेल्स मार्क्सलाई मार्क्सवाद प्रतिपादन गर्नमा अत्यन्त नजिकबाट सहयोग गर्ने र मार्क्सको मृत्युपछि त्यसको थप विकास गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मार्क्सका घनिष्ट मित्र हुन् भने स्टालिन लेनिनको मृत्युपछि मार्क्सवाद र लेनिनवादको रक्षा र थप समृद्ध पार्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति हुन्। मार्क्सवादको मूल पक्ष भनेको द्वन्द्वात्मक भौतिकवादी दर्शन र ऐतिहासिक भौतिकवादको खोजी हो। मार्क्सवादको राजनीतिक अर्थशास्त्रले पुँजीवादी गतिविधिको नियम र त्यसको अन्तर्द्वन्द्व तथा श्रमिकको शोषणको आधार बनेको अतिरिक्त मूल्यको सिद्धान्तलाई प्रकाशमा ल्यायो। यसरी मार्क्सवाद भनेको वर्गसङ्घर्षमा आधारित वैज्ञानिक समाजवादको सिद्धान्त र सर्वहारा वर्गको वर्गसङ्घर्षको विधिलाई निर्धारण गर्ने सिद्धान्त हो।

लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको मार्क्सवाद हो। यो रुसी क्रान्तिको विकासका सन्दर्भमा विकसित भएको हो। त्यसबेला लेनिनले दोस्रो इन्टरनेसनलको अवसरवादका विरुद्ध लड्दै तेस्रो इन्टरनेसनलमार्फत अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अघि बढाएका थिए। मार्क्सवादको प्रतिरक्षा र विकास गर्दा लेनिनवादले साम्राज्यवादको अधीनमा पुँजीवादका गतिविधि र त्यसले साम्राज्यवादी शक्तिलाई अनिवार्यतः युद्धसम्म कसरी धकेल्छ भन्ने नियम पत्ता लगायो। साथै बुर्जुवा जनवादी क्रान्तिकालमा सर्वहारा वर्गीय क्रान्तिका सिद्धान्त र व्यवहारको गुणात्मक विकाससँगै समाजवादी क्रान्तिको खोजी गऱ्यो। यसले सर्वहारा अधिनायकत्वबारे स्पष्ट बोध, समाजवादी संरचनासम्बन्धी प्रथम नियम अनि जातीय आन्दोलन र उपनिवेशहरूमा पीडित जनताका आन्दोलनको सिद्धान्त र मार्गदर्शन गरेको छ र ती जातीय मुक्ति आन्दोलनहरूलाई विश्व समाजवादी क्रान्तिसँग जोडेको छ। अनि नयाँ प्रकारको लेनिनवादी पार्टीको साङ्गठनिक सिद्धान्त प्रतिपादन गरेको छ। लेनिनवादको रक्षा र विकास गर्दा स्टालिनले खास गरेर समाजवादी निर्माणको अवधिमा शासन व्यवस्थासम्बन्धी नियम र सिद्धान्तमा योगदान पुऱ्याएका छन्।

**नेपालको विशिष्ट स्थितिमा अब सशस्त्र सङ्घर्षको स्वरूप के हुने र कसरी कस्तो हुने भन्ने विषयमा बहस र छलफल हुनसक्छ। २०४१ सालमै नयाँ जनवाद र दीर्घकालीन जनयुद्धको प्रस्ताव पारित गरे पनि २०५२ देखि सुरु भएको महान् जनयुद्धलाई निष्कर्षमा पुऱ्याउने हिम्मत हराएका नेतृत्वले पछिल्लो समयमा साम्राज्यवादीहरूको इसारामा दक्षिणपन्थी संशोधनवादी नीति अँगाली नेपाली जनवादी क्रान्तिलाई पथभ्रष्ट पारेर नियोजित रूपमै समाप्त पाऱ्यो र जनता र क्रान्तिलाई गम्भीर रूपमा विश्वासघात गऱ्यो।**

माओवाद वर्तमान युगका सन्दर्भमा मार्क्सवाद र लेनिनवादको विकास र विस्तार हो। चिनियाँ क्रान्तिको यात्रामा, समाजवादी निर्माणका प्रक्रियामा, आधुनिक संशोधनवादका विरुद्ध लड्ने क्रममा र विशेषतः महान् सर्वहारवादी सांस्कृतिक क्रान्तिकालमा माओत्सेतुङले यसको विकास गरेका हुन्। माओवादको थप योगदान भनेको अन्तर्विरोधको सिद्धान्त, जनताबाट जनतामा भन्ने मास लाइनको ज्ञान र त्यसलाई सूत्रबद्ध गर्ने सिद्धान्तको प्रतिपादन, नौलो जनवादको सिद्धान्त, उपनिवेश र अर्धउपनिवेशहरूका लागि क्रान्तिको बाटो सूत्रबद्ध गर्ने काम र क्रान्तिका तीन जादुगरी हतियार- क्रान्तिकारी पार्टी, जनसेना र संयुक्त मोर्चालाई सूत्रबद्ध गर्ने काम पनि हो। त्यसका साथै माओवादले दीर्घकालीन जनयुद्धको सिद्धान्त र सैनिक कल्याणको सिद्धान्तको विकास गरेको छ।

माओवादले दुई लाइनको सङ्घर्षको ज्ञानद्वारा सर्वहारा पार्टीको साङ्गठनिक सिद्धान्तको विकास, आलोचना आत्मालोचनाद्वारा पार्टीको आन्तरिक परिशोधन, सोभियत चिनियाँ अनुभवका आधारमा समाजवादी राजनीतिक अर्थशास्त्रको विकास र समाजवादमा सङ्क्रमणको प्रक्रियामा अन्तर्विरोधलाई ठीक ढङ्गले सञ्चालनका रूपमा समाजवादी निर्माण प्रक्रियामा द्वन्द्ववादी बुझाइको विकास गरेको छ। अनि अर्को महत्वपूर्ण कुरा अन्ततः समाजवादलाई सुदृढ गर्न सर्वहारा वर्गको अधिनायकत्वमा क्रान्तिलाई निरन्तर जारी राख्ने व्यवहार र सिद्धान्तको विकास गरेको छ। साथै त्यसले आधुनिक संशोधनवाद र पुँजीवादको पुनर्स्थापनाका विरुद्ध लड्ने सिद्धान्त र व्यवहारको पनि विकास गरेको छ। त्यसको ठोस अभिव्यक्ति सर्वहारावादी महान् सांस्कृतिक क्रान्तिमा भएको देख्न सकिन्छ। यसरी मार्क्सवाद, लेनिनवाद र माओवाद पृथक् विचारधार नभएर उही एउटै विचारधाराको निरन्तर विकास र समृद्धि हो भन्ने कुरामा कुनै विवाद रहँदैन।

अब नेपाली सन्दर्भमा मालेमावादको व्यावहारिक प्रयोग कसरी गर्ने र क्रान्ति सम्पन्न गर्नुका साथै प्रतिक्रान्तिबाट त्यसको रक्षा र समृद्धीकरण कसरी गर्न सकिन्छ भन्ने कुरा नै अहिलेको गम्भीर प्रश्न बनेर हाम्रा साम्ने तेर्सिएको छ। २००७ सालमा नेकपाको निर्माण भएपछिका यी ६५ वर्षहरूमा हामीले केके गऱ्यौँ र अब के गर्न बाँकी छ भन्ने यसभित्रको मूल आशय हो।

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना राणाकालीन समयमा भएको थियो। नेपालमा सर्वप्रथम माओवादको आवश्यकता र औचित्यप्रति कमरेड किरणको नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टी (मशाल) ले जोड दियो र नेपाली क्रान्तिको पथप्रदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद लेनिनवाद माओवादप्रति प्रतिबद्धता जनाएको थियो। मालेमावादको नयाँ जनवादी क्रान्ति, क्रान्तिका तीन जादुगरी हतियार- देशभक्तसँगको संयुक्त मोर्चा, जनसेना र सशस्त्र सङ्घर्ष नेपाली क्रान्तिका आधारभूत पक्ष हुन्। नेपालको विशिष्ट स्थितिमा अब सशस्त्र सङ्घर्षको स्वरूप के हुने र कसरी कस्तो हुने भन्ने विषयमा बहस र छलफल हुनसक्छ। २०४१ सालमै नयाँ जनवाद र दीर्घकालीन जनयुद्धको प्रस्ताव पारित गरे पनि २०५२ देखि सुरु भएको महान् जनयुद्धलाई निष्कर्षमा पुऱ्याउने हिम्मत हराएका नेतृत्वले पछिल्लो समयमा साम्राज्यवादीहरूको इसारामा दक्षिणपन्थी संशोधनवादी नीति अँगाली नेपाली जनवादी क्रान्तिलाई पथभ्रष्ट पारेर नियोजित रूपमै समाप्त पाऱ्यो र जनता र क्रान्तिलाई गम्भीर रूपमा विश्वासघात गऱ्यो।

अब नेपाली जनताले पुनः एकीकृत जनक्रान्तिलाई पूरा गर्नु इतिहासका सन्दर्भमा एउटा कर्तव्य बनेको छ। त्यसो

... बाँकी पृष्ठ ७ मा

▶▶ १ पेजबाट क्रमशः

# दलाल पुँजीको विस्थापन, राष्ट्रिय पुँजीको स्थापन

राष्ट्रिय उद्योगको प्रवर्द्धन गर्ने नीतिमा आधारित रहने गरी निर्माण गरिनुपर्छ भन्ने बहस र सङ्घर्ष पनि चल्दै आएको हो। तर दलाल पुँजीको फन्दामा परेका नेपाली शासकहरूले त्यो फन्दाबाट मुक्त हुनेभन्दा अरु कसिने बाटो रोज्दै आए र प्राकृतिक सम्पदालाई स्वाधीन बनाउने काम केवल सङ्घर्षको प्रक्रियाबाट अहिले नेपाली जनताको अभिभाराका रूपमा आएको छ।

'श्रीपेचमाथि मणि' का रूपमा चिनिने माथिल्लो कर्णाली परियोजना नेपालको आर्थिक मेरुदण्ड हुनसक्छ भन्ने तथ्य नेपालका विज्ञहरूले मात्र होइन, यसका बारेमा जानकारी लिने विश्वका सबै मानिसहरूले भन्न सक्छन् र भन्ने गरेका छन्। यो परियोजनाबाट नेपालमा राष्ट्रघात भएको छ र सच्याउनुपर्छ भन्ने धारणा पनि विषयको गाम्भीर्यलाई बुझेका सबै नेपालीहरूमा छ। केही घटनाक्रमहरूलाई लिऊँ- एमाले नेता झलनाथ खनाल प्रधानमन्त्री बहाल रहँदा मेरो नेतृत्वमा एउटा डेलिगेसन प्रधानमन्त्रीको कार्यालयमा गयो। एमाले, माओवादीलगायत सभासद् र विज्ञहरूले माथिल्लो कर्णालीका विषयमा प्रकाश पारेपछि झलनाथको भनाइ थियो- त्यो सम्झौतामा वास्तवमा राष्ट्रघात भएको छ। त्यसमा हामीले आग्रह गरेका थियौँ- त्यो सम्झौता प्रधानमन्त्री रहँदै खारेज गरियो भने राष्ट्रको हितमा ठूलो काम हुनेछ र झलनाथलाई इतिहासले नेपालको राष्ट्रवादी नेता भनेर चिनाउने ठूलो अवसर दिनेछ। त्यसमा झलनाथको भनाइ एक प्रकारले कटु तर ठट्यौलीपूर्ण थियो- 'कमरेड, यो सम्झौताको पीडाले मलाई पनि पोलेको छ। तपाईंले मेरो प्रधानमन्त्रीको कुर्सी बचाइदिनुहुन्छ भने यो राष्ट्रघाती सम्झौता खारेज गरिदिन्छु।' अफसोस ! झलनाथबाट त्यो परियोजना खारेज गर्ने काम भएन र उहाँको कुर्सी पनि रहेन। अर्को घटना छ, अन्तर्राष्ट्रिय जलऊर्जा सङ्गठनका उपाध्यक्ष अस्ट्रेलियन नागरिकसँग कुरा गर्ने अवसर मिल्यो। उद्योग वाणिज्य महासङ्घ भवनको माथिल्लो तलामा भएको त्यो छलफल चल्दै गर्दा कान्तिपुर पत्रिकाका संवाददाता पुगे। कुराको प्रसङ्ग र प्रकृति हेरेर ती उपाध्यक्षले पत्रकारलाई नबस्न आग्रह गरे। ती पत्रकार हिँडिहाले। छलफलका क्रममा उनको भनाइ थियो- 'माथिल्लो कर्णाली परियोजना जुन हालतमा छ त्यही हालतमा बन्ने हो भने आउने कैयौँ पुस्ताहरूका विरुद्ध घोर अपराध (हेनियस क्राइम) हुनेछ। मलाई चिन्ता छ, तपाईंको पार्टी र नेपाली जनताले त्यसको रक्षा कसरी गर्छन्। मलाई आशा छ त्यसको रक्षा हुनेछ र जनताको हितमा हुनेछ।' तेस्रो दृष्टान्त छ, नेपालका कैयौँ वकिलहरू, विज्ञहरू र बुद्धिजीवीहरूले यो परियोजना खारेज गर्न नेपालको सर्वोच्च अदालतमा मुद्दा दायर गरे। वरिष्ठ अधिवक्ता एकराज भण्डारी, रमण श्रेष्ठ, कपिल शर्मा र सहयोगीहरूले कानुनी बहस र सङ्घर्ष गरे। त्यसमा त्यतिबेला माओवादी एउटै पार्टीमा रहेको अवस्थामा एउटा मुद्दा सुर्खेत निवासी माओवादी नेत्री चन्द्रा थानी र सहयोगीहरूले सर्वोच्च अदालतमा दायर गरे। स्थानीय बासिन्दाको जस्तो आभास हुने त्यो मुद्दा तुलनात्मक रूपले प्रभावी रह्यो र पार्टीको आन्दोलनसँग जोडिएका कारण एकजना न्यायाधीबको इजलासले परियोजना स्थगन गरी कारण देखाउन सरकारलाई आदेश दियो। त्यो आदेशबाट क्रुद्ध बनेका भारतीय दूतावासका एकजना कर्मचारीले भने, 'नेपालका सर्वोच्च अदालतका ' मादरचोद' न्यायाधीशहरू भारतको जिल्ला अदालतको जत्रो क्षमता पनि राख्दैनन्।' उनको त्यो आक्रमण नेपाली न्यायालयको राष्ट्रिय हितको रक्षा गर्ने कदमका विरुद्ध थियो र त्यो हाम्रो पार्टी र स्वाधीनताको आकाङ्क्षा राख्ने सबै स्वाभिमान नेपालीका विरुद्धको पनि थियो। त्यतिबेला नेपाली न्यायालयविरुद्धको भारतीय रवैया सहिसक्नु भएन, प्रतिवादसमेत गर्नुपर्‍यो। त्यसपछि नेपाल सरकारले अति गोप्य भन्दै रातो रिबनले बाँधेको माथिल्लो कर्णालीका विषयमा सम्झौताको प्रतिलिपि अदालतमा पठायो। अदालतले त्यो रिबन काट्ने आँट गरेन र त्यो 'अति गोप्य रहेछ हेर्न नमिल्ने' भन्दै फिर्ता पठायो र अदालतको काम रोक्का गर्ने अन्तरिम आदेशको आयु छोटो अवधिमा समाप्त भयो। तर मुद्दा अहिले पनि चलिरहेको छ।

राष्ट्रघात र नेपाली नेताहरूको मनोदशाको शृङ्खलामा पहिलेको एउटा घटना रोचक छ। पश्चिम सेती सम्झौता राष्ट्रघाती भएको विषयमा नेपालका तमाम बुद्धिजीवी, प्राविधिज्ञ, राजनीतिक पार्टीका नेताहरूले लामो समयदेखि सङ्घर्ष गरिरहेका थिए। शान्तिप्रक्रियामा आएपछि त्यो विषयलाई हामीले जोडदार तरिकाले उठाएका थियौँ। हाम्रै पार्टीका तर्फबाट र पार्टीका वरिष्ठ नेताहरूको नेतृत्वमा पश्चिम सेती परियोजना खारेज गरी नेपालको हितमा र नेपाली राष्ट्रिय पुँजीको विकास गर्ने उद्देश्यका साथ निर्माण गर्नुपर्छ भनेपछि भारतीयहरू नेपालका दलाल पुँजीपतिहरूलाई पनि अप्ठ्यारो परिरहेको थियो। प्रचण्ड प्रधानमन्त्री भएको समयमा प्रधानमन्त्री निवास बालुवाटारमा पश्चिम सेतीका तर्फबाट एउटा वृत्तचित्र कार्यक्रम देखाइयो। प्रचण्डको बोलावटमा मेरो उपस्थिति जलस्रोत अभियन्ताका हिसाबले विशेष नै थियो। वृत्तचित्रपछि प्रचण्डले प्रतिक्रिया बुझ्न चाहे। तत्कालीन सहयोद्धा शक्ति बस्नेत, प्रभाकरलगायत एमाले, काङ्ग्रेसका नेताहरू र प्राविधक तथा इन्जिनियरहरूले पश्चिम सेतीको बढाइचढाइ गरे। मैले त्यो सहमति राष्ट्रघाती भएको र त्यो खारेज गर्नुपर्ने तथ्य राखेँ। त्यतिबेला प्रभाकरको भनाइ थियो, 'मैले पनि पश्चिम सेती र माथिल्लो कर्णाली बचाउन कोसिस गरेको हुँ, सकिनँ।' त्यसपछि त्यतिबेलाका जलस्रोतमन्त्री विष्णु पौडेलले मप्रति इङ्गित गर्दै भने, 'धर्मेन्द्रजी, तपाईंले पढेको सम्झौता नक्कली हो। सक्कली सम्झौता पढ्न मेरो मन्त्रालयमा आउनुहोला।' विष्णु पौडेलको त्यो प्रसङ्ग रोचक लाग्यो र मैले तुरुन्त प्रतिवाद गरेँ, 'हुनसक्छ, मैले पढेको सम्झौता नक्कली होला। तपाईंको टेबलमा रहेको सम्झौता सक्कली हो भन्ने के ग्यारेन्टी छ ?' जलस्रोतमन्त्री बनेका विष्णु पौडेलको सम्मानमा चोट पुगेको सहज अनुमान गर्न सकिन्थ्यो। उनी हावाले उडाएको सुकेको पातजस्तो देखिए। यस्ता तमाम प्रसङ्गहरू रहेका छन् जहाँ नेपालका शासक एकाधिकारवादी पुँजीपतिको गोटी बनेको उजागर भएका छन्।

माथिल्लो कर्णाली परियोजना अहिलेसम्मको सर्भेमा चार अर्ब डलरको लगानीमा ४१८० मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ। यसलाई सरोवरीय परियोजना बनाउँदा नेपाली विज्ञहरूको भनाइअनुसार नदीमा करिब ४० प्रतिशत पानी वृद्धि हुन पुग्छ जसको कारण भारतमा बग्ने पानीमा समेत कमी आउने छैन। यसरी परियोजना निर्माण गर्दा नेपालको समथल भूभाग बाह्रै महिना सिँचाइ गर्न पुग्ने मात्र होइन, भारतीय क्षेत्रमा आउने बाढी र डुबान पनि नियन्त्रण गर्नेछ र नियन्त्रित पानीको मूल्य दिन सक्दा भारतमा समेत सिँचाइका लागि ठूलो मद्दत पुग्नेछ। माथिल्लो कर्णालीबाट उत्पादन हुने विद्युत्ले नेपालमा बन्द भएका ३० हजारभन्दा बढी उद्योगहरू सञ्चालनमा आउने मात्र होइन, नयाँ र ठूला उद्योगहरू खोल्न सकिनेछ। जलखेतीदेखि पर्यटन विकासमा ठूलो प्रभाव पर्नेछ। तर भारतले नेपालका सबै नदीनालाहरू कब्जा गर्ने नीतिभित्र नेपालका नदीहरू दर्ता गरेको छ।

माथिल्लो कर्णालीजस्तै अरुण तीन पनि नेपाली पुँजीको मेरुदण्ड बन्ने परियोजना हो। ९०० मेघावाट विद्युत उत्पादन हुने यो परियोजना जनताको प्रतिरोधका कारण कैयौँपटक खारेज पनि भयो। तर अहिले जनताको जमिनसमेत अधिकरण गरिएको छ। अरुण तीनका सन्दर्भमा पनि केही पेचिला प्रसङ्गहरू छन्। जनताको प्रतिरोधका बीच कम्पनी र नेपालको सरकारले अधिकरण गर्ने जमिनको मूल्य वितरण गर्‍यो। यसप्रकारको मूल्य हजार पर्नेलाई लाख र लाख पर्नेलाई दसौँ लाख भुक्तान गरियो। अधिकरण गरिएको जमिन बाटोबाट १५ मिटरका हिसाबले सम्झौता गरियो। दखल गर्दा ३० मिटरका हिसाबले गरिएको छ। यसप्रकारको जालसाजी र पैसाको खोलो बगाउने कुराले 'दालमे कुछ काला है' भन्ने सहज अनुमान सबैले गरेका छन्।

**नेपाली शासक र नेपालको विकास**

नेपालका शासकहरूको नीति विचित्रको रहेको छ। नेपाल, भारत, पाकिस्तान, फिलिपिन्स र क्यानाडाका विशिष्ट प्रतिनिधिहरूले भरिएको एउटा कार्यक्रममा पूर्वअर्थमन्त्री रामशरण महतलगायत तीनजना पूर्वअर्थमन्त्री र सबै गरी १८ जना मन्त्रीहरू उपस्थित थिए। नेपालको दलाल अर्थनीतिप्रति गौरव गर्दै रामशरण महतले भने, 'भारतको सस्तो कोइला ढुवानी गरी त्यसबाट बनेको सस्तो बिजुलीले नेपालको विकास गर्ने र नेपालको पानीबाट उत्पादित हुने महँगो बिजुली भारतलाई बेच्ने नीति मैले ल्याएको हुँ। यसले देशलाई सम्पन्न बनाएको छ।' उनको यो भनाइ तुरुन्त प्रतिवाद गर्नुपर्ने थियो। मैलै मेरो पालोमा भनेँ, ' भारतको झारखण्ड, उडिसामा उत्खनन गरेको कोइला रेलमा ललाई गरी वीरगन्ज ल्याउने, त्यहाँबाट ट्रकमा ढुवानी गरी थर्मोप्लान्टसम्म पुर्‍याएर निकालिएको बिजुली सामान्यतया प्रतियुनिट २५ रूपैया पर्ने सस्तो बिजुली उपयोग गरी देशको विकास गर्ने र माथिल्लो कर्णाली, अरुण तीन, माथिल्लो मर्स्याङ्दीजस्ता योजनाबाट निस्कने प्रतियुनिट १ रूपैयाँ पर्ने महँगो बिजुली भारतलाई दिने नीति बनाउने शासक देशमा भएपछि त्यो देशका जनता कङ्गाल नभएर कुन देशको हुन्छ ?' मेरो तर्क सुनेपछि रामशरण क्रुद्ध भए। मधेसी मूलका काङ्ग्रेसी नेताहरू पनि क्रुद्ध भए। त्यसपछि पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले माथिल्लो कर्णालीबारे एमओयूलगायत सम्झौता पढ्न आवश्यक भएको बताए।

यो प्रसङ्गबाट के प्रस्ट हुन्छ भने तमाम मन्त्रीहरू पनि सामान्यतया विदेशी कम्पनीहरूसँग भएका सम्झौताका बारेमा त्यति अध्ययन गर्दैनन् वा उनीहरू अर्काको कामको नाममा राष्ट्रिय हित हुने वा नहुने कुराको ख्याल पनि गर्दैनन्। जब नेपाली शासकहरू नै विकासका बारेमा प्रस्ट हुँदैनन् त्यो देशमा कसरी विकास हुन्छ ? उनीहरूले बाहिर जुन विकास भएको देखाउने गरेका छन् त्यो विकास होइन, त्यो नेपाली स्वाधीनताको विनास हो।

नेपाल अहिले पनि कृषिप्रधान देश मानिन्छ। नेपालका अर्थशास्त्रीहरूको भनाइ के रहेको छ भने नेपालको बजेटमा कृषिको योगदान शून्य प्रतिशत रहेको छ। देशमा आम्दानीको स्रोत हुने निर्यातमूलक उद्योगहरू बन्द छन्। देशको बजेट बनाउने रूपैयाँ कहाँबाट आउँछ ? त्यसको स्रोत केवल विप्रेषण, आयात कर, उपभोग कर र वैदेशिक ऋण हुने गरेको छ। त्यसमा आन्तरिक ऋण पनि थोपर्ने गरिएको छ जो देशको सम्पत्ति लुटेर जम्मा गरिएको पैसा हुन्छ। यसप्रकारको देशलाई फेलियर देश भनिनछ।

विकासको प्रसङ्गमा नेपाली जलस्रोतलाई लाओस मोडेल बनाउने एकाधिकारवादी पुँजीवादी र नेपाली दलाल सत्ताको एउटा प्रयत्न हुँदै आएको र त्यसअनुसार नेपालका प्राकृतिक सम्पदाहरू प्रयोग गर्न खोजिएको छ। एकपटक हामी लाओसको नामथुन २ परियोजनाको किनारमा बसेर बिहानको खाना खाँदै थियौँ, बत्ती गयो र पङ्खाहरू बन्द भए। नेपाली टोलीमा व्यङ्ग्यपूर्ण हाँसोको फोहोरा छुट्यो। फिलिपिन र चिनियाँहरूले पनि कुरा बुझे र हाँसे। तर लाओसका मानिसले कुरा बुझेनन् र मुखामुख गरे। किन हाँस्नुभयो भनेर सोधे। त्यसमा चिनियाँ अधिकारीले भने, 'गर्मी भएको समयमा बत्ती गयो र पङ्खा बन्द भयो।'

नामथुन- २ को मोडेल गजबको छ। विश्वका ६ वटा ठूला कम्पनीले १००० मेगावाट बिजुली त्यहाँबाट उत्पादन गर्छन्। बिजुली सबै थाइल्यान्ड जान्छ र कलकारखानाहरू चल्छन्। मोटरसाइकल, कार, बस, कपडा सबै उत्पादन हुन्छ र त्यो लाओस निर्यात गरिन्छ। बिजुलीको बिक्रीबाट आएको रूपैयाँ ६ वटा कम्पनीले प्राप्त गर्छन् र लाओसको सरकारलाई केही कर तिर्छन्। रोचक कुरा के छ भने त्यो कर कति आउँछ भन्ने जनतालाई जानकारी गराइँदैन र

> "
> gkfndf clxn] ;DkO{f gkfnL pBf]ux¿ aGb dfq 5}gg\ jt{dfg bnfn kF"LjfbL Joj:yf sfod /xbF;DDf gkfnL pBf]u vf]Ng] gkfndf kF"L ;l~rt xg] jf:tljs hdfgtdf gkfnL ¿k}of" k|rngdf cfpg] Jofkf/ ljlgdodf ;Gthg cfpg] gkfnL /fli6«o kF"Lkltsf] ;+If0f ug]{ gkfnL kF"Lkltx¿n] cGt/f{li6«o ahf/df k|lt:kwf{ ug]{ Ifdtf agfpg] ;DkO{ ;Defjgfx¿sf] Eof;]S6f]dL e}s]sf] 5 . gkfnsf ;a} pBf]ux¿ aGb eP klg gkfn pBf]ulj"xLg 5}g . s]xL pBf]ux¿ rn] klg ef/tsf pBf]ux¿ rNg] cj:yf /xf];\ Jofkf/Joj;fo klg ef/tsf] pTkfbg dfq xf];\ /f]huf/L l;h{gf eP klg ef/tsf] dftxtleq dfq xf];\ eGg] gLlt 5 .
> "

त्यहाँको 'समाजवादी सरकार' पनि बदलिँदैन। मानौँ, सरकारमा चुनिनु र सरकार चलाउनु केही मानिसहरूको स्थायी जागिर हो। थाइल्यान्डमा उत्पादनपछि प्रयोग गरेर थोत्रा बनाइएका कार, बस र मोटरबाइक लाओसका हरेक गल्लीमा टालटुल पारेको भेटिन्छ। त्यही खरिदबिक्रीको प्रबन्ध मिलाउने बैङ्कहरू दुई दर्जनभन्दा बढी छन् र लाओस जनताको जीवनस्तर नेपालको जस्तै कमजोर छ।

लाओसका ऊर्जामन्त्रीसहित भ्रमणको समीक्षा गरीयो। नेपाली पत्रकार र राजनेताहरूले त्यो परियोजनाको दिल खोलेर प्रशंसा गरे। केही नबोलेपछि नेपाल हेर्ने फिलिपिन्सका अधिकारीले कस्तो लाग्यो भनेर मलाई सोधे। मलाई भने यो योजनाको प्रकृति र लाओस जनताको गरिबीले पिरोलिरहेको थियो। ६ जना खर्बपतिले एउटा टेबलमा पकवान पारेर राखेको सिङ्गो हाँस छुरी र काँटा लगाएर लुछ्दै पेट भरेको जस्तो लाग्यो। नेपालको सन्दर्भमा चाहे त्यो माथिल्लो कर्णाली होस् वा अरुण तीन, कोसी उच्च बाँध होस् वा पञ्चेश्वर परियोजना कुनै पनि परियोजना यो नीतिअनुसार लागू हुन सम्भव छैन भनेँ। मेरो जबाफबाट ती अधिकारी क्रुद्ध भए र 'कृपया यस्तो कुरा नेपालमा नभनिदिनुहोला' भन्दै आग्रह गर्न थाले। मेरो जबाफपछि नेपाली पत्रकार पनि क्रुद्ध बने र यत्रो पैसा कहाँबाट ल्याउनुहुन्छ भने। मैले उनलाई भनेको थिएँ, 'पैसाका लागि नआत्तिनुस्, पहिले परियोजना हामीले बनाउने निर्णय गरौँ। त्यसपछि एउटा छापाखाना राखेर रातदिन गरी रूपैयाँ छापौँला। रूपैयाँको सङ्कट पर्दैन।' ती पत्रकार रिसको आगोमा जलेर खरानी भएको सहज देखिन्थ्यो।

लाओस मोडेलको विकासबाट नेपालका कतिपय बुद्धिजीवी, राजनीतिज्ञ, पत्रकारहरू र प्राविधिज्ञहरू अभ्यस्त बनेको देखिन्छ जुन नेपाली जनताको दुर्भाग्य हो। यो प्रवृत्तिका विरुद्ध जनताले सङ्घष गर्नु परिरहेको अहिलेको वास्तविकता हो।

**भारतको स्वार्थ**

भारतले नेपालका सबै नदीहरूको पानी नियन्त्रण गर्न चाहेको छ र त्यसको उपयोग भारतले गर्न चाहेको छ। सामान्यतः भरतले नेपालको पानी नियन्त्रण गर्न खोजेको देखिन्छ तर किन ? त्यसको प्रसङ्ग निकै पेचिलो छ। किन भारतले अनेक प्रकारका सम्झौताहरू गरी पानीको प्रयोग भारतका लागि मात्र गर्न खोजेको छ ? विशेष रूपमा हेर्ने हो भने भारतले नेपालमा आर्थिक सम्पन्न हुने गरी विकासको नशबन्दी गर्न चाहन्छ। नेपालमा अहिले सम्पूर्ण नेपाली उद्योगहरू बन्द मात्र छैनन्, वर्तमान दलाल पुँजीवादी व्यवस्था कायम रहँदासम्म नेपाली उद्योग खोल्ने, नेपालमा पुँजी सञ्चित हुने, वास्तविक जमानतमा नेपाली रूपैयाँ प्रचलनमा आउने, व्यापार विनिमयमा सन्तुलन आउने, नेपाली राष्ट्रिय पुँजीपतिको संरक्षण गर्ने, नेपाली पुँजीपतिहरूले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने क्षमता बनाउने सम्पूर्ण सम्भावनाहरूको भ्यासेक्टोमी भैसकेको छ। नेपालका सबै उद्योगहरू बन्द भए पनि नेपाल उद्योगविहीन छैन। केही उद्योगहरू चले पनि भारतका उद्योगहरू चल्ने अवस्था रहोस्, व्यापारव्यवसाय पनि भारतको उत्पादन मात्र होस्, रोजगारी सिर्जना भए पनि भारतको मातहतभित्र मात्र होस् भन्ने नीति छ। नेपाल सताब्दीयौँसम्म भारत निर्भर रहोस् भन्ने नीति भारतीय सत्ताको रहने गरेको छ। त्यसका लागि नेपाललाई नियन्त्रण गर्ने सबैभन्दा राम्रो विधि पानीमाथिको नियन्त्रण हो।

सन् २०११ मा भारत सरकारको नीति प्रस्ट गर्दै पावर ट्रेडिङ कम्पनी भारतले नेपालको संविधानसभाका सदस्यहरूलाई प्रस्तुत गरेको वृत्तचित्रमा स्पष्ट गरिएको छ- कर्णाली पानीढलबाट उत्पादन हुने बिजुली भारतको बरेलीमा जम्मा गरिनेछ। गण्डक पानीढलको बिजुली मुजफ्फरपुरमा जम्मा गरिनेछ र कोसी पानीढलको बिजुली पूर्णियामा जम्मा गरिनेछ। नेपाललाई आवश्यक पर्ने बिजुली भारतबाट सानो लाइनबाट नेपाल लगिनेछ। यो परियोजनाअन्तर्गत जसरी नेपालका नदीनालाहरूमा सम्झौता गरिएको छ त्यसले नेपालको अधिकार पानीमा समेत गुमाइएको छ।

माथिल्लो कर्णाली परियोजनाको प्रारम्भिक सम्झौता एमओयूको धारा ३५, ३६, ३७ अनुसार भारतले निहुँ खोज्ने अवस्था आउने हो भने कर्णाली पानीढलले ओगट्ने जमिन करिब देशको भूभागको ३७ प्रतिशत भारतको नियन्त्रणमा हुनेछ। त्यो सम्झौताका आधारमा गरिएको पावर डिभेलप्मन्ट एग्रिमेन्ट पीडीएअनुसार भारतले निहुँ खोज्दा देश बेचेर पनि ऋण तिर्न नसकिने बोझ नेपाल र नेपालीमाथि आइपर्नेछ। भारतसँग भएका नेपालका नदी सम्झौताहरू भारतमा प्रवेश गरेको इस्ट इन्डिया कम्पनीका नाममा छिरेका बेलायती लुटेराको भन्दा पनि अझ खतरनाक देखा पर्छ।

नेपालका शासकहरूले समयमै यी राष्ट्रघाती सम्झौताहरू खारेज नगर्ने हो भने नेपालको अस्तित्व भारतको मुट्ठीभित्र पर्नेछ र नेपालका सन्ततिहरूले कैयौँ पुस्तासम्म दुःख पाउने अवस्था आउनेछ।

अहिलेको सम्झौताअनुसार भारतको कम्पनीले पनि विश्व बैङ्कबाट ऋण लिएर परियोजना निर्माण गर्ने कुरा रहेको छ। त्यसप्रकारको ऋणबाट उत्पादन भएको बिजुलीको उपयोग गर्नु पर्दा नेपालका लागि दुई गुना महँगो पर्नेछ। ऋण नै लिनु छ भने नेपाल सरकारले सीधै ऋण लिएर परियोजना बनाउनु र देशका औद्योगीकरणको प्रक्रियामा ऋण तिर्नु धेरै फाइदाजनक हुनेछ।

**भारतको डिजाइन र पानीको प्रयोग**

पानीको प्रयोगका लागि भारतका हजारौँ योजनाहरू हुन सक्छन्, त्यो भारतको कुरा हो र भारतजस्तो बिशाल भूभाग र जनसङ्ख्या भएको देशमा यसप्रकारका योजना हुनुपर्छ। तर भारतीय दृष्टिकोण नेपालले पानीको प्रयोग रणनीतिक प्रकृतिमा अथवा देशको व्यापक आर्थिक रूपान्तरणका लागि नगरोस् भन्ने नीति देखिन्छ। नेपालले उपयोग गर्ने पानीले भारतलाई कुनै नोक्सान हुँदैन बरु फाइदा नै हुने देखिन्छ। नेपालले सम्पूर्ण पानीलाई जलाशययुक्त परियोजनामा ढाल्ने हो भने पनि भारतका लागि वर्षाको पानीसमेत फाइदा हुन आउँछ र अहिलेको भन्दा बढी पानी प्राप्त हुनेछ। तर पनि भारत नेपाललाई पानी छुन नदिने नीति बनाउन चाहन्छ। किन ? यसको कारण छ। अहिले वैज्ञानिकहरूको के भनाइ रहेको छ भने केही दशकमा पृथ्वीको गर्भमा रहेको पेट्रोलियम पदार्थको निक्षेप सकिनेछ र अहिले विश्वमा भएको पोर्टेबल इन्धन (बोक्न सकिने इन्धन) आपूर्ति सङ्कटमा आउनेछ। त्यसका लागि पानीबाट विकास गरिने हाइड्रो-ग्याँस प्रमुख साधन हुनेछ। यसप्रकारको ग्याँस उत्पादन, भण्डारण र वितरणका लागि शुद्ध पानी, पहाड र दूनहरू आवश्यक पर्छ। भरतमा समुद्री पानी भए पनि शुद्ध बनाउन खर्चिलो हुनेछ र गङ्गा नदीमा जम्मा हुने सफा पानीको ७० प्रतिशत नेपाल भएर बग्ने गर्छ। तर पानी भएको भरतको सम्पूर्ण जमिन मैदानी भाग भएको कारण उत्पादन र भण्डारण असुरक्षित हुनेछ। यसप्रकारको ऊर्जा सङ्कट अमेरिका, रुस, चीन, भारत, जापान, बेलायत, फ्रान्स, जर्मनीलगायत देशहरूमा पैदा हुनेछ। नेपाल, ब्राजिल, चीन, लाओसजस्ता देशहरू अहिलेका तेलखानी भएका देशजस्तै हुनेछन्। त्यसकारण नेपालको पानी चीन, अमेरिका, रुस र बेलायतको नियन्त्रणमा नजाओस् र स्वयम् नेपाल पनि सम्पन्न भएर पानीको प्रयोग ऊर्जाका क्षेत्रमा गर्न सक्ने आर्थिक हैसियत बनाउन नसकोस् भन्ने नीतिमा भारत रहेको छ। नेपाली शासकहरूको दलाल अर्थतन्त्रमा चल्ने वर्तमान नीतिले भारतको यो उद्देश्यलाई मद्दत गरेका छन्।

**पानी नियन्त्रण र नेताको किनबेच**

नेपालको पानी नियन्त्रण गर्न भारतले नेपाली राजनीति, अर्थनीति, समाज विज्ञान, संस्कृतिलगायत हरेक क्षेत्रमा साम, दाम, दण्ड, भेदको नीति अपनाउँदै आएको छ। जतिबेला माथिल्लो कर्णाली सम्झौता भयो त्यो समयमा तत्कालीन माओवादी अन्तरिम सरकारबाट बाहिर आएको थियो र पुनः प्रवेशको अघिल्लो दिन थियो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले त्यो सम्झौता गरेका थिए। पछि माओवादीका मन्त्रीहरूले पनि त्यसमा सहमति जनाए। त्यस क्रममा काठमाडौँको हायात होटेलमा तीनवटा ब्रिफकेसहरू पुर्‍याइएको व्यापक हल्ला चल्यो, त्यो तीन नेताहरूलाई बुझाउनु थियो। गिरिजा र माधव नेपालले त्यो ब्रिफकेस त्यहीँ बुझे र प्रचण्डका लागि भनिएको ब्रिफकेस नयाँबजारको निवासमा पुर्‍याइयो।

जीएमआरको प्रमुख सुर्खेतमा माथिल्लो कर्णालीसम्बन्धी छलफल गर्न म आफैँ भएको आवासमा पुगेँ। छलफका क्रममा उनले आर्थिक व्यवस्थापनका कुरा गरे। त्यसले के पुष्टि गर्थ्यो भने जीएमआर कम्पनी नेताहरूको किनबेचको प्रक्रियाद्वारा प्राकृतिक सम्पदा नियन्त्रण गर्न चाहन्थ्यो। प्रचण्डसँग ब्रिफकेसको प्रसङ्गमा कुरा पनि भयो। त्यो सबै हल्ल्मा भएको उनको जिकिर थियो।

कर्णालीकिनारमा केही दलालहरू तयार गरिएका छन्। जमिनको मुआब्जाका नाममा अस्वाभाविक रकम बाँडिएको छ। अरुण तीनमा पनि त्यस्तै गरिएको छ।


अरुण तीनमा जति जमिन खरिद गरीएको छ त्यसको दुगुना जमिन नियन्त्रण गरिएको छ। खेलकुद र प्रतियोगिताका नाममा पैसा बाँडिएको छ। यसबाट देखिन्छ- भारतले स्थानीय बासिन्दादेखि केन्द्रीय नेताहरूसमेत खरिद गरी नेपालका प्राकृतिक सम्पदा आफ्नो हातमा पार्न चाहन्छ।

**एनसेल र दलाल पुँजीको भद्दा नमुना**

एनसेल कम्पनी मुनाफामूलक कम्पनी हो, यो सबैलाई जानकारी भएको विषय हो। सामान्यतया मुनाफा गरेको रकमबाट राज्यलाई कर तिर्नु कम्पनीको दायित्व हुन्छ तर एनसेलले सरकारले भनेअनुसार पनि ६२ अर्ब रकम कर तिरेको छैन। ६२ अर्ब कर तिर्नका लागि उसको कमाइ कति भयो होला ? मानौँ, टेलिफोनजस्तो सेवाप्रदायक कम्पनी भएका कारण मुनाफाको १० प्रतिशत कर तोकिएको छ भने र आम्दानीको १० प्रतिशत ६२ अर्ब हुन्छ भने बाँकी ९० प्रतिशत ५४८ अर्बभन्दा बढी हुन आउँछ। यो भनेको ५ खर्ब ४८ अर्व हो जो नेपालको अहिलेको कुल बजेट ११ खर्बको करिब आधाजस्तो हो। नेपालको कुल बजेटको आधाजस्तो कमाइ गर्ने कम्पनीले कर तिर्न सक्दैन भन्दै कर मिनाहा गर्ने अदालत, मन्त्री र कर्मचारीहरू कस्ता संस्थाहरू हुन् ? त्यसमा काम गर्ने मानिस कस्ता हुन् र किन यस्तो तर्क गर्छन् ? नेपाली जनताले सहज अनुमान गर्न सक्छन्। जुन-जुन देशका एकाधिकारवादी पुँजीपतिहरूले एनसेलका नाममा लगानी गरेका छन् र नेपाली सम्पत्ति लुट गरेका छन् ती देशहरूले कुनै कम्पनी जसले देशको कुल बजेटको आधा रकम मुनाफा गर्नेलाई कर छूट दिन सक्छ ? के यसप्रकारको लूट अमेरिका, बेलायत, रुस, चीन, जापान, अस्ट्रेलियाजस्ता देशहरूमा सम्भव छ ? यी देशहरूमा त यसप्रकारका भ्रष्टाचारीहरूलाई देशनिकालाको कुरा होइन, मृत्युदण्ड दिने गरिन्छ। तर आठौँ आश्चर्य भनेजस्तो नेपालका शासकहरू उनीहरूलाई पुरस्कार दिने गर्छन्। नेपालका शासकको हातको कुरा हुन्थ्यो भने उनीहरूले एनसेललाई नोबेल पुरस्कार र पुलिट्जर पुरस्कारको सिफारिस गर्थे किनकि नेपाली काङ्ग्रेस, एमाले र माकेका अर्थशास्त्रीहरूको परिभाषामा अन्य देशहरूमा मृत्युदण्ड पाउने अपराधीहरू यो देशका मालिक बन्ने क्षमता राख्छन् र सफल भएका छन्। जब कारबाही गर्नुपर्नेलाई सत्ताले पुरस्कृत गर्छ त्यतिबेला कारबाही गर्नुपर्ने र आफ्नो बचाउ गर्नुपर्ने अभिभारा पनि जनताको हातमा नै आइपर्ने हुन्छ। तर नेपाली जनताले यसप्रकारका कम्पनीहरूलाई पुरस्कृत गर्न सक्छन् ? त्यसकारण नेपाली जनताको दायित्व हुन्छ त्यसप्रकारका लुटेराहरूको संरचना ध्वस्त पार्ने र देशबाट खेद्ने। जनता अहिले त्यही गर्न बध्य भएका छन्। फागुन, २०७४

▶▶ संस्मरण डायरी

# जनयुद्धको डायरी



एकराज भण्डारी
वरिष्ठ अधिवक्ता

> “भरखरै मात्र संयुक्त क्रान्तिकारी जनपरिषद् भेरी-कर्णालीअन्तर्गत जाजरकोट जिल्ला जनसरकारको बैठक सम्पन्न भएको छ । हामी पनि जाजरकोटको रग्दामा सम्पन्न उक्त बैठकमा सहभागी भएर त्यहींबाट जुम्लातिर प्रस्थान गर्दैछौं । रग्दाबाट सेपुखोला बास बसेर हिजो सेपुखोलाबाट मूलसाम बास बस्न आइपुग्यौं । जाजरकोटको यो मूलसामबाट जुम्ला टोप्ला पुग्न स्थानीय जनतालाई पैदल आधा दिन लाग्छ ।

**२०६० साल भदौ १० गते बुधबार**

२०५२ साल फागुन १ गते अर्थात् १३ फेब्रअरी १९९६ मङ्गलबार नेपालमा नेकपा (माओवादी) को नेतृत्वमा मालेमावादको आलोकमा नेपाली जनताले महान् जनयुद्धको थालनी गरेका हुन् । ‘प्रतिक्रियावादी राज्यसत्ता ध्वंस गरौं, नयाँ जनवादी व्यवस्था स्थापना गरौं’ भन्ने नाराका साथ नेपाली धर्तीमा सदियौंदेखि रहेको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आधारमा वर्गीय, क्षेत्रीय, जातीय र लङ्गैगिक रूपमा रहेको विभेद, शोषण र उत्पीडन अन्त्य गर्दै नेपाली जनताको मुक्तिका लागि नयाँ नेपाल निर्माणका लागि र अन्ततः विश्व सर्वहारावर्गको सत्ता प्राप्तिका लागि सशस्त्र एवम् दीर्घकालीन जनयुद्धको जन्म भएको हो । जनयुद्ध यतिखेर आठौं वर्षमा छ । संसारभरका मुक्तिकामी जनताद्वारा सबैखालका उत्पीडनका विरुद्ध आफ्नो मुक्तिका लागि लडिने जनयुद्धलाई सधैं आतङ्कवाद देख्ने, यसलाई दबाउने नाममा विश्व साम्राज्यवाद एवम् विस्तारवादको इशारामा फौजीआतङ्क मच्चाउँदै आएको नेपालको प्रतिक्रियावादी राज्यसत्ता नेकपा (माओवादी) सँग २०५८ सालमा वार्तामा बस्न बाध्य भयो । तर माओवादीले अधिकतम लचक भएर राखेको संविधानसभाको एजेन्डा स्वीकार नगरेर सरकार आफैंले वार्ता भङ्ग गऱ्यो । राज्य स्वयम् आतङ्कमा उत्रियो । पुनः २०५९ सालमा वार्तामा बस्यो । दोरम्बाजस्ता घृणित घटना घटाएर पुनः राज्य आफैंले वार्ता भङ्ग गऱ्यो । नेपाली महान् छोराछोरीहरू थुप्रै सहिद भए, थुप्रै बेपत्ता पारिए, कैयन् घाइते बनाइए, कैयन घरवारविहीन भए । तर पनि जनयुद्ध अझै घनीभूत हुँदै गइरहेको छ । आज म अचम्मित छु- म पनि काठमाडौंबाट ओलप भएँ । अहिले रातिसम्म ठेगान छ तर भोलिको छैन । भोलिको ठेगान बिहानै हुनेछ । अब काठमाडौं फर्कने-नफर्कने वा कहिले ? थाहा छैन । सबै कुरा शान्ता र सलोनीलाई भन्न पनि मिलेन । लखनउ अध्ययनका लागि जानेसम्म भनें । यसघि काठमाडौंमा पनि भूमिगत भएर बस्नु परेको थियो तर यस्तो अनुभूति भएको थिएन । तर आज अलि फरक अनुभूति भइरहेको छ । तर पनि मनमा कत्ति पनि भय छैन । बरु कौतुहल छ । मर्न डर छैन । लोभ पनि छैन । विपीन मनमा आउँछ, मन झन् दह्रो हुँदै जान्छ । मलाई अस्ति भर्खर सर्वोच्च अदालत बार प्राङ्गणमा एकजना सिनियर वकिल मित्रले ठट्टामा भनेको कुराले खुब छोयो । उहाँले आजभोलि प्रचण्ड-बाबुरामले मर्न आऊ भन्दा पनि मान्छेहरू लाम लाग्छन् तर गिरिजा र माधव नेपालले भोज खान आऊ भन्दा पनि आउँदैनन्, किन होला ? भन्नुभएको थियो ।

प्रतिक्रियावादीहरूको गठबन्धनको राजाको सरकार संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्ने कुरामा सहमत भएन । आफूलाई प्रजातन्त्रवादी भनाउने सरकारले जनताको अभिमत लिएर जनताको चाहनाअनुसार संविधान बनाउन चाहेन । तानाशाही रूप सबैका सामु छर्लङ्ग भयो ।

पार्टीको योजनाअनुसार म पनि हाम्रो आधारइलाकातिर जाँदैछु । खिमलाल देवकोटा र म सँगै छौं । भित्रभित्रै आज म एकदमै खुसी छु ।

आजदेखि म आफ्नो दैनिकी लेख्न थालेको छु । यतिखेर म बुटवलको एउटा सरकारी अड्डाको आवासको सुरक्षित कोठामा बसेर यो डायरी लेख्दैछु । भोलि बिहानै हामी गन्तव्य स्थानतिर लाग्दैछौं ।

वार्ता त एक ढङ्गले पहिला नै सरकार पक्षले नै भङ्ग गरिसकेको थियो । तर हाम्रो पार्टीको आजको सार्वजनिक वक्तव्यले त्यसलाई औपचारिकता दिएको हो । प्रतिक्रियावादी सरकारले विदेशीको इशारामा देश र जनताको भविष्यसँग खेलबाड गऱ्यो । उसको जनविरोधी र हत्यारो रूप जनतासामु उदाङ्गो भयो । देशका विभिन्न ग्रामीण क्षेत्रमा हत्यारो शाहीसेना पठाएर हत्या-आतङ्क मच्चाउन थाल्यो । नेकपा (माओवादी) का नेतृत्वप्रति गिद्देदृष्टि राखेको कुरा जनताले बेलैमा बुझे । फलस्वरूप वार्ता अगाडि बढ्न सकेन । वार्ता केका लागि ? प्रतिक्रियावादी सरकार नबुझेझैं गर्न थाल्यो । वार्ता भङ्ग पनि स्वयम् सरकारले नै गऱ्यो ।

विभिन्न क्षेत्रमा काम गर्ने बौद्धिक जमात, जसले जनताका पक्षमा, न्यायका पक्षमा, शोषण र उत्पीडनको विपक्षमा बहस गर्दै आइरहेका छन्, ती सबैलाई प्रतिक्रियावादी सरकारले स्वतन्त्र रूपमा पेसाव्यवसाय गर्न दिएन । आफैंले बनाएको संविधानमा उल्लिखित मौलिक हकको आफैंबाट ठाडो उल्लघन गऱ्यो । विदेशीको इशारामा नाच्दै २१ औं शताब्दीको तानाशाह बन्ने दिवास्वप्न देखिरहेको राजाले मरिसकेको २०४७ को संविधानको धारा १२७ लाई टेकेर शासन गर्न थाल्यो । सर्वसाधारण जनतालाई ज्यान जोगाउन कठिन भएको छ । तर प्रतिक्रियावादी सरकारलाई यसको कुनै पर्वाह छैन । यसले के पुष्टि गर्छ भने तनाशाहको आयु छोटिँदैछ । तर जे होस्, दुस्मनसँग घनीभूत ढङ्गले लड्नु त छँदैछ ।

हामी साँझ ५:३० बजेतिर भैरहवा एयरपोर्टमा उत्रियौं । हामी जब एयरपोर्टको गेटबाट बाहिरिँदै थियौं अचानक एउटा खाइलाग्दो मानिस आएर हामीलाई सोध्यो- खिमलाल देवकोटा को हुनुहुन्छ ? हामी त एकैचोटि छानाबाट खसेजस्तै खङ्रङ्ग भयौं किनकि त्यो मानिस कुनै सुरक्षाकर्मीजस्तै देखिन्थ्यो । तर ती मानिस कुनै सरक्षाकर्मी नभई काठमाडौंबाट हाम्रा परिवारमध्ये कुनैले टेलिफोन गरी सोअनुसार बुटवलको कुनै कार्यालयबाट हामीलाई बुटवलसम्म गाडीमा ल्याउनका लागि पठाइएअनुसार आएका ड्राइभर पो रहेछन् । एकक्षण त हामी जिल्ल पऱ्यौं । पछि उनीसँग कुरा भएपछि पो थाहा भयो, ती मानिसले हामीलाई सेनाको सुरक्षाको घेरामा पार्किङ गरी राखिएको जिपमा चढाए । सशस्त्र तैनाथ एकजना सेनाको सिपाही नजिकै आएर हामी चढेको गाडीको ड्राइभरलाई फौजी पाराले सोध्यो, ‘तपाईंको पाउना आउनुभो ?’ ड्राइभरले स्वीकारोक्तिमा टाउको हल्लाएर ‘हजुर...’ भन्ने जबाफ दिए । सेनाले पनि फौजी स्वरमा जानुस् भनेर ड्राइभरलाई जान आदेश दिए । हामीलाई गाडीले बुटवल बजारस्थित एउटा भव्य सरकारी आवासगृहमा पुऱ्यायो । आजको रात एउटा सुन्दर र सुरक्षित कोठामा बसेर म यो डायरी लेख्दैछु । भोलि बिहानै गन्तव्य स्थानतिर जानु छ । बाहिर केही तनाव पनि छ । यसबारे सोचविचार भोलि बिहानै गरौंला । अहिलेलाई यत्ति, गुड नाइट ।

**२०६१ साल वैशाख २३ गते**

भेरी-कर्णाली जनसैन्य मार्च कार्यक्रमको दौरानमा हाम्रो एउटा टिम कर्णालीका जुम्ला, हुम्ला, मुगु, कालीकोट जिल्लाहरूतर्फ जाँदैछौं । टिममा क. राजीव र म्याडम, क. चन्द्रकान्त, म र सहयोगी कमरेडहरू क. विशिष्ठ, क. विमर्शसमेत चारजना गरी जम्मा आठजना छौं । पार्टीको योजनामुताबिक हाम्रा आआपना जिम्मेवारीका कार्ययोजना पूरा गर्न हामी त्यसतर्फ जाँदैछौं । क्षेत्रअन्तर्गत न्याय विभाग मेरो विशेष जिम्मेवारी हो । वर्तमान परिस्थितिमा हाम्रा आधारइलाकामा पुरानो सत्ता विस्थापित भएर जनताद्वारा नयाँ जनसत्ताहरू धमाधम स्थापित एवम् विकसित हुँदैछन् । यही सन्दर्भमा म पनि नयाँ जनसत्ता सञ्चालनार्थ आवश्यक जनन्यायिक पद्धति र कानुनका बारेमा जनतासँग छलफल गर्ने, जनताबाट सिक्ने, जनतालाई सिकाउने, त्यसैगरी राजनीतिक र वैचारिक विषयमा पनि सिक्ने र सिकाउने साथै सामन्तवादी राज्यसत्ताको उत्पीडनमा परेका कर्णालीका जनता, भूगोल, इतिहास र संस्कृतिका बारेमा जान्ने मेरो उत्कट इच्छासमेत पूरा गर्ने उद्देश्यका साथ जाँदैछु ।

भरखरै मात्र संयुक्त क्रान्तिकारी जनपरिषद् भेरी-कर्णालीअन्तर्गत जाजरकोट जिल्ला जनसरकारको बैठक सम्पन्न भएको छ । हामी पनि जाजरकोटको रग्दामा सम्पन्न उक्त बैठकमा सहभागी भएर त्यहींबाट जुम्लातिर प्रस्थान गर्दैछौं । रग्दाबाट सेपुखोला बास बसेर हिजो सेपुखोलाबाट मूलसाम बास बस्न आइपुग्यौं । जाजरकोटको यो मूलसामबाट जुम्ला टोप्ला पुग्न स्थानीय जनतालाई पैदल आधा दिन लाग्छ । तर हामी भने त्यति हिँड्न सक्दैनौं । हिमचुली दिउँसो १२ बजेभन्दा पहिला नै पार गरिसक्नुपर्दो रहेछ, नत्र हुरीले बाधा पुऱ्याउने रहेछ । त्यसैले हामी १२ बजेभन्दा पहिला हिमचुली पार गर्नका लागि मूलसामबाट हिँडेर बीच बाटोमा बास बस्नुपर्थ्यो । टोप्ला नपुगुन्जेल बाटोमा बास बस्नका लागि कुनै गाउँघर, गोठ, बस्ती थिएन । बास बस्नलाई चाहिने सामल-तामल बोकेर स्थानीय दुईजना जनतालाई बाटो चिनाउनका लागि साथै लिएर हामी १० जना मूलसामबाट बिहानको खाना खाएर ८:०० बजेतिर बाटो लाग्यौं । जाजरकोटको उत्तरतिरको अग्लो भागमा रहेको यो मूलसाम जुम्लासँग जोडिएको गाजस हो । यहाँको उत्पादनले यहाँका जनतालाई मुस्किलले छ महिना खाना पुग्छ भनेर स्थानीय जनता बताउँछन् । केही युवकहरू भारततिर मजदुरी गर्न जान्छन् । गरिबी, रोग, भोक व्याप्त छ । तर राजनीतिक चेतना भने छ । राजा र राजाको सेना हाम्रो दुस्मन हो, माओवादी यसको विरुद्धमा लडिरहेको छ भन्ने कुरा यहाँका जोकोहीले बताउँछन् । गाउँको बीचमा, बाटो छेउमै घर भएकी आफ्नो नाम नबताउने बूढीआमै आफूले यस्ता धेरै कुरा माओवादीबाट सुनेको बताउँछिन् ।

हामी बिस्तारै हिँड्यौं । बाटोमा जङ्गलको बीचमा एउटा ठूलो ओडार भेट्यौं । यसलाई धौला ओडार भनिँदो रहेछ । हिँड्ने समय त अझै छ, दिन डुबेकै छैनन् तर अगाडि यस्तो ओत भएको ओडार छैन रे । त्यसैले आज हामी यहीं बास बस्यौं । वैशाख महिना भए पनि एकदमै चीसो छ यहाँ । हामीले पार गर्नुपर्ने मूलसामको लेकमा टनक्कै हिउँ छ रे । घोडा, भेडा, गाई, भैंसी लिएर जुम्ला जान हिँडेका गोठालाहरू बाक्लो हिउँ छिचोल्न नसकेर हिउँ पग्लेपछि जाने भनी पाल टाँगेर पर्खिबसेका छन् ।

हामी भोलि बिहानै ३:०० बजे हिँड्नु छ । खाना चाँडै खायौं । हिमचुली लेकमा हिँड्दा लेक लाग्छ रे, वाकवाकी लाग्ने, कम्मर दुख्ने, घुँडा दुख्ने, टाउको दुख्ने आदि हुन्छ रे । त्यसैले त्यसको औषधिका लागि भनेर बेलुकी नै रोटी, मकैको पिठो र महबाट बनाइएको कसार, नुन खुर्सानीको अचार, भोटेलसुन तयार पारी आआफ्नो झोलामा राख्यौं । गोठालाहरू ओडारमा हिउँपानी पर्दा भेडा-बाख्राहरू राख्दा रहेछन् । बाक्लै बड्कौंला छन् । त्यसमै घाँस बिछ्याएर आफूसँग भएको केही कपडा प्रयोग गरेर सुत्यौं । आजको बास काइदाको भयो । (क्रमशः)

## कविता

### दिलमायाहरू !



अशोक सुवेदी

गाढा नीला आँखा
लमतन्न बिच्छ्याएर
दुस्मनक्याम्पमा विस्फोटित
हाम्रो आस्थाकी सगरमाथा तिमी,
दिलमाया !


उर्लंदो यौवन र रूपलाई
फ्युजन गराएर मालेमामा
दुस्मन इलाकामा बारुदको फ्युज जोड्दै
गरेकी
धर्तीको असमानता नामेट पार्न
भर्भराउँदो रक्तभेल बगाउँदै गरेकी
हाम्रो निष्ठाकी अविचल चन्द्रमा !

‘निष्पट्ट अन्धकार भगाउन
आफैँ मशाल बन्नुपर्छ
दुष्टता र निचता अन्त्य गर्न
आफैँ नमुना बन्नुपर्छ
सल्काउनुपर्छ आफ्नै टाउकोमा
आगोका लप्काहरू’
गर्दै कासन दुस्मन क्याम्पका
भग्नावशेषहरूमाथि
बलेर आफैँ चम्किरहेकी
लालभूमिकी चमचमाउँदी सितारा !
उठ न उठ एकफेर
ए ! बेथानकी सन्तान !
ए ! लालभूमिकी जूनमाया !
तिम्रो चिरनिद्राका यी तुसारे शिशिरपछि
हातमा लिएर तिम्रो प्रतिमूर्ति
गरिरहेछु ऐलान-
जगाऊ न जगाऊ एकफेर
तिमीसँगै विस्फोटित लाल- तीर्थ र
फत्तहरूलाई पनि ।

लामो यात्राकी विश्वासिली पथप्रदर्शक !
तिम्रो महायात्रापछिको यो अवधि
तिमीसँग बिछोडपछिको यो पल
तिम्रो रक्ततर्पणपछिको यो तप्त समय
आशा-निराशा-आशा बन्दै
तय गरिरहेछ अर्को लामो यात्रा
आऊ न आऊ प्यारी कमान्डर
गरिदेऊ न नेतृत्व एकफेर नयाँ यात्राको
गोलमटोल मस्तिष्कहरूलाई
गतिहीन मुटुका धड्कनहरूलाई
लक्पकाउन लागेका तिघ्राहरूलाई
गरिदेऊ न जोडजोडले कासन एकफेर
यात्रा नटुङ्गिँदै बास बस्न हतारिएका
साऱ्यौ र गौंथलीहरूलाई
औँल्याइदेऊ न एकफेर
कर्मी माहुरी र दुष्ट अरिङ्गालहरूलाई ।

त्याग, शौर्य र बलिदानकी प्रतिमूर्ति
मध्यरातकी जूनकीरी
श्मसानकी दुन्दुभी !
ए, लालधरतीकी लालपुत्री !
ए, नवीन आयुधकी वीराङ्गना !!
देखाइदेऊ न सही बाटो
यात्रामा रुमल्लिरहेका पथिकहरूलाई
पर्गेलिदेऊ न गन्तव्य
आगो ओकल्न तयार अग्निबीजहरूलाई
नौलो युगकी संवाहक तिमी
गर न फेरि ललकार दुष्टहरूलाई
रातो समयकी लालतारा तिमी दिलमाया !
लालभूमिकी लालपुत्री तिमी जूनमाया !!!

# समाजिक दलाल पुँजीवाद : संसद्वादी सङ्कटको विकसित रूप



झपेन्द्रराज वैद्य

वाम गठबन्धन साम्राज्यवाद र विस्तारवादले डिजाइन गरेको कम्युनिस्टबिरोधी गठबन्धन हो । गरिबी, अशिक्षा र बेरोजगारीले पिल्सिएका नेपाली जनता भावनात्मक रूपमा कम्युनिस्ट पार्टीमा आस्था राख्छन् । यसैले देशीविदेशी प्रतिक्रियावादीले समाजवादको मीठो नारा दिएर आसन्न सङ्कट टार्न जनतालाई दिग्भ्रमित पारेका छन् । संसारमै असफल संसद्वादलाई ढाकछोप गर्न समाजवादको कार्ड फालेका छन् संसद्वादीहरूले । देखाइएको छ विकास र समृद्धि । शोषक, फटाहा र पार्टीकै सिता खानेहरू त आफ्नै स्वार्थमा लागेर कम्युनिस्टको नारा दिएका छन् भने साधारण जनता कम्युनिस्टको भ्रममा परेका छन् । यसैले ६५ प्रतिशत भोट ल्याएर जितेको बताइन्छ । चुनाव जित्ने आधार एउटा त भ्रम नै हो तर सबभन्दा ठूलो आधार भनेको जनतामा डर, त्रास र बल प्रयोगको तानाशाही नृत्य देखाउनु हो । नेकपाको आस्था बोकेर केही नगरेका, घरैमा सुतिरहेका निर्दोष जनतालाई थुनछेक गर्नु कायरताको पराकाष्ठा हो । बहिष्कार त हुन्छ । यो संविधान प्रदत्त अधिकार हो तर सरकार निकै आतङ्कित बन्यो । सुरक्षामा आजसम्मकै ठूलो धनराशि खर्च भयो । प्रतिपक्षले पनि सरकारलाई मात्र सचेत गराएन, अन्तर्राष्ट्रिय तहमा पनि हारगुहार माग्यो । तानाशाही सरकारमा यो हुने गर्छ । कुनै अनौठो कुरा भएन ।

समाजवाद अहिले जनतामा भ्रम उत्पन्न गर्ने माध्यम बनेको छ । मान्छे गरिब भए पनि उसले धनबहादुर नाम राखेको हुन्छ । नाम मात्रले खास केही फरक पर्दैन । भन्नलाई जे भने पनि हुन्छ । काम, व्यवहार र गुणमा फरक पर्छ । समाजवाद भनेको वास्तवमा योग्यताअनुसार काम र कामअनुसार मामा हो भने साम्यवाद योग्यतानुसार काम र आवश्यकतानुसार माम हो । समाजवादमा सबैलाई रोजगारी, शिक्षा, स्वास्थ्य, जनतन्त्र र जनजीविकाको ग्यारेन्टी हुन्छ । राष्ट्रियता सुदृढ र दरिलो हुन्छ । एकपटक समाजवाद आइसकेका देशहरू संशोधनवादको बाटो समाती पुँजीवादमा विलय भए । क्युबा र जनगणतन्त्र कोरिया भने समाजवादकै बाटोमा हिँड्ने कोसिस गरिरहेका छन् । अझै सबल छैनन् । हुनत फ्रान्स, जर्मन, अमेरिकालगायत देशहरूमा पनि क्रान्तिकारी पार्टी नभएका होइनन् तर ती ठाउँहरूमा कम्युनिस्टको सरकार छैन । भारतीय जनता पनि दह्रो तरिकाले समाजवादको अपेक्षा राखेर लडिरहेका छन् ।

नेपाल अहिले दलाल पुँजीवादको पकडमा छ । भारतीय साम्राज्यवादले नेपाललाई दर्जनौं ठाउँबाट हस्तक्षेप गरिरहेको छ । हालै वीरगन्जमा ५० बिघा जमिन भारतले कब्जा गरिरहेको छ । नेपालको हजारौं हेक्टर जमिन भारतले हस्तक्षेप गरिराखेको छ । उपल्लो कर्णाली, अरुण तेस्रो आदि योजनाहरू नेपालको हितविपरीत भारतले लिएको छ । सप्तकोसीमा उच्च बाँध बनाउने तरखरमा छ भारत । यसले वर्षामा सम्पूर्ण तराई नै डुबाइदिन्छ । उच्च बाँध नबन्दै त गत वर्ष तराईमा कैयौं धनजनको क्षति भयो । सयौं मानिसहरू घरबारविहीन भए । अझ उच्च बाँध बनाएमा केकस्तो अवस्था आउला ? सहजै अनुमान गर्न सकिन्छ । कैयौं जङ्गे पिलरहरू नेपालतर्फ सारिएका छन् । यस किसिमको हस्तक्षेप हुनु दलालीकरणमार्फत नेपालमाथि नियन्त्रण राख्नुभन्दा अरू केही होइन । चीनलाई दिइसकेको बूढीगण्डकी आयोजना पनि भारतको दबाबमा फिर्ता गरेर नेपाल सरकारले आफैं बनाउने भनेको छ । विस्तारवाद-साम्राज्यवाद सोझै आउँदैनन् । दलाल नेताहरूले नै आफ्नो स्वार्थ सिद्ध गर्न बोलाउँछन् । राजनीतिको रिमोट भारतकै हातमा रहँदै आएको छ । भारतले नै नेताहरूलाई कुर्सीमा बसालिदिनुपर्छ । चीन नेपालमा नपसोस् भन्ने भारतको चाहना छ । अहिले बिनामौसमको बाजा बजेको छ । सरकार बन्नुपहिले नै भारतीय विदेशमन्त्री सुष्मा स्वराज विदेशसचिवका साथमा आएर सरकारलाई उछिनेर सोल्टी होटेलमा गई हुनेवाला प्रधानमन्त्री के.पी. वलीसमक्ष भेट गरिन् । १ घन्टासम्म गरिएको भेटवार्ता गोप्य राखिएको छ । यो कुरा एमालेकै वरिष्ठ नेता माधवकुमार नेपाल र झलनाथलाई समेत पचेको छैन । वान टु वान वार्ता के हो अझै कसैलाई थाहा छैन । जे होस् नक्कली राष्ट्रवादको नारा उदाङ्गो भैसकेको छ । १९५० को असमान सन्धिको समाधान गर्ने कुरा त टाढै छ । हालै भएको हस्तक्षेपका बारेमा समेत सरकार पनि चुप छ प्रतिपक्ष पनि चुप छ । दलाल पुँजीवाद यस्तै हुन्छ । विदेशी हस्तक्षेपविरुद्धको पर्चापम्पलेट सरकारले टिपेर फालिदिन्छ । पर्चा टाँस्नेलाई गिरफ्तार गरेर सरकारले राष्ट्रविरोधी भावना देखाएको छ । विदेशी हस्तक्षेपलाई सेवा गरेको छ ।

आज राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र जनजीविका बडो पेचिलो बन्दै गएको अवस्था छ । महँगी भ्रष्टाचार, कमिसन, तस्करी बढेर देश लथालिङ्ग अवस्थामा छ । जुन मन्त्रीहरू छन् प्रायः उनीहरू नै भ्रष्टाचारी छन् भने । कसले भ्रष्टाचार नियन्त्रण गर्ने ? प्रश्न गम्भीर छ । सरकारमा गएर कसरी तर मार्ने ? औषधीका नाममा होस् वा विकासका नाममा कसरी देशको राजस्व लुट्ने ? यही ध्यानमा छन् संसदीय पार्टीहरू । केपी वलीको खोक्रो राष्ट्रवाद उदाङ्गो भएको छ । स्वास्थ्य जाँच गर्ने नाममा बैङ्ककमा भारतीय रअको एजेन्टलाई भेटेर आएको कुरा मिडियामा प्रशस्त पाइन्छ । कम्युनिस्टको नाम भँजाएर आएको भोटले नपुगेर सत्ताका लागि भार तसँग हारगुहार गर्नुले केपी वली पनि लम्पसारवादमा फसेको बुझिन्छ । बाम गठबन्धनको नयाँ नारा नेपालमा कम्युनिस्टलाई समाप्त पार्ने नयाँ योजना हो । एउटा हरियो घाँसको हरियो सर्प हो यो । खास अर्थमा यो वाम नै होइन । कम्युनिस्टका न्यूनतम आधारभूत मूल्य र मान्यता छैन यसमा । कम्युनिस्ट नाम दिने तर वर्ग समन्वय अपनाउने । बाख्रो र बाघ एउटै खोरमा राख्दा बाख्रो कुन दुनियाँमा रहनसक्छ ? बाख्रो बाँच्छ कि बाँच्दैन ? यो कुराको हेक्का राख्नुपर्छ । अर्को कुराः कम्युनिस्टको सिद्धान्त, कम्युनिस्ट नीति र कम्युनिस्ट विचार हुन्छ । तर यस गठबन्धनमा कम्युनिस्ट सिध्याउने प्रपञ्च छ । शान्तिपूर्ण तरिकाले बलप्रयोग नगरीकन यो दुनियाँमा कहीं पनि कम्युनिस्टको सत्ता आएको इतिहास छैन । ला भनेर कुनै पनि सत्ताले आफ्नो सत्ता सुम्पँदैन । कम्युनिस्ट भनेको साम्राज्यवाद, विस्तारवादविरोधी हुन्छ । तर यहाँका कम्युनिस्ट शासकहरूको सत्ताका लागि दिल्लीमा दौडधूप हुन्छ । सामाजिक पुँजीवादी आत्मसमर्पणवाद एउटा सिक्का हो । वाम गठबन्धन र प्रजातान्त्रिक शक्ति दुईवटा पाटा हुन् । उनीहरूको वर्गीय चरित्र एउटै हो । तर अहिलेका लागि वाम हरियो सर्प बनेर

... बाँकी ७ पृष्ठमा

## आगामी शिक्षक ...

ठाउँमा यन्त्रबाट काम हुन लाग्यो। त्यसैले श्रमिकको परिभाषामा पनि परिवर्तन आएको हो। शिक्षक मध्यम वर्ग हो तर यो समुदाय शासक वर्गबाट उत्पीडनमा रहँदै आएको छ। अहिले विश्वमा औद्योगिक सम्बन्ध कमजोर हुनुको कारण मजदुरको सङ्ख्या कम छ। पछिल्लो समयमा मध्यमवर्ग र निम्नमध्यमवर्गको विकास ठूलो सङ्ख्यामा हुँदैछ। तथ्याङ्कअनुसार नेपालमा यसको सङ्ख्या २४ प्रतिशत छ। यसको कारण पनि अरू केही नभएर नेपालको आर्थिक सम्बन्ध फरक हुनुले हो। नेपालको आर्थिक सम्बन्ध नोकरशाही अर्थसम्बन्धतिर जानु र बजार पुँजी बढ्नुले मध्यमवर्गको विकास हुन पुगेको छ। यो वर्गलाई सामान्यतः बढी ढुलमूले, अवसरवादी, अस्थिर, पुरानो सत्ताको सहयोगीका रूपमा बुझ्ने गरिन्छ। यसको स्वभाव ढुलमूले हुँदाहुँदै पनि परिवर्तनका पक्षमा रहेको देखिन्छ। अर्कोतिर यो वर्ग प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी चरित्रको छैन। यसले परिवर्तन र अग्रगमनलाई समर्थन गर्दै आएको छ भने अब पनि परिवर्तन र प्रगतिकै पक्षमा रहने देखिन्छ। नेपाली समाज रूपान्तरणमा शिक्षक समुदायलाई मुख्य आधार शक्तिका रूपमा मानिएकाले शिक्षकहरूले के कुरा बुझ्न जरुरी छ भने जनताको मुक्तिसँगै मर्यादित शिक्षण पेसाको सुनिश्चितताका लागि एकीकृत जनक्रान्तिको कार्यदिशामा हुने जनक्रान्तिमा सहभागी हनु पर्दछ। आफ्नो वर्गको राजनीतिक व्यवस्थाको स्थापनाबिना शिक्षण पेसाको ग्यारेन्टी नहुने भएकाले शिक्षकहरू दलाल संसदीय व्यवस्थाका विरुद्ध उभिनुपर्ने जरुरी छ।

नेपाली शिक्षक आन्दोलन गोलचक्करमा फसेको छ। शिक्षक-कर्मचारीका पेसागत सङ्गठनहरू राजनीतिक पार्टीको निर्देशन र नियन्त्रणमा रहेका छन्। शिक्षक सङ्गठनको नेतृत्व ट्रेड युनियन अधिकारका लागि आन्दोलन गर्नेभन्दा पनि सङ्गठनको नेता हुनुको सट्टा आफ्नो समयअवधि जागिर पाएको जस्तो व्यवहार गरेको देखिन्छ। सरकारले दिने सामान्य सुविधाको पछि लागेर आफ्ना सदस्यहरूको पेसागत अधिकारप्रति आँखा चिम्लेको अवस्था छ। यद्यपि केही शिक्षकका संस्थाहरू शिक्षक-कर्मचारीका पेसागत हकहित र अधिकारका निम्ति निरन्तर आन्दोलनमा रहेको पाइन्छ। शिक्षक आन्दोलनलाई निरन्तरता दिएर शिक्षकको पेसागत सुरक्षाका लागि शिक्षक सङ्गठनहरू हरदम सचेत हुन जरुरी छ।

विद्यालय मानव जनशक्ति उत्पादन गर्ने कारखाना हो। शिक्षक त्यस कारखानाका योग्यतम मेसिन हुन्। मेसिनमा गड्बडी आयो भने योग्य र दक्ष जनशक्ति उत्पादन गर्न सकिँदैन। उत्पादित भएको जनशक्ति पनि काम लाग्ने हुँदैन। शिक्षक भनेको बौद्धिक र शारीरिक श्रम गर्ने समुदाय हो। आज विश्वमा भएको सूचनाप्रविधिको विकास र विज्ञानले गरेको चमत्कारका कारण श्रमको स्थानान्तरण भएको छ। १९ औँ शताब्दीको जस्ता मजदुर आज छैनन्। मान्छेको हातले गर्ने श्रम यन्त्रले गर्दछ। त्यसैले आज पुँजीवादले श्रमिकको शोषण नयाँ तरिकाले गरेको छ। विश्वको अर्थतन्त्र, राजनीति, शिक्षालगायत सबै क्षेत्रमा निगम पुँजीले नियन्त्रण गरेको छ। श्रमिकको परिभाषा परिवर्तन भएको छ। शिक्षक मानसिक श्रम गर्ने श्रमिक हो। उसको शोषण दलाल संसदीय व्यवस्थाले गरेको छ। शिक्षक-कर्मचारीले न्यून तलबभत्तामा काम गर्नुपर्ने बाध्यता छ। दलाल संसदीय पुँजीवादी व्यवस्थाले श्रमिक वर्गको हित गर्दैन। श्रमिक वर्गको शोषण गर्दछ। श्रमिकको सम्मानजनक पेसाको सुनिश्चितताका लागि श्रमिक वर्गको व्यवस्था चाहिन्छ। शिक्षक समुदायले बुझ्नुपर्ने कुरा के छ भने दलाल संसदीय व्यवस्थाको अन्त्य गरी श्रमिक वर्गका पक्षमा हुने व्यवस्थाको स्थापनाबिना शिक्षक-कर्मचारीको शिक्षण पेसाको हित हुन सक्दैन। विगतमा भएको शिक्षक आन्दोलन र राज्यसँग भएका सहमति-सम्झौता अहिलेसम्म कार्यान्वयन नहुनुको मुख्य कारण शिक्षक-कर्मचारीका पक्षमा यो व्यवस्था छैन भन्ने कुरा बुझ्न जरुरी छ। शिक्षक-कर्मचारीका पक्षमा संसदीय पार्टी र सामाजिक दलालहरू छैनन्। उनीहरू सत्ताबाहिर हुँदा आफ्नो हितका लागि शिक्षकहरूलाई प्रयोग गर्छन्, सरकारमा भएपछि शिक्षक-कर्मचारीका पेसागत समस्या सुन्ने गर्दैनन्। विगतमा काङ्ग्रेस, एमाले, माओवादी केन्द्रलगायत पार्टीहरूले सरकारको नेतृत्व गरे। अहिले पनि वाम गठबन्धनका नाममा केपी ओलीको नेतृत्वमा सरकार बनेको छ। उनी पनि शिक्षक-कर्मचारीको पेसागत हित र सुरक्षाका पक्षमा छैनन्। सामाजिक दलालहरूले उत्पीडित शिक्षक-कर्मचारीको पेसागत माग पूरा गर्दैनन्। शिक्षक-कर्मचारीको मागका विरुद्ध बोल्दै हिँडेका छन्। अब आगामी शिक्षक आन्दोलन यसरी गर्नुपर्छ-

१. आगामी दिनमा शिक्षक आन्दोलनलाई राजनीतिक आन्दोलनसँग जोड्नु पर्दछ किनकि शिक्षक श्रमिक समुदाय भएकाले वर्तमान दलाल संसदीय व्यवस्थाले श्रमिकको पेसागत अधिकारको ग्यारेन्टी गर्दैन। श्रमिकपक्षीय राजनीतिक व्यवस्था चाहिन्छ। एकीकृत जनक्रान्तिको कार्यदिशासँग पेसागत आन्दोलनलाई एकाकार गर्नु पर्दछ। पुरानो सत्ताको विचार, दृष्टिकोण र बुर्जुवा सच्चाइको भण्डाफोर गरी जनताका पक्षमा हुने सच्चाइको व्यापक प्रचारप्रसार गरेर जनतामा जागरण फैलाउनु पर्दछ।

२. शिक्षक आन्दोलन अभिभावक र विद्यार्थीबाट कटेको छ। त्यसैले हाम्रा पेसागत हकहित र ट्रेड युनियन अधिकारको कुरा उठाउँदा जनताको प्रत्यक्ष जीवन र जगतसँग जोडिएको शैक्षिक एजेन्डालाई प्राथमिकतासाथ उठाउनुपर्छ। जनशिक्षाको मुद्दालाई जोडदार रूपमा उठाउनु पर्दछ।

३. शिक्षकहरूले कक्षाकोठामा इमानदारीसाथ शिक्षण गर्नुपर्छ। कक्षाकोठासँगको सम्बन्ध भनेको जनतासँगको सम्बन्ध हो। कर्तव्यनिष्ठ शिक्षकलाई जनताको सहयोग र समर्थन रहन्छ। जनताको सहयोग र समर्थन लिन प्रभावकारी शिक्षणका लागि मेहनत गर्नुपर्छ।

४. राजनीतिक आस्था फरक भएका पेसागत मुद्दामा सहमति भएका शिक्षकहरूको नेपाल शिक्षक महासङ्घ बनेको छ। यसको नेतृत्व अहिले घोर पुरातनवादी राजनीतिक विचार र दृष्टिकोणबाट निर्देशित छ। वर्तमान नेतृत्वबाट शिक्षक-कर्मचारीको पेसागत हकहितको ग्यारेन्टी हुन सक्दैन। त्यसैले पहिलो काम नेपाल शिक्षक महासङ्घमा परिवर्तनकारी चिन्तन र दृष्टिकोण राख्ने नेतृत्व लिन पहल गर्ने। यो काममा विजय हासिल गर्न नसकेमा विचार, दृष्टिकोण र शैक्षिक पेसागत मुद्दा मिल्नेहरूको नयाँ साझा मोर्चा निर्माण गरी आन्दोलन अगाडि बढाउने काममा लाग्नु पर्दछ।

५. वर्तमान सरकार, शिक्षा मन्त्रालयसँग समन्वय र सम्झौताको सम्बन्ध गर्नु हुँदैन। योसँग सङ्घर्षको सम्बन्ध बनाउनु पर्दछ।

६. शिक्षक-कर्मचारीका पक्षमा उठाइएका पेसागत र शैक्षिक मुद्दालाई आमशिक्षक-कर्मचारीका बीचमा प्रचारप्रसार गर्नुपर्दछ।

७.हजारौं शिक्षक-कर्मचारीलाई पुरानो सत्ताले विचार, दृष्टिकोण र राजनीतिक आधारमा भ्रम उत्पन्न गरेको छ। दलाल संसदीय राजनीतिक पार्टीले पारेको भ्रमलाई भन्डाफोर गर्दै वैज्ञानिक सच्चाइलाई स्थापित गर्न आमशिक्षक-कर्मचारीलाई सङ्गठित गर्नुपर्छ।

८. हाम्रो शिक्षक आन्दोलन परम्परावादी छ। आन्दोलनको नयाँ सिर्जनात्मक स्वरूपको निर्माण गर्ने र शैक्षिक आन्दोलन वैधानिक घेराबाट माथि उठाएर आन्दोलनका सबै रूपको प्रयोग गर्नुपर्दछ।

शिक्षक आन्दोलन राजनीतिक आन्दोलनसँग एकाकार गर्नुपर्दछ। शिक्षकहरूले पेसागत आन्दोलन गर्दा शिक्षामा आमूल परिवर्तन र शैक्षिक सुधारका एजेन्डालाई समेत उठाउनु पर्दछ। एकीकृत जनक्रान्तिको कार्यदिशासँग ट्रेड युनियन अधिकार र पेसागत हकहितको एजेन्डालाई जोडेर आमशिक्षक र विद्यालय कर्मचारी आन्दोलनमा सहभागी हुनुपर्छ। पुराना सोचाइ र दृष्टिकोणका विरुद्ध शिक्षक-कर्मचारीलाई एकताबद्ध गरी शैक्षिक परिवर्तन र शिक्षण पेसाको ग्यारेन्टीका लागि आन्दोलन गर्नु जरुरी छ।

## मालेमावाद र ...

गर्न हामीले हाम्रो देशको समाज र अर्थ व्यवस्थाको अध्ययन गर्न आवश्यक हुन्छ। वैज्ञानिक समाजवादी क्रान्ति प्रथमतः उत्पादनका आर्थिक आधारहरूको भौतिक रूपान्तरण न्यायिक, राजनीतिक, कलात्मक वा दार्शनिक र सङ्क्षेपमा वैचारिक रूपमा प्रकृति विज्ञानको प्रामाणिकतासहित गर्नु आवश्यक छ। समाजवादी क्रान्ति सामाजिक क्रान्तिको उत्कृष्ट रूप हो। बुर्जुवा क्रान्तिका विपरीत यस क्रान्तिले अन्ततः मानिसद्वारा गरिने मानिसको शोषणका समस्त रूपको उन्मूलन गर्छ। त्यति मात्र हैन, यसले सामाजिक उत्पादनमा बुर्जुवा आधिपत्य, जातीय उत्पीडन, वर्गवर्गका बीच, सहर र गाउँका बीच अनि बौद्धिक र शारीरिक श्रमिकका बीचको अन्तर्विरोधको पनि अन्त्य गर्छ। लेनिनले आफ्नो रचना (सम्पूर्ण रचना खण्ड ३६ को १७१ पृष्ठ) मा यस्तो क्रान्ति सर्वप्रथम बहुसङ्ख्यक श्रमजीवी जनताको सिर्जनात्मक र स्वतन्त्र ऐतिहासिक भूमिकाद्वारा मात्र सफलतापूर्वक सम्पन्न हुनसक्ने बताएका छन्। नेपाली समाजको सटिक विश्लेषण, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण, क्रान्तिका तीन जादुगरी हतियार, बलपूर्वक सत्ताको प्राप्तिको अवधारणाजस्ता कुरालाई नेकपाले छोडेको छैन।

लेनिनले सत्ता प्राप्ति समाजवादी क्रान्तिका लागि समाजको क्रान्तिकारी रूपान्तरणको थालनी मात्र हो भनेका छन् (उही)। समाजवादी क्रान्ति मालेमाको सिद्धान्त निर्देशित नियमका आधारमा परिचालित हुन्छ। यो क्रान्ति एक विवेकशील, कठिन र जटिल विज्ञान हो (ऐ)। सत्ताधारी वर्गलाई पनि पुरानो तरिकामा परिवर्तन नल्याएसम्म टिकिराख्न कठिन हुन्छ। सत्तासीन वर्ग र उत्पीडित वर्गबीचको अन्तर्विरोधको तीव्रता र सचेत जनसमुदायमा राजनीतिक सक्रियतामा असाधारण वृद्धि हुनु आवश्यक छ। क्रान्ति होला भनेर पर्खिने होइन, क्रान्तिकारीले विद्यमान परिस्थितिलाई धक्का दिएर सिद्धान्तअनुकूल परिवर्तन गर्न लाग्नुपर्छ। आत्मपरक र वस्तुपरक अवस्था अनुकूल भएमा क्रान्ति सफल हुन्छ। उत्पादन सम्बन्धमा परिवर्तन ल्याउने काम श्रमजीवी मजदुर वर्गको हो। त्यो वर्ग उत्पादन साधनमाथिको स्वामित्वबाट कति हदसम्म वञ्चित छ भन्ने कुराले अन्तर्विरोधको निर्धारण गर्छ। के नेपालमा त्यो अवस्था छ ?

हाल हाम्रो समग्र राष्ट्रिय राजनीतिक वृत्त घोषित सिद्धान्त वा पद्धतिबाट निर्दिष्ट नभई पार्टी वा व्यक्ति स्वार्थ, लोभ, उच्चता वा हीनताबोधबाट ग्रसित छ। त्यसैले मुलुकको खास एकनिष्ठ वैदेशिक नीति बन्न सकेको छैन। घरको तीर्थ हेला भन्ने भावनाले पनि त्यो प्रभावित छ। परमुखापेक्षी प्रवृत्तिले वामपन्थीहरूको आत्मचिन्तन नराम्रोसँग प्रभावित छ। अन्तर्मुखी भएर आफ्ना अन्तर्पक्षहरू केलाउने चेतना कम्युनिस्ट नेताहरूमा समेत जागृत भएको छैन। अनि आत्मगत योग्यता, क्षमता निर्माण गर्ने र आफैँबाट समाजलाई आदर्श बाटो देखाउने प्रवृत्ति पनि नेताहरूमा छैन। त्यसैले समग्रमा राष्ट्रवादको जगेर्ना हुनसकेको छैन। वर्तमानमा राष्ट्र निर्माणमा समर्पित हुने एउटा विशिष्ट व्यक्तित्व वा पृथक् राष्ट्रिय शक्तिको निर्माण तत्काल आवश्यक भइसकेको छ। युगीन सन्दर्भमा पृथ्वीनारायण शाह, बहादुर शाह, महेन्द्र वा बीपीका राष्ट्रवाद अपर्याप्त भइसकेका छन्। मूलतः सैद्धान्तिक बेइमानी वर्तमान राजनीतिमा विकारको कारण बनेको छ। नवीन चेतनायुक्त नयाँ राजनीतिक सङ्गठनको निर्माण भएपछि मात्र विषकुम्भं पयोमुखं प्रवृत्तिको अन्त्य गर्दै र वर्तमान विसङ्गतिबाट मुक्ति पाउन सम्भव छ।

मध्यकालको अन्त्यतिर युरोपमा पोप पादरीहरू आर्थिक नैतिक रूपले कति धेरै भ्रष्ट थिए भने एकातिर उनीहरू संसारका सबै सुख भोग गरिरहेका थिए भने अर्कातिर जनता भोकमरी, अभाव र रोगले असामान्य रूपमा पीडित थिए तथापि तिनको विरोध गर्ने हिम्मत कसैमा थिएन। उनीहरू आपसमै कतिसम्म परस्पर शङ्का थियो भने कुनै समारोहमा जानुपर्दा आफ्नै भान्से र निजी सहयोगी मात्र हैन, पानीसमेत आफैँ बोकेर जाने गर्थे। त्यही हालत नेपालको भएको छ। सञ्चारमाध्यमबाट आवाज उठेका छन् तर कतै सुनवाइ छैन बरु उल्टै तिनै सञ्चाकर्मीहरूलाई नै राज्यकोषबाट कलो बाँडेर मुख थुन्ने प्रयास भएको छ। भ्रष्टाचार र अपराध कर्ममा चुर्लुम्म डुबेका कर्मचारीतन्त्र, पुलिस र नेताबाहेक तल्लो स्तरका कार्यकर्ता र सञ्चारकर्मीहरूसमेत भ्रष्टाचारको आहालमा लडीबुडी खेल्न थालेका छन्। सतर्कताको चौथो अङ्ग पनि जनता र राष्ट्रका समस्यासँग बेखबर छ। यस्तो चौतर्फी विनाशको अवस्थामा एक मात्र विकल्प मालेमावादको जनतान्त्रिक अभ्यास एकीकृत जनक्रान्ति नै हुनसक्छ।

संशोधनवादी, नवसंशोधनवादी, सारसङ्ग्रहवादी र विसर्जनवादीहरूले आखिर जतिसुकै आरोप लगाए पनि अहिलेको परिस्थितिमा कथित वाम एकीकरणको विकल्पमा सशक्त क्रान्तिकारी शक्तिका रूपमा नेकपाको मूलधार निर्माण भएको छ। समयले कसैसँग पनि लामो प्रतीक्षा गर्दैन। अतः हामीले देश, जनता र क्रान्तिलाई केन्द्रमा राखेर मालेमावादको थप विकाससहितको एकीकृत जनक्रान्तिद्वारा वैज्ञानिक समाजवादको स्थापनाका लागि शीघ्र पहल थाल्नु आवश्यक छ। यसै सन्दर्भमा सबै प्रकारका विसङ्गतिबाट वाक्क भएका तर फेरि पनि नेपालमा क्रान्तिको आवश्यकता महसुस गर्ने सबै सक्रिय वा शिथिल कम्युनिस्टहरू यसैमा एकढिक्का भएर क्रान्तिमा लाग्नु आवश्यक देखिन्छ। विचार वा दर्शन व्यवहारमा रूपान्तरण भएपछि मात्र शक्तिमा परिणत हुन्छ। दर्शनलाई आचरणमा नढालेसम्म त्यसको ज्ञानको कुनै महत्त्व हुँदैन। नेपाली क्रान्तिलाई अघि बढाउने सन्दर्भमा नेता र कार्यकर्ताले मालेमावादलाई इमानदारीपूर्वक दैनिक जीवनको अभिन्न अङ्गका रूपमा अभ्यास गर्न अति आवश्यक छ।

## सामाजिक दलाल ...

जनतालाई छक्याइराखेको छ। एमाले र माओवादी केन्द्र कम्युनिट नै होइनन्।

प्रचण्डको नेतृत्वमा १५।१६ हजार जनता मारिए। हजारौँ बेपत्ता भए भने हजारौँ घायल भए। खै तिनीहरूको हिसाबकिताब ? रगतले साटेर ल्याएको हतियार खै ? तिनीहरूको सपना खै ? के भनेर प्रचण्डले जनयुद्धमा नेतृत्व गरे ? कुन आधारमा छोडे ? विजय सुनिश्चित हुँदाहुँदै बीच बाटोमा ल्याएर प्रचण्डले कार्यकर्तालाई कुकुरले हाड छोडेजस्तै छोड। नेताहरूले भने आलिसान महल बनाउने तर कार्यकर्ताहरूको बस्ने बास छैन। खाने गाँस छैन। बिचल्लीमा छन् उनीहरू। केही नलागेर हजारौँ विदेश पलायन भएका छन्। अरबको खाडीमा पसिना बगाइरहेका छन्। यसरी समृद्धि हुन्छ ? समृद्धि हुन्छ भने नेताहरूको समृद्धि हुन्छ। नयाँनयाँ तरङ्ग, नयाँ लय र नयाँ रडरोगन हुन्छ। संसदीय व्यवस्था असफल भएको देखेर अस्थायी भ्रम नेपाली जनतामा छर्न दलाल नेताहरूले समाजवादको नारा दिएका छन्। वास्तवमा लम्पसारवादी समाजवादी पुँजीवाद भन्नु प्रजातन्त्र र बाम गठबन्धनको एउटै सिक्का हो। उनीहरूको स्वार्थ एउटै छ। लोकमानलाई ल्याउनु र फाल्नु उनीहरूको एउटै स्वार्थ हो– लुटको धन पचाउनु। जबजब पोल खुल्ने डर हुन्छ त्यसबेला महाभियोग लगाएर लोकमानसिंह कार्कीलाई फाल्नु उनीहरूको साझा उद्देश्य थियो। केही कुरा सकारात्मक भए पनि यथास्थितिवादीको साझा अवधारणाअनुसार संविधानको निर्माण भयो। धनको खोलो बग्ने निर्वाचनमा गरिब जनता उठ्नसक्ने अवस्था थिएन। समानुपातिक समावेशीमा पनि धनीमानी वर्ग नै हुन्छन्। राष्ट्रिय सभामा पनि परिवारवादकै बोलवाला छ। जनता उकसमुकुस छन्। हुनेखानेलाई मात्र छ लोकतन्त्र। विचारमा होइन, चाप्लुसी, पदप्रतिष्ठा र धन आर्जनमा चलेका छन् पार्टी। अब एउटै विचार, आस्था र एउटै रणनीति भएका पार्टीहरू ध्रुवीकृत हुनुको कुनै विकल्प छैन। सबभन्दा ठूलो क्रान्ति हो, परिवर्तन हो। समाज रूपान्तरण हो। उत्पीडित जनताको मुक्तिको सवाल हो। सच्चा वामपन्थी, साम्राज्यवाद र विस्तारवादविरोधी देशभक्त शक्तिहरूको एउटै कार्यगत एकता गरेर राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र जनजीविकाका पक्षमा प्रतिक्रियावादविरुद्ध लड्नुको कुनै विकल्प छैन। अहिले ने.क.पा. र क्रान्तिकारी माओवादीबीच ध्रुवीकरण र कार्यगत एकताको सवालमा सहकार्य भैरहेको अवस्था छ। यसमा देशका सचेत युवा, देशभक्त, परिवर्तनकामी बुद्धिजीवी र पत्रकारहरू तथा आधा आकाश ढाक्ने महिला, जातजाति, दलित, उपेक्षित र अल्पसङ्ख्यक वर्गहरू सबै एकढिक्का भएमा अवश्य नै नेपाली क्रान्तिले विजय पाउनेछ।

## एमाले–माके ...

अहिलेको एमालेले २०२८ सालमा सीपी मैनाली, केपी ओलीको नेतृत्वमा वर्गशत्रु सफाया अभियान चलाएको थियो। उनीहरूले नयाँ जनवादी राज्यसत्ता स्थापना गर्दै समाजवादमा जाने लक्ष्य लिएका थिए। तर २०३८ सालदेखि नै संशोधनवादी लाइन समातेको उक्त समूहले राजतन्त्रात्मक संसदीय व्यवस्था अँगालेको थियो। २०४७ सालपछि संसदीय बहुदलीय व्यवस्थाको वकालत गर्दै आएको थियो। एमालेले २०५२ सालबाट सुरु भएको जनयुद्धको धुवाँधार विरोध मात्र गरेन, २०५८ साल मङ्सीरमा तत्कालीन माओवादीविरुद्ध लगाइएको सङ्कटकाललाई समर्थन पनि गरेको थियो। २०६३ सालमा गणतन्त्रको कुरा गर्दा केपी ओलीले बयल गाडामा चढेर वासिङ्गटन जानुसरह भएको प्रतिक्रिया दिएका थिए। ठीक यसैगरी प्रचण्ड नेतृत्वको माओवादीले ८ महिना अगाडिसम्म एमाले र केपी ओलीका विरुद्ध न्वारनदेखिको बल लगाउने गरेको थियो तर विगत असोज १७ गतेदेखि एकताको कुरा चल्यो। पाँच महिनाको दौरानमा यिनीहरूका बीचमा उतारचढाव चलिराखेको थियो। तर फागुन ७ गते मध्यरातमा एकताको आधारमा हस्ताक्षर भएको छ।

यो एकतालाई सबैले निकै रहस्यमय रूपमा हेरेका छन्। यो एकता सरल, सहज र जैविक हैन भन्ने निकै तर्कहरू पेस गरिएका छन्। यो एकताका पछाडि नेपालको स्वतन्त्रता नचाहने, क्रान्तिकारी शक्तिलाई कमजोर बनाउने, राष्ट्रियता र जनतन्त्रलाई धरापमा पार्न चाहने शक्तिको हात रहेको भनिएको छ। पञ्चायत कालदेखि नै आईएनजीओको प्रभाव परेको एमालेमा मूल रूपमा युरोपियन युनियन र भारतीय खुफिया सङ्गठन 'रअ' को प्रभाव रहेको छ। यसैगरी माकेमा पनि भारतीय 'रअ' को प्रभाव रहेको सबैले भन्दै आएको हो। यसरी उनीहरूबीचको अजैविक एकतामा यिनै शक्तिहरूको प्रभाव परेको हुन सक्छ।

## युवाहरुद्वारा ...

नाम 'योङ रेड फोर्स' राखिएको छ। सम्मेलनले ११ बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ। प्रस्तावमा स्थानीय निकायले अन्यायपूर्ण तरिकाले भारी वृद्धी गरेको कर खारेज गर्नुपर्ने र भारतद्वारा निर्मित कोसी बाँध नियन्त्रण कार्यालय हटाउनुपर्ने माग गरिएको छ। यस्तै प्रस्तावमा अरुण तेस्रो र माथिल्लो कर्णाली परियोजना निर्माणमा भारतसँग भएको राष्ट्रघाती सम्झौता एवम् १९५० को असमान सन्धि खारेज गर्नुपर्ने माग गरिएको छ।

सम्मेलन उद्घाटन गर्न पुगेका नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' र पदम राई 'विकास' लाई प्रहरीले गिरफ्तार गरेपछि आइतबार दिनभर विराटनगर तनावग्रस्त बनेको थियो। प्रहरीसँग तनाव उत्पन्न भएपछि बेलुका अबेर सुरु भएको सम्मेलन रातभरि नै चलेको थियो र सोमबार बिहान पाँच बजे नै समापन भएको थियो। सम्मेलनको समापन समारोहमा नवनिर्वाचित सदस्यहरूलाई विरहीले वधाई दिएका थिए।

## नेकपाले ...

पार्टीका नेतालाई बिनाकारण गिरफ्तार गरेको आक्रोसमा तोडफोड र आगजनी गरेका छन्। यता काठमाडौंको बानेश्वरमा पनि बन्दको अबज्ञा गरेको भन्दै वा १ ज ६५०५ नम्वरको माइक्रो बस र अन्य दुईवटा सवारीसाधनमा बन्दकर्ताले तोडफोड गरेका छन्। तोडफोडबाट ट्याक्सी र माइक्रो बसमा क्षति पुगेको हाम्रा काठमाडौं संवाददाताले बताएका छन्।

### बन्दको दिन ठाउँ ठाउँमा बम आतंक

नेपाल कम्युनिस्ट पार्टीले मंगलबार आव्हान गरेको नेपाल बन्दको दिन देशका विभिन्न ठाउँमा बम आतंक सिर्जना भएको छ। यसैगरी झापाको दमक विशाल बजारमा शक्तिशाली बम विष्फोट भएको छ। यस्तै चितवनको टाढीमा पनि शक्तिशाली बम विस्फोट भएको छ। कास्कीको पोखरामा भएको बम विस्फोटबाट दुई जना घाइते भएको वताइएको छ। उता झापाको काकडभित्ता र सिन्धुलीको खुर्कोटमा बम फेला परेपछि त्यसक्षेत्रको बातावरण मंगलवार दिनभर त्रसीत बन्यो। यसैगरी चितवनको जिल्ला प्रहरी कार्यालय नजिकै अर्को बम फेला पर्दा चितवनमा विहान भन्दा दिउसो बन्दको प्रभाव परयो। त्यस्तै यता काठमाडौंको सुन्धारा नजीकै रहेको आरएनएसीमा बम फेला परेको स्थानीयले जानकारी दिएका छन्। त्यसैगरी बाजुरा, बाग्लुङ र पाल्पामा पनि बम विष्फोट भएको समाचार प्राप्त भएको छ। बम बिस्फोटका घटनाहबाट ठूलो मानविय क्षति भने नभएको प्रहरीले बताएको छ।

### बन्दको दिन नेकपासम्वद्ध दर्जनौं गिरफतार

नेकपाले आह्वान गरेको नेपाल बन्दको दिन प्रहरीले देशका विभिन्न ठाउँहरुबाट सो पार्टीका कार्यकर्ता र समर्थकहरुलाई पक्राउ गरेको छ। नेकपा मोरङका सेक्रेटरी उदय राई 'युगेन' र दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य जितेन्द्र मोहरालाई प्रहरीले पक्राउ गरेको छ। यस्तै सुन्दरहरैचा नगरपालिकाको गठियाबाट नेकपाका कार्यकर्ता बालकुमार श्रेष्ठ र गोपाल बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। यस्तै विराटनगरबाट मजदुर नेता सागर राई र युवा जनस्वयंसेवका हरि खडकालाई पनि पक्राउ गरिएको छ। यता काठमाण्डौंबाट नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्च संबद्ध अभियान राई लाई पनि प्रहरीले पक्राउ गरेको छ। यस्तै सोमवार साझ मशाल जुलुस निकाल्ने क्रममा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य गणेश रैकाल सिटिइभिटिइका उपत्यकाका जिल्ला सदस्य सन्तोष खडका लाई पनि प्रहरीले पक्राउ गरेको छ। यस्तै चितवनबाट नेकपाका कार्यकर्ता तेजेन्द्र सापकोटालाई प्रहरीले पक्राउ गरेको छ भने लुम्बीनीबाट ५ जनालाई पक्राउ गरेको खवर छ। यस्तै सुर्खेतबाट विद्यार्थी नेताहरु धनबहादुर नेपाली, कमल बुढा, नेकपाका जिल्ला नेता रत्न बिक तथा डोल्पाबाट गोकर्ण थापा गिरफ्तार परेका छन्। त्यस्तै कंचनपुरबाट नेकपा निकट विद्यार्थी संगठनका नेताहरू र नेकपाका स्थानीय नेताहरु राजेन्द्र बिष्ट, बिरेन्द्र शाह, र मानबहादुर बिष्टलाई प्रहरीले पक्राउ गरेको छ भने प्रहरी सँगको झडपमा विरेन्द्र शाह र कमल बुढा घाइते समेत भएका छन्। बन्दको बेला गाडिमा पुलिस राखेर हिडेको बुढिगण्डकीको ईन्जिनियर चढेको सरकारी गाडी र एक ट्र्याक्टर कंचनपुरमा तोडफोड भएको छ। उता पूर्व झापाको जामुन कन्काई नगरपालिकाको जामुन खाडि मोडमा बन्दको अवज्ञा गर्दै सवारीसाधन चलाएको भन्दै एउटा मालबहाद ट्रकमाथि दिउसो बन्दकर्ताहरुले आगजनी गरेका छन्।

## नेकपाका ...

फिर्ता लिन प्रचण्डलाई आग्रह गरेका छन्। राज्य निकै फासिष्ट शैलीमा दमनमा उत्रिएको र यसबाट खड्क ओली सरकारको दिनगन्ती शुरुभएको किरातीको भनाई छ।

यता जनअधिकार अभियान नेपालले पनि एक प्रेस विज्ञप्ति जारी गर्दै नेताद्वयलाई विनाकारण पक्राउ गरिएको भन्दै आफनो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। जनअधिकार नेपालका संयोजक एकराज भण्डारीद्वारा हस्ताक्षरित विज्ञप्तिमा शान्तिपूर्ण राजनीतिक कार्यक्रममा सरिक हुने, देशभर आवत-जावत गर्ने र व्यक्तिगत स्वतन्त्रता समेतका मौलिक हक लगायतका संवैधानिक, कानुनी एवं आधारभूत मानवअधिकार समेतको ठाडो उल्लंघन गरेको भन्दै जनअधिकार अभियान नेपालले आपत्ति जनाएको छ। जनयुद्धकालको झल्को दिने गरी नेकपाका नेता कार्यकर्ताहरुलाई पक्राउ गर्ने र झुटा मुद्दा लगाउने सरकारको कार्यले मानवअधिकारको गम्भीर उलघङ्न भएको जनअधिकार अभियानले जनाएको छ।

हार्दिक श्रद्धाञ्जली

तामाङ राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिका अध्यक्ष तथा ताम्सालिङ स्वायत्त प्रदेश प्रमुख क.माणिक लामाका पिता **औलत सिंह लामा**को दुःखद निधन भएकोमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।




नेपाल कम्युनिस्ट पार्टी
पूर्वी ताम्सालिङ ब्युरो तथा सम्पूर्ण पार्टी परिवार

नियमित

सन्दर्भ : सहिद सप्ताह

# जनक्रान्तिका सहिद र सहिद परिवार



■ सरला रेग्मी

*'संस्कृतिबिनाको सेना बोधो सेना हुन्छ। बोधो सेनाले दुस्मनलाई परास्त गर्न सक्दैन।' क. माओ*

महान् सर्वहारा सांस्कृतिक क्रान्तिका ती दिनहरूमा जतिबेला क्रान्तिकारी विचार र राजनीतिलाई परास्त गर्न प्रतिक्रान्तिकारीहरूविविध षड्यन्त्रका तानाबाना बुनिरहेका थिएत्यतिबेला निरन्तर क्रान्तिलाई अगाडि बढाउन क्रान्तिकारी विचार र राजनीतिसँग क्रान्तिकारी संस्कृतिलाई पनि सँगसँगै लैजान माओले जोड दिनुभयो र निर्देश गर्नुभयो। हरेक विचारसँग राजनीति अनि संस्कृति हुने गर्छजुन वर्गीयतामा आधारित हुने गर्छ। हरेक क्रान्तिहरू बलिदानका वीरता, धीरता र उत्कृष्ट साहसद्वारा कोरिएका हुन्छन्। त्यसैले भन्ने गरिन्छ 'बलिदान क्रान्तिको ऊर्जा हो।' त्यहीऊर्जाको धरोहरमा निरन्तर अगाडि बढ्ने प्रक्रियामा सहिदहरू वर्गीय हुन्छन्। त्यही वर्गीयताको दृष्टिकोण विचार, नीति, नेतृत्वमा समर्पित गर्ने ती महान् मान्छेहरू नै महान् सर्वहारावर्गका महान् सहिदहरू हुन्जसले यस मक्किएको सामन्ती संरचनाको विचार, राजनीति र संस्कृतिलाई ध्वस्त पारी नयाँ सर्वहारावर्गीय क्रान्तिकारी विचार, राजनीति र संस्कृतिको निर्माण विकासको गतिमा रूपान्तरण हुँदै उच्च बन्दै गइरहेको हुन्छ।

त्यसमा बलिदान गर्ने सहिदहरूका परिवार भन्नाले पहिलो विचार र दृष्टिकोणसँग मूल्याङ्कन गरिनुपर्छ कि सहिदहरू हिँडेको बाटोमा हिँड्न र सहिदको विचारमा प्रतिबद्ध छ कि छैन। दोस्रो नाता सम्बन्ध, जीवनसाथी, आमाबुबा, छोरीछोरा, दाजुभाइ, दिदीबहिनीर बाजेबज्यै दुवैलाई बुझ्नुपर्छ। अरू अगाडि बढेर हेर्दा जसले नाता सम्बन्धको उच्च विचारसहित भूमिका निर्वाह गरेको छ र त्यो बाटोमा प्रतिबद्ध लागिपर्छ, त्यो नाता सम्बन्धलाई अझ विकसित रूपमा लिनुपर्छ। हाम्रो सहिद परिवार समाजले त्यहाँबाट हेर्ने कोसिस गरेको छ।

जनयुद्धलाई मात्र लैङ्गिकताको बलिदानबाट हेर्दा मात्रामा पनि र गुणमा पनि पुरुषहरू नै अगाडि छन्। यसको सारमा जाँदा सामाजिक र बाह्य क्रियाकलापमा पुरुषको बढी वैचारिक सक्रियता, सहभागिता र सत्ता संरचनाकाआधारमा पुरुषलाई दिइएको स्वतन्त्रता, अधिकार र वातावरणबाट हेरिनुपर्छ तर पनि सिङ्गो वर्गयुद्धबाट हेर्दाजनयुद्ध कस्तो बन्न पुग्यो भने यसमा महिलाहरूको बलिदान असोचनीय बन्न पुग्यो तर त्याग र बलिदानको पक्षबाट हेर्दा पुरुषहरूको यातनाको पक्ष र महिलाहरूको यातनाको पक्षमा निकै भिन्नता र पक्षपातपूर्ण रह्यो किनभने लैङ्गिकरूपमा महिला र पुरुषलाई दुस्मनले गिरफ्तार गरिसकेपछि महिलालाई दिइने मनोवैज्ञानिक र शारीरिक यातना सुन्दा, भोग्दा र देख्दा अत्यन्तै घिनलाग्दो, डरलाग्दो र बीभत्सताले भरिभराउ छ। जिम्मेवारीले र विचारले तल भएर पनि त्याग, बलिदानमा पुरुषभन्दा भिन्न र उच्चता कायम गर्न सक्नुले के देखाउँछ भने वैचारिक, स्वतन्त्रता, अधिकार र वातावरणले मात्रा र गुणमा पुरुषसरह महिलाहरूले पनि हैसियत राख्न सक्छन्। माओवादीले त्यसै विज्ञानकाआधारमा चौथो विस्तारित बैठकले र त्यसपछिका दिनहरूमा सामन्ती सङ्कीर्णताको विरासतकाविरुद्ध क्रान्तिकारी निष्कर्ष निकाल्दै अगाडि भनेको छ : 'अत्यन्तै उत्साहप्रद देशव्यापी सक्रियता र पहलकदमीका साथ महिला मोर्चा अगाडि बढिरहेको छ। स्थानीयस्तरमा पहिलेदेखि अद्वितीय सक्रियताका साथ अगाडि बढेको यो मोर्चा तेस्रो योजनाकालबाट केन्द्रीय पहलकदमी पनि उत्साहजनक ढङ्गले बढिरहेको छ। यतिबेला लाखौँ महिलाहरू प्रतिक्रियावादी सत्ताका क्रूरतम् र पाशविक अत्याचारको सामना गर्दै अगाडि बढिरहेका छन्। जनताको पङ्क्तिबाट दर्जनौँ महिला सहिदहरू र सयौँ राष्ट्रिय वीराङ्गनाहरूले जन्म लिएका छन्। महिलाहरूको त्याग, बलिदान, सक्रियता र पहलकदमी वस्तुतः नेपाली जनयुद्धलाई यति तीव्र गतिमा यो उचाइमा ल्याइपुऱ्याउने एक प्रमुख कारण हो। महिलाहरूले देखाएको इमानदारी र त्यागको तुलनामा अझै पनि पार्टीले महिलाहरूलाई नेतृत्वदायी अङ्गमा जिम्मावारी दिन र राजनीतिक ढङ्गले प्रशिक्षित गर्न सकिएको छैन। यसलाई गम्भीरतापूर्वक लिनुपर्छ।'

महिलाहरूलाई दिइएको यातनाको प्रकृतिबाट हेर्दा पनियोनीमा लाठीहरूले घोच्ने, सामूहिक बलात्कार गर्ने, जिउँदै आँखा निकाल्ने, स्तनहरू ताछ्ने, पाठेघरमा बुटहरू र लाठीहरूले कुल्चने, जिउँदै आगो लगाउने अनि पछि मात्र हत्या गर्ने अधिकांश घटनाहरू यसरी भएका छन्। केवल लैङ्गिकरूपमा महिला भएकै कारण सामन्ती पुरुषहरूद्वारा महिला जातिहरू यो यातनाका सिकार भएका छन्। एकाध महिलाहरूबाहेक आममहिलाहरूले यी सबै यातनाको सामना गर्दै सामन्ती सत्तालाई खुला चुनौती दिएका छन् तर पुरुषहरूबाट त्यो खुला सामना महिलाहरूको अनुपातमा प्रतिबद्धता, वीरता, स्वाभिमान जिम्मेवारीको अगाडि पछाडि रह्यो।

यी र यस्तै महान् त्याग, बलिदान र वीरताको सही मूल्याङ्कन र सम्मान गर्न यस संरचनाले कसरी र कति गरिरहेको छ ? यस विषयमा पनि विषयहरू उठ्न र छलफल बहसहरू चल्न जरुरी छ। तथ्य, सत्य र यथार्थ मूल्याङ्कन, सम्मान र योजनाहरू वैज्ञानिक आधारहरूमा हुन सकेनन् भने इतिहास रगतले त लेखिन्छ तर रगतको इतिहास उल्ट्याउनखोज्ने सामन्ती सङ्कीर्णताले रगतको इतिहासलाई दया, माया, कृपा र सहानुभूतिको टोकरीमा केन्द्रित गरिदिन्छ। पुनः इतिहास खोतल्न सयौँ वर्ष लाग्न पनि सक्छ। के हामीले यथार्थ इतिहासलाई खोजी गर्न र जस्ताको तस्तै राख्न सकौँला ? आजको मुख्य विषय सहिद परिवारतिर ल्याउनुपर्छजसले सहिदहरूका त्याग, बलिदान र साहसको सही विश्लेषण गर्दछ।

सर्वप्रथम सहिद परिवारहरूको स्थिति हेर्दा जति सहिद परिवार दया र साहनुभूतिका पक्षबाट महिलाहरूलाई हेर्ने गरिन्छत्यति पुरुषहरूलाई हेर्ने गरिँदैन। जति महिलाहरूले पुनर्विवाह गरेपछि आफूलाई क्रान्तिकारी भन्नेहरूको दिमाग भत्कने र अस्वाभाविक मान्ने गरिन्छत्यति यो नियम पुरुषहरूमा लागू हुँदैन। यसमा पुरानो, नयाँ अथवा प्रतिगामी र अग्रगामी भन्नेहरूबीच खासै भिन्नता देखिँदैन।

वास्तवमा संस्कृति राजनीति र विचारको ऐना हो। सर्वसाधारणहरूले संस्कृतिबाट नै उसको विचार र राजनीति नियाल्ने गर्छन्। हिजो पुरुषहरूलाई १० वटी ल्याउन पनि छूट थियो। आज पनि पुरानो विचार राख्नेहरूमा ठूलो परिवर्तन आएको छैन तर अग्रगामी विचार र राजनीति राख्ने संरचनाभित्रका पुरुषहरूमा पनि सामन्ती सोचाइकै निरन्तरताको क्रमभङ्ग त्यति गहिरो देखिँदैनजति हुनुपर्ने हो। अहिले पनि पुरुषहरूलाई पुनर्विवाह गर्न प्रोत्साहन गर्ने समाज, नेता, कार्यकर्ताको कुनै कमी छैन। अझ पनि पुनर्विवाह गर्न 'फ्रेस' केटी भन्ने कुरा नयाँ संस्कृतिको पुरानो कलात्मक शब्द संयोजनको भन्दा पटक्कै बाहिर छैन। महिलाहरूको सवालमा हिजो बिधुवा भनिने, दया र सहानुभूतिको चुरोमा बुझ्ने अपमान घृणाको घेरा थियो भने आज सहिद परिवारको संज्ञाभित्र, हिजोकै बिधुवा निरन्तरताको पुनरावृत्ति राख्ने विचार हाबी छ। यसबाट के देखिन्छ भने संस्कृति पुनः घुमाएर पुरानै प्रतिबिम्बित भएको छ।

अझ यसलाई गहिरिएर हेर्ने र अध्ययन गर्ने हो भने महिला र पुरुषबीचको यो भिन्नतामा ठूलो अर्थ र यथार्थलुक्न पुगेको छ। यसलाई गम्भीरतापूर्वक अध्ययन गरी चिरेर अगाडि जाने दायित्व क्रान्तिकारीहरूको काँधमा आएको छ। अहिले पनि महिलाहरू वीरवीराङ्गनाहरू ओझेलमा यसरी पनि परेकै छन्। आज सहिद परिवार भनेको श्रीमती, श्रीमान्, छोराछोरी, बुबाआमा, दाजुभाइ, दिदीबहिनी र बाजेबज्यै आदि हो तर सहिद परिवार भनेर सबैभन्दा पहिले सहानुभूतिपूर्वक महिलालाई चिनाउने गरिन्छ तर पुरुषलाई चिनाउने गरिँदैन, न त सहानुभूति नै राखिन्छ। यसले एउटा त सामन्ती संरचनामा महिला र पुरुषको स्थान बुझाउने परम्पराको निरन्तरताको नजिक छ। श्रीमती सम्मानित हुँदा दया र सहानुभूति प्राप्त गर्दा पुरुषहरूको सोधखोज बुझाइ, गराइ, अध्ययनतिर केन्द्रित गर्दछ। पुरुषहरूको मात्र वीरता, स्वाभिमान र इतिहासको अध्ययन बन्न पुग्दछ। त्यस तरिकाले महिलाहरूलाई गर्वित, उत्साहित र गम्भीर त बनाउँछ, यो राम्रो कुरा हो र यो हुनुपर्छ तर सहिदहरूलाई पक्षपाती, एकात्मक लैङ्गिक पक्षधरता, जड-सङ्कीर्ण गतिहीन बनाएर होइन, खुला, विशाल, गतिशील अग्रगामी, यथार्थ र वैज्ञानिक बनाएर मात्र हामी २१ औँ शताब्दीका क्रान्तिकारी नयाँ मान्छेहरू बन्न सक्छौँ। क्रान्तिकारीहरूले भत्काउन र निर्माण गर्ने आँट गर्नैपर्छ।

(जनयुद्धकालीन लेख)

# जनयुद्धका घाइते योद्धाहरूलाई भव्य सम्मान

■ रमाकान्त बास्तोला/पोखरा




२३ औँ जनयुद्ध दिवस मनाइरहेको नेपाल कम्युनिस्ट पार्टीको गण्डक ब्युरोले विगतको दसबर्से जनयुद्धका क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, लामो समय सैनिक हिरासत एवम् जेल जीवन बिताउने, जनयुद्धका क्रममा घाइते योद्धाहरूलाई सम्मान गरेको छ। पोखरामा शनिबार आयोजित कार्यक्रममा २७ जना तत्कालीन माओवादीका नेता तथा कार्यकर्ताहरूलाई सम्मान गरेको हो। उनीहरूलाई नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य वीरजङ्गले दोसल्ला ओढाएर सम्मान गरेका थिए।

नेकपाले सम्मानित गरेका व्यक्तिहरूमा जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलका बुबा सेते रम्तेल, जनयुद्धका क्रममा माओवादीको उच्च तहबाट सहिद हुने तत्कालीन माओवादीका वैकल्पिक पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' का छोरा दीपक वाग्ले, लामो समय जेलजीवन बिताएका हाल माओवादी केन्द्रका नेता झलकपाणि तिवारी, बेपत्ता खोज अभियानकी अभियन्ता एवम् बेपत्ता अखिल क्रान्तिकारीका तत्कालीन महासचिव पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल रहेका छन्। त्यस्तै जनयुद्धका क्रममा घाइते भई अपाङ्गसमेत बनेकी पत्रकार गोमा घिमिरे रुचि, जनयुद्धका क्रममा चार सन्तान गुमाएका होमनाथ अधिकारी, जनयुद्धको पहिलो बेपत्ता योद्धा फणिन्द्र सिंखडाकी जीवनसंगिनी राधिका सिंखडा, लामो समयदेखि वामपन्थी एवम् माओवादी आन्दोलनमा सक्रिय नेता भक्तिप्रसाद लामिछाने, गम्भीर घाइते एवम् जेल जीवन बिताएकी गोर्खाकी भीमकुमारी राना सपना र स्याङ्जा मनकामना भिडन्तमा पार्टीलाई महत्वपूर्ण सहयोग गर्ने योद्धा खुमती तमुलाई पनि नेकपा गण्डक ब्युरोले सम्मान गरेको छ।

यसैबीच नेकपाको गण्डक ब्युरोले जनयुद्धलाई पहिलोपटक थ्रीनट थ्री राइफल उपहार दिने मनाङका गणेशबहादुर गुरुङ तथा लामो समयदेखि निरन्तर क्रान्तिमा सहभागी हुने भीमबहादुर चिलवाल, लामो समय जेल जीवन बिताउने कमलनाथ खनाल, युद्धका क्रममा घाइते भई मरेको भन्दै गाड्न तयारी गरिएको अवस्थामा जीवित भेटिएपछि फर्काएर उपचार गरिएका मेखबहादुर विक पहाड, धादिङ गजुरी ब्यारेक ब्रेकका योद्धा राजु क्षेत्री, गोर्खा जेल ब्रेकका योद्धाहरू उमा भुजेल शिलु, कमला नहर्की तथा सञ्जु अर्याल निशालाई पनि सम्मान गर्ने घोषणा गरेको छ। त्यस्तै माओवादी केन्द्रकी प्रदेश सभा सदस्य आशा खनाल कोइराला, लामो जेलजीवन बिताउने तनहुँका कृष्ण गुरुङ, गोर्खाका रामभक्त पौडेल, स्याङ्जाका लक्ष्मी पौडेल र कल्पना अर्याल, अपाङ्ग कृष्णप्रसाद भट्टराई, सहिद प्रकाश रिजाल वसन्तकी पत्नी एवम् घाइते गोर्खाकी सुनिता रेग्मी योजना, जनयुद्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पूर्णबहादुर तमु डाँफे बालाई पनि सम्मान गरिने जनाइएको छ।

कार्यक्रममा नेकपाका पोलिटब्युरो सदस्य वीरजङ्गले अब क्रान्ति कुनै पनि बहानामा नरोकिने, क्रान्ति पूरा गरेरै छाडिने प्रतिबद्धता व्यक्त गरे। उनले गरिब, किसान, मजदुर, सुकुमबासीलगायत सर्वहारावर्गका पक्षमा नेपालमा चलिरहेको क्रान्तिमा आफू सक्दो सहयोग गर्न पनि सबैलाई आह्वान गरे।

कार्यक्रममा सम्मानित हुनेहरूले नेपालमा क्रान्ति पूरा नभएको कुरामा जोड दिँदै क्रान्तिकारी शक्तिहरू एकजुट भएर लड्नुको विकल्प नरहेको बताएका थिए। उनीहरूले दसबर्से जनयुद्धका कारण मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आए पनि जनयुद्धका क्रममा सहिद भएका परिवार तथा घाइतेहरूको उचित व्यवस्थापन हुन नसकेको, गरिब, किसान, मजदुर, सुकुमबासीलगायत सर्वहारावर्गका पक्षमा कुनै काम हुन नसकेकोमा दुःख व्यक्त गरे।

# जीवन विकास र हिमालमाथि कारबाही




■ रातो खबर संवाददाता/

झापाको दमकमा रहेको 'जीवन विकास' नामक बित्तीय संस्थाको कार्यालयका सम्पूर्ण सामाग्रीहरु नेकपा सम्बद्ध स्थानीय युवाहरुले नियन्त्रणमा लिएर नष्ट गरिदिएका छन्। जनतामाथि चर्को ब्याज थोपर्ने र बाध्यकारी ऋण असुली गरिरहेको भन्दै वित्तीय संस्था (झोला बैंक) माथि कारबाही गरिएको उनीहरुले बताएका छन्। सुदखोरहरुको कारण पीडित बनेका गरिब जनताहरुको उजुरी र कारबाहीको माग अनुसार यही आइतबार 'जीवन विकास' माथि कारबाही गर्नुपरेको नेकपा स्रोतले जनाएको छ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीले काभ्रेको पाँचखाल नगरपालिका ४ मा रहेको हिमाल सिमेन्टको ४० रोपनी जग्गा आइतबार बिहान कब्जा गरेको छ। पार्टीको ब्यानर र झण्डासहित पुगेका नेकपाका कार्यकर्ताले सरकारी जग्गा भू-माफियाहरुको मिलोमतोमा किनबेच गरी नीजि बनाएको भन्दै कब्जा गरेका हुन्। कब्जा गरिएको जग्गामा 'सरकारी जमिन सुकुम्बासीलाई वितरण गर' भन्ने नारा लेखिएको ब्यानर राखिएको नेकपा काभ्रे जनाएको छ।

पोखरा, चितवन, काठमाडौं, बुटवल, लुम्बिनी, वालिङ र दिल्ली आरामदायी र भरपर्दो एसी, नन एसी बस सेवा उपलब्ध छ।




Contact:
Pokhara : 061521653
Chitwan : 9845109801

SANJOG TRAVELS (P) Ltd.

नेपाल सरकार
कृषि विकास मन्त्रालय
व्यवसायिक कृषि तथा व्यापार आयोजना
सल्लाघारी, महाराजगंज, काठमाडौं

यस आयोजनाको म्याद २०७५ साल असार १५ गते समाप्त हुने र अझै पनि कतिपय उपआयोजनाहरु कार्यान्वयनको विभिन्न चरणमा रहेका छन्। यसर्थ ती उपआयोजनाहरु समय सिमाभित्रै सम्पन्न गरी सम्झौता बमोजिम किस्ता भुक्तानी लिनु हुन अनुरोध छ। सम्बन्धित आयोजनाको समाप्ती पछि कुनै पनि अधुरो कार्यहरुको जिम्मेवारी दातृ निकाय, आयोजना र नेपाल सरकार कसैले पनि लिन नसक्ने भएकोले समयसिमा भित्रै सम्पन्न गरी भूक्तानी लिन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।



Study in Australia

• Study at globally reputed universities and colleges
• Choose from a wide range of courses with study options

IELTS CLASSES AVAILABLE

SCHOLARSHIPS AVAILABLE

CERTIFIED ISO 9001:2008 COMPANY
THE NEXT Education Consultancy Pvt. Ltd.
PIER Qualified Education Agent Counsellor QEAC No: J130
NAAER

Putalisadak (way to Dillibazar), Kathmandu, Nepal
T: 4427241,4010522, 4010523, E: info@thenext.edu.np, W: www.thenext.edu.np
AUSTRALIA: Suit 217, 185 Elizabeth Street, Town Hall Sydney NSW, Australia, T: +61292863443
BUTWAL OFFICE: Milanchowk 11, Butwal, T: 071-540737 / 550737
CHITWAN OFFICE: Lions Chowk, Narayangarh, T: 056-571091
POKHARA OFFICE: Chipledhunga-Pokhara, T: 061-539544

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ